# पञ्चपुरी नगरपालिकाको
# विद्यालय शिक्षा क्षेत्र योजना, २०८०–२०८४

**पञ्चपुरी नगरपालिका**
**शिक्षा, युवा तथा खेलकुद शाखा**
**वावियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश**
**नेपाल**

Email: educationppn2077@gmail.com

# पञ्चवर्षीय शिक्षा योजना

Five Year's Education Plan

(२०७९/०८०- २०८४/०८५)

## योजना निर्माण समिति

संयोजक- श्री लालविर भण्डारी (प्रमुख)
सदस्य- श्री मुत्तिदेवी रेग्मी पुरी (उपाप्रमुख)
सदस्य- श्री गोकर्णनाथ योगी (प्रमुख प्रशासकिय अधिकृत)
सदस्य-श्री याम बहादुर वि सी (सामाजिक विकास समिति संयोजक)
सदस्य- श्री वीरेन्द्र कुमार जोशी
सदस्य- श्री हरिप्रसाद ढकाल
सदस्य- श्री नविन कुमार थापा
सदस्य- श्री द्रोणराज पाठक
सदस्य- श्री विमला पाण्डे
सदस्य- श्री लाल बहादुर सुवेदी
सदस्य सचिव- श्री तुल्सी पुरी वन (शिक्षा अधिकृत)

## परामर्श सहयोग

रोशनी कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा. ली.
पञ्चपुरी ५,वावियाचौर, सुर्खेत


## प्रकाशक

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
वावियाचौर,सुर्खेत

# मेरो दुई शव्द

नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई मौलिक हकको रुपमा आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । त्यस्तै संविधानको अनुसुची ८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र राखेको छ । यसर्थ राज्यले सबै नागरिकलाई अनिवार्य शिक्षा उपलव्ध गराउनु अनिवार्य देखिन्छ । देश संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यावस्थामा गएसंगै ७ वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकारको स्थापना भएको छ । स्थानीय सरकारको आगमनसंगै आ-आफ्नो स्थानीय तहको मौलिक विशेषतालाई समेटेर विकास निर्माण,शिक्षा,स्वास्थ्य तथा पालिकाको समग्रपक्षको विकासको लागि प्रत्येक स्थानीय तहले आफ्नो छुट्टै योजना बनाएर अगाडी वढी रहेका कुरा तपाँई हाम्रो अगाडी प्रष्टै छ । पञ्चपुरी नगरपालिकाको आधारभूत आवश्यकतालाई प्राथमिकिकरण गरेर नगरपालिकाको समग्र पक्षको व्यवस्थित विकासको लागि योजना अपरिहार्य छ । जुन कुराको शुरुवात हाम्रो शिक्षा क्षेत्रबाट भएको छ । नेपाल राज्यका शिक्षा क्षेत्रका विद्यमान विकास योजना लगायतका मूल नीतिलाई आधार वा मार्गदशर्कको रुपमा लिई पञ्चपुरी नगरपालिकाको **५ वर्षे विद्यालय शिक्षा क्षेत्र योजना** तयार भएकोमा खुसि लागेको छ ।

पञ्चपुरी नगरपालिकाको यस शिक्षा योजनाले कुनै पनि नागरिकलाइ शिक्षाबाट वञ्चित नगरी , लैंगिक समतामुलक शिक्षा, गुणस्तरिय शिक्षा, समावेशी शिक्षा , महिला शिक्षा ,सीप तथा रोजगारमुलक व्यभारिक शिक्षामा जोड दिने छ । र शैक्षिक पूर्वाधार निर्माणको क्षेत्रमा पनि अपाङगता मैत्री, बाल मैत्री पूर्ण वातावरण भएका भौतिक संरचनाहरुको विकास गर्ने छ । यस शिक्षा क्षेत्र योजनाले विद्यालय पहुँच भन्दा बाहिर रहेका बालवालिकाहरुलाई विद्यालयभित्र ल्याउन , विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न, सिकाई उपलव्धी वृद्धि गर्न, प्रविधिमैत्री शिक्षा, विद्यालयमा सुशासन, शिक्षकहरुको क्षमता विकास, र शिक्षामा अधिकतम लगानी वृद्धि गर्ने कुरामा म पूर्ण रुपमा विश्वस्त रहेको छु ।

**"समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर"** भन्ने यस पञ्चपुरी नगरपालिकाको मूल नारालाई पुरा गर्नका लागि यस शिक्षा योजनाले टेवा पुग्नेछ भन्ने विश्वासका साथ यस नगरपालिकाको शिक्षाको विकासलाई गुणात्मक तरिकाले अगाडी वढाउन सहयोग गर्नेछ भन्ने शुभकामना दिन चाहान्छु।

लालविर भण्डारी

प्रमुख

# मेरो दुई शव्द

पञ्चपुरी नगरपालिकाको समग्र शैक्षिक विकासलाई दिशानिर्देश गर्ने उद्देश्य सहित यस पञ्चवर्षीय शिक्षा योजना निर्माण भएकोमा ज्यादै खुसी लागेको छ । शैक्षिक विकासको दुरदृष्टि बोकेको यस शिक्षा योजनाले नगरपालिकाको शैक्षिक गुणस्तर सुधार एवम् विकासका लागि महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु ।

नेपाली जनताको त्याग, तपस्या र बलिदानीले मुलुकमा गणतान्त्रिक राज्य व्यवस्थाको प्राप्ति भएसंगै संविधान सभाबाट बनेको नेपालको संविधान, २०७२ ले शिक्षालाई नागरिकको नैसर्गिक अधिकारको रुपमा स्थापित गरेको छ । त्यतिमात्रै हैन नेपालको वर्तमान संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको एकल अधिकार स्थान तहमा प्रत्यायोजन गरेसंगै आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने दायित्व र जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भइ आएको छ । संवैधानिक रुपमा अधिकार प्रत्योजन भएतापनि स्पष्ट योजना, नीति नियम तथा कानूनको अभावले गर्दा अहिले शिक्षा क्षेत्रमा अस्तव्यस्तता एवम् अन्यौलता देखिएको छ । तिनै शिक्षा क्षेत्रमा देखिएका शैक्षिक अन्यौलता र व्यतिथिहरुलाई व्यवस्थापन एव समाधान गर्नका लागि एउटा उपयुक्त योजनाको आवश्यकता पर्ने महसुस गरी पञ्चपुरी नगरपालिकाले यो पञ्चवर्षीय शिक्षा योजना (२०७९/०८०-२०८४/०८५) तयार पारेको छ । यस योजनाको निर्माण भएसंगै यसमा समेटिएका शैक्षिक , भौतिक,मानवीय, आर्थिक लगायत समग्र शिक्षा प्रणालीलाई व्यवस्थित ,सुदृढ एवम गुणस्तरीय बनाउदै यहाँको शिक्षालाई एक निश्चित सु- गन्तव्य सम्म पुऱ्याउने विश्वास लिएको छु ।

"समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर" भन्ने मूल नारा बोकेको यस पञ्चपुरी नगरपालिकाले पालिका स्थापना भएको वर्षदेखि नै विद्यालय शिक्षाको विकास तथा सुधारका लागि विभिन्न शैक्षिक कार्यक्रमहरुमा जोड दिदै आएको छ । विद्यालयको भौतिक पूर्वाधार विकास,न्युन शिक्षक भएका विद्यालयहरुमा पालिका अनुदानका शिक्षक दरबन्दिको व्यवस्थापन, बालविकास केन्द्रहरुको स्थापना तथा बालविकास सहजकर्ताहरुको व्यवस्थापन, कक्षाकोठा व्यवस्थापन तथा सुधार ,शिक्षक तालिम कार्यक्रम,शैक्षिक सामग्री व्यवस्थापन तथा नियमित विद्यालय अनुगमन, पृष्ठपोषण तथा मूल्याङ्कन लगायतका विविध शैक्षिक कार्यक्रमहरुलाई यस नगरपालिकाले उच्च प्राथमिकतामा राखेर कार्य गर्दै आएको कुरा अवगत गराउन चाहन्छु । त्यसैगरी यस योजनाले पनि विगतका कार्यहरुको समिक्षा गर्दै विद्यमान राम्रा कार्यक्रमहरुलाई नछुटाउने गरी शिक्षाका विभिन्न उपक्षेत्रगत रुपमा शैक्षिक क्रियाकलापहरु समावेश गरी यो योजना तयार पारिएकाले आगामी दिनहरुमा सञ्चालन हुने शैक्षिक कार्यक्रमहरु थप योजनाबद्ध, सु-व्यवस्थित, लाभदायी एवम् प्रभावकारी हुने कुरामा कुनै दुइमत छैन । साथै यस योजनाको कार्यान्वयनका लागि विभिन्न साझेदार निकायहरुसँग पनि समन्वय,सहकार्य र साझदारी गरिने भएकाले योजनामा समावेश भएका शैक्षिक क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयनमा सहजता हुने अपेक्षा राखेको छु ।

"**समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर**" भन्ने यस पञ्चपुरी नगरपालिकाको मूल नारालाई पुरा गर्नका लागि यस शिक्षा योजनाले टेवा पुग्नेछ भन्ने विश्वासका साथ यस नगरपालिकाको शिक्षाको विकासलाई गुणात्मक तरिकाले अगाडी वढाउन सहयोग गर्नेछ भन्ने शुभकामना दिन चाहान्छु।

मत्तिदेवी रेग्मी पुरी
उपप्रमुख

# मेरो दुई शव्द

नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई मौलिक हकको रुपमा आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । त्यस्तै संविधानको अनुसुची ८ मा आधारभुत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको उल्लेख गरेको छ । संविधान र कानूनले अंगिकार गरेको व्यवस्थालाई आत्मसाथ गर्दै समाज परिवर्तनको वहाक भनेकै शिक्षालाई समय सापेक्ष, वैज्ञानिक, सीपमुलक, रोजगारमुलक बनाउदै समाजवाद उन्मुख राष्ट्रनिर्माणको बलियो आधारको रुपमा शिक्षालाई विकास गर्दै लैजानु आजको आवश्यकता हो । राज्यले अन्तराष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धता, दिगो विकासको लक्ष्य, पन्ध्रौं योजना, कर्णाली प्रदेशको पञ्चवर्षिय योजना, राष्टिय विद्यालय क्षेत्र विकास योजना लगायतका मुल नीतिलाई आधार वा मार्गदशर्कको रुपमा लिई पञ्चपुरी नगरपालिका, दैलेखको **५ वर्षे विद्यालय शिक्षा क्षेत्र योजना** तयार गर्न लागिएकोमा खुसि लागेको छ ।

यसै सन्दर्भमा पञ्चपुरी नगरपालिका सुर्खेतको शैक्षिक प्रणालीलाई सहज र व्यवस्थित रुपमा संचालन गर्नका लागि सबैभन्दा पहिला विद्यालय पहुँच भन्दा बाहिर रहेका बालवालिकाहरुलाई विद्यालयभित्र ल्याउनु, विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्नु, सिकाई उपलव्धी वृद्धि गर्नु, प्रविधिमैत्री शिक्षा, विद्यालयमा सुशासन, शिक्षकहरुको क्षमता विकास, भौतिक पूर्वाधारका संरचना निर्माण र शिक्षामा अधिकतम लगानी वृद्धि गर्नु जस्ता कुराहरुलाई अग्रस्थानमा राख्नु जरूरी देखिएको छ । राष्टिय स्तरमा वनेका योजनाले ग्रामिण तहका पक्षहरुलाई समेटन् नसकेकै कारण हाल संघ, प्रदेश र स्थानीय तहको सरकारले साझा र एकल दुवै अधिकारको रुपमा बोध गरी विद्यालय शिक्षा क्षेत्र योजनाको निर्माण गरि कार्यान्वयन गर्नु आजको आवश्यकता देखिन्छ । यस नगर शिक्षा क्षेत्र योजना पूर्णरुपमा कार्यान्वयन गरि पञ्चपुरी नगरपालिकालाई ५ वर्षमा यसले लिएका लक्ष्य र उद्देश्य पुरा भई शैक्षिक गन्तव्यको रुपमा विकास हुने कुरामा विश्वस्त रहेकोछु ।यस पञ्चपुरी नगरपालिकाको विद्यालय शिक्षा क्षेत्र विकास योजना निर्माणका क्रममा केही कुराहरु छुटेका वा दोहोरिका पनि हुन सक्दछन्, योजना कार्यान्वयनको क्रममा देखिएका विभिन्न समस्याको समाधान गर्दै प्राप्त हुन आएका सकारात्मक सुझावहरुलाई समेत समेट्दै पूर्णरुपमा कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु । यस कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने जनप्रतिनिधि, शिक्षा, यूवा तथा खेलकुद शाखा, शिक्षक तथा यस कार्यमा सहयोग गर्नु हुने विभिन्न सरोकारवालाहरु सबैलाई हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्न चहान्छु ।

गोकर्णनाथ योगी
प्रमुख प्रशासक अधिकृत

# मेरा दुई शव्द

योजना एक मार्गदर्शन हो । निश्चित उद्देश्य प्राप्त गर्नका लागि उपलव्ध स्रोत साधनको समुचित परिचालन गरी निश्चित अवधिमा लक्षित उपलव्धि हासिल गर्न गरिएको प्रयत्नलाई योजना भनिन्छ । योजना नीतिको अंश हो । नीतिकै आधारमा योजना तयार गरिन्छ । योजना खास गन्तव्यतिर जाने मार्ग चित्र हो ।

नलगाड नगरपालिकाको विद्यालय शिक्षा क्षेत्र योजना, २०८०/२०८४ शिलिशिलाबद्ध रुपले पञ्चपुरी नगरपालिकाको शिक्षा क्षेत्रको विकास गर्नको लागि समग्र विकासमा प्रत्यक्ष जोडिने स्थानीय सरकार  तथा शिक्षा क्षेत्रमा सरोकार राख्ने सम्पूर्ण बुद्धिजिवीहरु,प्रधानाध्यापकहरु, शिक्षकहरु, राजनीतिक नेतृत्व, आम जनता तथा शिक्षा क्षेत्रका कर्मचारीहरुको प्रत्यक्ष तथा अप्रत्क्ष संलग्नतामा तयार पारीएको छ । यस योजनाले पञ्चपुरी नगरपालिकाको भु-धरातल, सस्कृति तथा जातिगत विशेषताहरुलाई मध्यनजर गरेर नगरपालिकाको शिक्षाको वस्तुगत अवस्थालाइ समेटेको छ ।

यस पञ्चवर्षिय विद्यालय शिक्षा क्षेत्र योजनाले यस नगरपालिकाका सबै बालबालिकालाई विद्यालय शिक्षाको पहुँच सुनिश्चित गर्नेछ । विद्यालय शिक्षामा गुणस्तर कायम गर्दै शिक्षालाइ प्रविधिमैत्री वनाउनेछ । विद्यालय छोड्ने र कक्षा दोहोराउने दर घटाई विद्यार्थीको सिकाई उपलब्धि बढाउने छ । प्राविधिक तथा व्यवसायिक शिक्षमा नगरपालिका भित्रका मानिसको पहूँच विस्तार र पालिकाको शैक्षिक गतिविधी चुस्त दुरुस्त गराउने कुरामा कोशेढुङ्गा सावित हुने  कुरामा आशा गर्न सकिन्छ ।

योजना निर्माण कार्य आफैमा एउटा सामुहिक कार्य हो । पञ्चपुरी नगरपालिकाको योजना निर्माणमा सहयोग गर्नु हुने यस नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा सम्पूर्ण सरोकारवालाहरुमा कृतज्ञता प्रकट गर्न चाहान्छु । शिक्षा योजना निर्माणका लागि प्राविधिक सहयोग प्रदान गर्नु हुने रोशनी कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा लीका तेज प्रकाश रिमाल सरको सहयोग सदा स्मरणीय छ । योजना निर्माणका क्रममा आवश्यक सल्लाह तथा सुझाव दिनुहुने पेशागत महासंघ तथा शिक्षकहरुका संघसंगठनलाई धन्यवाद दिन चाहान्छु ।

यस कार्यलाई त्रुटी रहित वनाउने हर प्रयास गरेता पनि केही कमी कम्जोरी भएमा क्षमा प्राथिका साथै रचनात्मक सल्लाह सुझावको अपेक्षा राख्दछु । धन्यवाद

तुल्सी पुरी वन
शिक्षा अधिकृत (छैठौं)

# विषयसूची

विषयसूची

**परिच्छेदः १, परिचय ........ १-९**

**१.१पृष्ठभूमि ........ १**
**१.२ शिक्षा क्षेत्रमा देखा परेका मूख्य समस्या र चुनौतीहरु ........ ७**
**१.३ शिक्षा क्षेत्रका अवसरहरु ........ ८**

**परिच्छेदः २, लक्ष्य निर्धारण ........ १०-१८**

२.१ सन्दर्भ र औचित्य ........ ERROR! BOOKMARK NOT DEFINED.
२.२ दीर्घकालीन राष्ट्रिय सोच ........ ११
२.३ स्थानीय तहको दीर्घकालीन सोच तथा गन्तव्य ........ ११
२.४ लक्ष्य (GOAL) ........ ११
२.५ उद्देश्यहरू ........ ११
२.६ रणनीतिहरू ........ १२
२.७ कार्यनीतिहरू ........ १३
२.८ अपेक्षित उपलब्धिहरु ........ १४
२.९ प्रमुख उपलब्धि सूचकहरू (KEY PERFORMANCE INDICATORS-KPI) ........ १६

**परिच्छेदः ३, शिक्षाका उपक्षेत्रहरू ........ १९-६१**

**३.१ प्रारम्भिक बालविकास र शिक्षा** ........ १९-२४
**३.२ आधारभूत शिक्षा** ........ २४-३१
**३.३ माध्यमिक शिक्षा** ........ ३२-३७
**३.४ पाठ्यक्रम र पाठ्यसामाग्री** ........ ३८-४४
**३.५ शिक्षक व्यवस्थापन र विकास** ........ ४५-५०
**३.६ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ** ........ ५१-५५
**३.७ प्राविधिक तथा व्यवसायिक शिक्षा** ........ ५६-६१

**परिच्छेदः ४, अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु ........ ६२-९०**

**४.१ शैक्षिक समता र समावेशिकरण** ........ ६२-६७
**४.२ दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम** ........ ६८-७४
**४.३ आपतकालीन तथा सङ्कटपुर्ण अवस्थामा शिक्षा** ........ ७५-८०
**४.४ विद्यालय भौतिक पूर्वाधार विकास** ........ ८१-८५
**४.५ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि** ........ ८६-९०

**परिच्छेद ५: सुशासन र व्यवस्थापन ........ ९१-१००**

**५.१ संस्थागत संरचना र क्षमता विकास** ........ ९१-९४
**५.२ स्थानिय शिक्षा योजना कार्यान्वयन,अनुगमन तथा मूल्यांकन** ........ ९५-१००

**परिच्छेद ६: स्रोत र लगानीव्यवस्थापन ........ १०१-१०५**

**परिच्छेद ७: मुख्य मुख्य क्रियाकलाप र उपलब्धी सूचक ........ १०६-१३४**

**७.१ वित्तिय योजना** ........ १०६-१२४

**७.२ कार्यक्रम तथा नतिजा खाका (PROGRAM AND RESULTS FRAMEWORK-PRF** ........ १२५–१३४

**सन्दर्भ सामग्रीहरू ........ १३४**

## कार्यकारी सारांश

"समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर" भन्ने मूल नारा बोकेको पञ्चपुरी नगरपालिका कर्णाली प्रदेश अन्तर्गतको सुर्खेत जिल्लामा अवस्थित ३२९.९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको एक विकासशील स्थानीय तह हो। नगरपालिकालाई समृद्ध र सुन्दर बनाउने एउटा महत्वपूर्ण आधारको रुपमा रहेको शिक्षा क्षेत्रको विकास तथा गुणस्तर सुधारका लागि मुख्य दस्ताबेजका रुपमा यस पञ्चवर्षीय शिक्षा योजना तयार पारिएको हो। नेपालमा भएको राजनीतिक परिवर्तनपछि नेपालको संविधान २०७२ मा व्यवस्था भएबमोजिम अनिवार्य र नि:शुल्क शिक्षाको सफल कार्यान्वयनका कार्यक्रमहरु यस योजनामा समेटिएका छन्। संवैधानिक व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेका स्थानीय तहका शिक्षा सम्बन्धी अधिकारहरुको कार्यान्वयनका लागि यस गाउँपालिकाले विगतका वर्षहरुमा विद्यालयको भौतिक, शैक्षिक, आर्थिक तथा मानवीय स्रोत र साधनको विकास,व्यवस्थापन तथा सुधार र सुरक्षाका लागि विभिन्न कार्यक्रमहरु गर्दै आएको छ। शिक्षा ऐन, नियमावली र कार्यविधिहरु निर्माण,विद्यालय भौतिक पूर्वाधार निर्माण तथा सुधार,कम शिक्षक दरबन्दि भएका विद्यालयहरुमा पालिका अनुदानका शिक्षक व्यवस्थापन, शिक्षक क्षमता विकासका क्रियाकलाप, शैक्षिक सामग्री व्यवस्थापन, विद्यार्थी छात्रवृत्ति वितरण, उत्कृष्ट शिक्षक सम्मान, स्थानीय पाठ्यक्रम निर्माण जस्ता मुख्य कार्यक्रमहरु यस पालिकाले कार्यान्वयन गर्दै आएको छ। जसबाट विद्यालय शिक्षामा समतामूलक पहुँच, टिकाउ दरमा वृद्धि, भौतिक पूर्वाधारमा सुधार, विद्यालयमा सूचना प्रविधिको विस्तार, समावेशी र समतामूलक शिक्षा, बालमैत्री विद्यालय र विद्यालय शान्ति क्षेत्र घोषणा जस्ता क्षेत्रमा उल्लेख्य प्रगति भएको पाइन्छ।

नेपालको संविधान २०७२ अनुसार आधारभूत शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक शिक्षा निशुल्क हुने व्यवस्था भएतापनि त्यसको सफल कार्यान्वयन हुन नसकेको अवस्था छ। संबैधानिक रुपमा आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहमा स्थापित गरिएको भएतापनि हालसम्म स्पष्ट ऐन कानून नबन्नु, सामुदायिक विद्यालयहरुमा न्यूनतम शिक्षक दरवन्दीको अभाव हुनु, वर्तमान शिक्षा प्रणालीले आर्थिक, सामाजिक , भाषिक लगायतका सांस्कृतिक विविधता र पहुँचको सम्वोधन गर्न नसक्नु,सार्वजनिक शिक्षाको गुणस्तर सुधारका लागि गरिएको लगानी न्यून हुनु, समसामयिक रुपमा विद्यालय नक्साङ्कन पुनर्स्थापना र पुनर्वितरण गर्न नसकिनु, बालबालिकाहरुको सिकाइको निम्ति अभिभावकहरुलाई सक्रिय नबन्नु,सामुदायिक विद्यालयहरुको सिकाइमा आधुनिक सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्न नसकिनु,शिक्षकहरुको पेसागत सहयोग तथा क्षमता विकासका कार्यक्रमहरु न्यून मात्रामा सञ्चालन हुनु,विद्यालयमा अझैं पनि शान्ति क्षेत्रको रुपमा व्यवस्थित गर्न नसकिनु,विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोडन नसकिनु, विद्यार्थीहरुको सिकाइलाई दैनिक जीवनसँग आवद्ध गर्न कठिनाइ हुनु जस्ता मुख्य समस्था तथा मुद्धाहरु शिक्षा क्षेत्रमा विद्यमान रहेको पाइन्छ।

डुङ्गेश्वर गाउँपालिकाको शैक्षिक विकासका लागि कोशेढुङ्गा मानिएको यस पञ्चवर्षीय शिक्षा योजनाको मूख्य उद्देश्य सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु गर्दै अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु रहेको छ। यसका साथै योजना अवधिभरमा नगरपालिकालाई अनौपचारिक, वैकल्पिक र जीवनपर्यन्त निरन्तर शिक्षाका माध्यमबाट पूर्ण साक्षर नगरपालिका बनाउनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायीक सिप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्ने समेत उद्देश्य लिएको छ। यसैगरी विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास तथा बालमैत्री वातावरण र भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने एवम् आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सिकाइलाई निरन्तरता दिने जस्ता कुराहरु समेत यस योजनाको उद्देश्यको रुपमा रहेका छन्।

परिवर्तनशील र युग सुहाँउदो शिक्षाका माध्यमबाट व्यक्ति, समाज र राष्ट्रको समग्र विकासमा योगदान पुर्‍याउन सकिने हुनाले उपयुक्त शिक्षाका लागि विद्यालय शिक्षाको व्यवस्थापकीय, शैक्षिक, प्रशासनिक तथा आर्थिक र गुणस्तर सुधार गर्ने, आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गर्ने, अनिवार्य र निशुल्क आधारभूत शिक्षा तथा निशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने, नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्ने, शिक्षकहरुको पेसागत सहयोग तथा क्षमता विकास गर्ने,विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने , विद्यालय शिक्षालाई उच्च शिक्षासँग आवद्ध गर्दै दक्ष मानव संसाधनको विकास गर्ने, शैक्षिक पहुँच तथा समावेशीतामा वृद्धि गर्ने, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवं व्यवसाय, सामाजिक

जीवन र सहभागीतासँग आवद्ध गर्ने, विद्यालय शिक्षामा सुशासन प्रवर्धन गर्नका लागि विद्यालयको नेतृत्व क्षमतामा सुधार गरी सूचना प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गर्ने,विपद्को समयमा पनि विद्यार्थीहरुको सिकाइलाई निरन्तरता दिने, शैक्षिक क्षेत्रमा आवश्यक पर्ने संरचनागत एवं मानवीय श्रोत व्यवस्थापन गर्ने र शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने जस्ता मुख्य रणनीतिहरु यस योजनामा समावेश गरिएको छ ।

पञ्चपुरी नगरपालिकाको शैक्षिक मार्गदर्शक दस्तावेजका रुपमा रहेको यस शिक्षा योजना निर्माण गर्दा शिक्षा योजना विकासको लागि सुरुमा सम्बन्धित सरोकारवालाहरुसँग प्रारम्भिक छलफल तथा परामर्श गरी नगरपालिका प्रमुख श्री लालविर भण्डारीको संयोजकत्वमा शिक्षा योजना निर्माण कार्यदल गठन गरी योजना निर्माणका लागि छलफल तथा कार्ययोजना निर्माण भएको थियो। सोहि अनुरुप नगर शिक्षा समितिमा छलफल गरी कार्यपालिकाबाट बजेट व्यवस्थापन भएको थियो। योजनाको तथ्याङ्क संकलनका साधनहरुको निर्माण र संकलन, पञ्चपरी नगरपालिकाको वस्तुगत विवरण, शैक्षिक दर्पण, प्रदेश तथा संघीय सरकारको शिक्षा सम्बन्धी योजना, नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ तथा अन्य शिक्षा सम्बद्ध आधारपत्रहरुको अध्ययन खाका तयारी तथा मस्यौदा लेखन गरी शिक्षा सम्बद्ध सबै सरोकारवालाहरुबाट सुझाव र पृष्ठपोषण संकलन गरी संकलित सुझावका आधारमा अन्तिम मस्यौदाको सम्पादन गरिएको थियो भने अन्तमा नगर शिक्षा समितिबाट योजना पास गर्नका लागि कार्यपालिका समक्ष सिफारिस गरी नगर कार्यपालिकाबाट स्वीकृत भएको हो।

यस पञ्चवर्षीय शिक्षा योजनाको अन्तसम्ममा सबै बालबालिकाहरू गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त गर्ने, अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार हुने,विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा वृद्धि हुने,नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै नागरिकहरूको साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने, अपाङ्गता भएका र सामाजिक रुपमा पछाडि पारिएका बालबालिकाहरुका लागि उपयुक्त शैक्षिक अवसरहरू प्राप्ति हुने र विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक हुने, आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाहरुको सिकाइ निरन्तरता हुने जस्ता प्रमुख उपलब्धिहरु प्राप्ति हुने यस योजनाको अपेक्षा रहेको छ।

आर्थिक वर्ष २०७९/०८० देखि २०८४/०८५ सम्म कार्यान्वय हुने यस योजनाको कार्यान्वयनका लागि पाँच वर्षसम्म जम्मा ७४ करोड, ५० लाख ५ हजार खर्च हुने प्रक्षेपित अनुमान गरिएको छ। जसमध्ये सङ्घीय सरकारबाट ४९ करोड ९९ लाख ८० हजार, प्रदेश सरकारबाट ५ करोड ४४ लाख , स्थानीय सरकारबाट १० करोड ५७ लाख ४५ हजार र अन्य निकायबाट ८ करोड ५० लाख ३० हजार बजेट खर्च हुनेछ। साथै यसमा शिक्षक,कर्मचारी तलव भत्ता, छात्रवृत्ति लगायत नियमित विद्यालयमा जाने सञ्चालन तथा व्यवस्थापन अनुदान समावेश गरिएको छैन्।

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

शिक्षाले मानिसको सर्वाङ्गीर्ण विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यो मानिसको नैसर्गिक अधिकारको विषय हो। यतिमात्र होइन शिक्षा देश विकासको मेरुदण्ड पनि हो। विश्वमा जतिपनि विकसित देशहरु छन् ति सबै देशहरु विकसित र समृद्ध हुनुमा शिक्षाको ठूलो देन छ। भनिन्छ कुनै पनि देशलाई ध्वस्त पार्नु छ भने त्यस देशको शिक्षा प्रणालीलाई विगारिदिए पुग्छ। यस तथ्यलाई हेर्दा शिक्षा देश विकासको आधारशिला हो। गुणस्तरीय शिक्षाको प्राप्तिबाट उत्पादन भएका सक्षम जनशक्तिले नै देशमा उपलब्ध स्रोत साधनहरुको सहि रुपमा सदुपयोग र तिनिहरुको परिचालन गरी देशलाई विकासको गतिमा डोहोऱ्याउने गर्दछन।

नेपालमा लामो समयसम्म राज गरेको राजतन्त्रको अवसान पश्चात उदय भएको गणतन्त्रान्त्रिक व्यवस्थाले उपहार स्वरुप नेपालको संविधान २०७२ दिएको छ। उक्त संविधानको मर्म अनुरुप देशमा संघीयता कार्यान्वयन भएको छ। देश संघीयतामा जाँदै गर्दा नेपालमा ३ तहका सरकारद्धारा शासन सञ्चालन गर्ने कार्यको थालनी भएको छ। नेपालको संविधान २०७२ ले मानिसको मौलिक हकको रुपमा रहेको शिक्षा लाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको अधिकारको साझा सूचीमा राखेको छ। भने आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र समावेश गरेको छ। साथै सोहि संविधानको भाग ३ धारा ३१ मा नागरिकका शिक्षा सम्बन्धी ५ वटा हकहरुको व्यवस्था गरिएको छ। उक्त धारामा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने,अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ,दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धि अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भापाको माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक हुने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ। यसैगरी नेपालले विद्यमान छरपष्ट नीतिहरुलाई एउटै स्वरुपमा ल्याई नागरिकको गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्नका लागि विविध ५५ वटा नीतिहरु सहितको राष्ट्रिय शिक्षा नीति २०७६ सबै तहको शिक्षालाई प्रतिस्प्रर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमूखी बनाई देशको आवश्यकता अनुरुपको मानव संसाधन विकास गर्ने लक्ष तय गरेको छ। साथै उक्त नीतिको कार्यान्वयनका लागि सबै तहहरुमा संस्थागत संरचनाको व्यवस्था गरी ती संस्थागत संरचनाहरुको जिम्मेवारी समेत किटान गरिदिएको अवस्था छ। साथै सन २०३० सम्मका लागि तय भएको दिगो विकासका १७ वटा लक्ष्यहरुमध्येको लक्ष्य नं ४ मा सबैलाई समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ। यसरी माथि उल्लेखित संविधान, शिक्षा नीति तथा दिगो विकासका लक्ष्यमा व्यवस्था भएका मानिसको शिक्षा प्राप्त गर्न पाउने हकलाई सुनिश्चत गर्नका लागि नेपालले अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा ऐन, २०७५ मन्त्रिपरिषदबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ जसमा वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ। साथै नेपालको शैक्षिक प्रशासन तथा व्यवस्थापनको क्षेत्रलाई कानूनी दायरामा ल्याउन शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ तथा शिक्षक सेवा आयोग नियमावली २०५७ तयार पारि कार्यान्वयनमा ल्याइएको छ। संविधानले प्रदत्त गरेको स्थानीय तहको आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि अधिकारको कार्यान्वयनका लागि नेपाल सरकारले तयार पारेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) मा स्थानीय तहका शिक्षा सम्बन्धि २३ वटा अधिकारहरूको व्यवस्था गरिएको छ। जसमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा,कार्यान्वयन, अनुगमन,मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ। साथै विद्यालय क्षेत्र विकास कार्यक्रम SSDP तथा नेपालको १५ औँ आवधिक योजनाले पनि आर्थिक तथा सामाजिक रुपान्तणका लागि मानव संसधानको विकास गर्ने र सो का लागि शिक्षा प्रणालीलाई व्यवस्थित,प्रविधिमैत्री र गुणस्तरीय बनाउने लक्ष्य लिएको छ। यसरी नेपालको संविधान २०७२, राष्ट्रिय शिक्षा नीति २०७६ दिगो विकास सम्बन्धी लक्ष्य, अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५,शिक्षा ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पन्ध्रौँ योजना लगायतका शिक्षा सम्बन्धी ऐन, नीति,नियम कानून, योजनाहरुले तय गरेका लक्ष्य र उद्देश्यहरुको प्राप्तिका लागि यस पञ्चपुरी नगरपालिकाको शिक्षालाई हरेक दृष्टिकोणबाट व्यवस्थित, गुणस्तरीय,प्रविधिमैत्री,दिगो,समावेशी, समतामुलक बनाउदै सबै नागरिकको गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने मौलिक हकलाई सुनिश्चित गर्नका लागि पञ्चवर्षीय नगर शिक्षा

योजना (२०८०/८१-२०८४/८५) तयार पारिएको छ। यस योजना निर्माणका लागि विभिन्न कार्यशाला,गोष्ठि,सामुदायिक भेटघाट मार्फत शिक्षासँग सम्बन्धित स्थानीय स्तरका सरोकारवालाहरूको सहभागितामा यो योजना तयार पारिएको हो । यस योजनाको कार्यान्वयन गर्नका लागि मुख्यरुपमा पञ्चपुरी नगरपालिकाको महत्वपूर्ण भूमिका रहनेछ । यसका साथै यस क्षेत्रका विद्यालय,शैक्षिक संस्था , जनप्रतिनिधि, आम अभिभावक,विभिन्न शिक्षासँग सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्थाहरु र सरोकारवालाको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुनेछ । यस शिक्षा योजनाले यस नगरपालिकाको शैक्षिक प्रणालीलाई गुणस्तरीय ,प्रविधिमैत्री र युग सुहाँउदो बनाइ गुणस्तरीय र सिपयुक्त तथा देशप्रेमले भरिएको दक्ष नागरिक तयार गर्न तथा समृद्ध र सफा नगर,दिगो विकास र सुशासनको शहर भन्ने नारालाई पूरा गर्न मद्दत गर्नेछ।

### १.१.१ अवधारणा

शिक्षा देश विकासको आधारशीला हो। यतिमात्र नभइ शिक्षा मर्यादित एवम् परिस्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो। ज्ञानमा आधारित समाजको माध्यमबाट मुलूकको दिगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिदै आएको छ। लामो समयको अथक प्रयास पश्चात संविधान सभाबाट  मिति २०७२ असोज ३ गते जारी भएको नेपालको संविधान २०७२ ले शिक्षालाई मानिसको मौलिक हकको रुपमा स्थापित गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने हकको व्यवस्था गरेको छ। साथै शिक्षालाई वैज्ञानिक,प्राविधिक, व्यवसायिक ,सीपमूलक तथा रोजगारमूलक बनाउदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ। नेपालको संविधान २०७२ को  भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकहरुको व्यवस्था गरिएको छ। जस अन्तर्गत निम्न वुँदाहरु उल्लेख छन् :-

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहूँचको हक हुनेछ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
३. अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
४. दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्ने हक हुनेछ।

यतिमात्र नभई सोही संविधानको धारा ३८ मा महिलाको हक सम्बन्धी उपधारा(५) मा , धारा ३९ मा बालबालिकाको हक सम्बन्धी उपधारा (२), (३), (७) र (९), दलितको हकसम्बन्धी धारा (४०) उपधारा(२) मा, सामाजिक न्यायको हक सम्बन्धी धारा ४२ को उपधारा २ र उपधारा ५ मा शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ।

यसैगरी नेपालको संविधान २०७२ को अनुसूची ८ मा  स्थानीय तहको अधिकार क्षेत्रभित्र आधारभूत तथा माध्यमिक शिक्षा रहने व्यवस्था गरिएको छ।  सो अधिकारको प्रयोग संविधान र नगरसभाले बनाएको कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ। यस्तै अनुसूची ९ अन्तर्गत शिक्षालाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको क्षेत्रमा समावेश गरिएको  छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (ज) ११ मा स्थानीय तहको शिक्षा सम्बन्धी २३ वटा अधिकारहरु उल्लेख गरिएको छ। यसरी नेपालको संविधान २०७२ ले स्थानीय तहलाई प्रारम्भिक बालविकास शिक्षा, अनौपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक तहको शिक्षाको जिम्मेवारी पनि सुम्पिएसँगै विद्यालय शिक्षालाई व्यवहारिक प्रतिस्पर्धी वैज्ञानिक, रोजगार उन्मुख, गुणस्तरीय, जीवनोपयोगी ,अनुसन्धानमूलक, समालोचनात्मक बनाई  समुदाय र देशको विकासमा योगदान गर्न सक्ने विद्यार्थी उत्पादन गर्ने जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ ।

वर्तमान नेपालको सन्दर्भमा विद्यालय शिक्षाको गुणस्तर खस्कदै गएको भन्ने गुनासो व्यापक भएसँगै शिक्षा सबैको चासो र चिन्तनको विषय बनेको छ। नेपालको विद्यालय शिक्षालाई गुणस्तरीय तथा सान्दर्भिक बनाइ सबैको पहुँचमा पुऱ्याउन र शिक्षा पाउने मानिसको नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न नेपालले शिक्षा सम्बन्धि विभिन्न अन्तराष्ट्रिय स्तरका घोषणाहरुमा हस्ताक्षर गरिसकेको छ। जसअनुसार नेपाल सरकारले हाल शिक्षाको महत्वपूर्ण दस्तावेज मानिएको इन्चोन घोषणामा (INCHEON Declaration) हस्ताक्षर गरी सन २०३० सम्म सबैका लागि समाहित/समावेशी,समतामूलक,गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइका लागि

सार्वजनिक शिक्षा सुदृढीकरण गरिनेछ  भनि प्रतिबद्धता जनाएको छ। यसका साथै सन २०३० सम्मका लागि तय गरिएको दिगो विकासका  लक्ष्यहरू (SDGs) अन्तर्गत  लक्ष्य नं.४ मा गुणस्तरीय शिक्षा सम्बन्धि लक्ष्यहरु समावेश गरिएको छ जसमा नेपालले पनि सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र आजीवन सिकाइका अवसरहरुलाई प्रवर्धन गर्ने र सोका लागि सन २०३० सम्ममा अपाङ्गता लगायत सबै किशोर किशोरीहरुको निशुल्क समतामूलक तथा गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा सुनिश्चित गर्ने र यसबाट यसबाट सान्दर्भिक र प्रभावकारी सिकाइ प्रतिफल प्राप्त हुने गन्तब्य तय गरिएको छ। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी अनिवार्य  तथा निःशुल्क शिक्षा पाउने व्यवस्थालाई  सुनिश्चित गर्नको लागी निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको पाइन्छ जसमा जसमा वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ। नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामुलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधार गर्न तथा नेपालको शिक्षा प्रणालीमा भएका उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिनका लागि शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित सन् २०१६/१७ देखि २०२२/२३  सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना (SSDP) निर्माण गरी कार्यान्वयनमा ल्याएको थियो। जसले राष्ट्रको सामाजिक -आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्प्रर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको उत्पादनमा योगदान पुऱ्याउने भिजन सहित नेपालको शिक्षा क्षेत्रमा समता , गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उथ्थानशीलता जस्ता विषयबस्तुहरुमा सुधार गर्ने उद्देश्य लिएको थियो। साथै नेपालको शैक्षिक प्रशासन तथा व्यवस्थापनको क्षेत्रलाई कानूनी दायरामा ल्याउन शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९  तथा शिक्षक सेवा आयोग नियमावली २०५७ तयार पारि कार्यान्वयनमा ल्याइएको छ। यस्तै संघीय ढाँचाअनुरुप सरकारका तीववटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवम् ढङ्गले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि छरिएर रहेका शिक्षा क्षेत्रका नीतिहरुलाई एकीकृत र संहिताबद्ध गरी राष्ट्रिय शिक्षा नीति २०७६ तयार पारिएको छ। जसले शिक्षित,सभ्य,स्वस्थ र सक्षम जनशक्ति;सामाजिक न्याय रुपान्तरण र समृद्धि भन्ने दूरदृष्ट्रिका साथ सबै तहको शिक्षालाई  प्रतिस्प्रर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमूखी बनाइ देशको आवश्यकता अनुरुपको मानव संसाधन विकास गर्ने लक्ष्य लिदै ५५ वटा शिक्षा सम्बनधी नीतिहरु तय गरेको छ। संविधानले प्रदत्त गरेको स्थानीय तहको आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि अधिकारको कार्यान्वयनका लागि नेपाल सरकारले तयार पारेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) मा स्थानीय तहका शिक्षा सम्बन्धि २३ वटा अधिकारहरूको व्यवस्था गरिएको छ। जसमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा,कार्यान्वयन, अनुगमन,मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ। साथै विद्यालय शिक्षा क्षेत्र योजना SESP तथा नेपालको १५ औँ आवधिक योजना (२०७६/०७७-२०८०/०८१) ले पनि सामाजिक तथा आर्थिक रुपान्तणका लागि मानव संसाधानको विकास गर्ने सोचका साथ गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील,दक्ष, प्रतिसप्रर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ। साथै सो का लागि शिक्षा प्रणालीलाई आधारभूत तह देखि नै व्यवस्थित,प्रविधिमैत्री र गुणस्तरीय बनाउने कार्यनीति अवलम्बन गरेको छ। यसरी नेपालको संविधान २०७२, राष्ट्रिय शिक्षा नीति २०७६ दिगो विकास सम्बन्धी लक्ष्य, अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५,शिक्षा ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पन्ध्रौँ योजना लगायतका शिक्षा सम्बन्धी ऐन, नीति,नियम कानून, योजनाहरुले तय गरेका लक्ष्य र उद्देश्यहरुको प्राप्तिका लागि यस पञ्चपुरी नगरपालिकाको शिक्षालाई हरेक दृष्ट्रिकोणबाट व्यवस्थित, गुणस्तरीय, प्रविधिमैत्री, दिगो, समावेशी, समतामुलक बनाउदै सबै नागरिकको गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने मौलिक हकलाई सुनिश्चित गर्नका लागि पञ्चपुरी नगर शिक्षा योजना २०७९ तयार पार्नु अपरिहार्य भएको छ।

### १.१.२ पञ्चपुरी नगरपालिकाको भौगोलिक अवस्थिति,  जनसाङ्खिक संरचना, सामाजिक सांस्कृतिक अवस्था ,आर्थिक तथा शैक्षिक अवस्था

#### पञ्चपुरी नगरपालिकाको परिचय

नेपाल सरकारको वि.सं. २०७३ साल फागुन २७ गतेको निर्णय अनुसार साविकका सालकोट, वावियाचौर, छाप्रे, विद्यापुर र तातापानी ५ वटा गा.वि.स.हरूलाई गाभेर हाल ११ वटा वडाहरुमा विस्तारित गरि पञ्चपुरी नगरपालिकाको संरचना तयार पारिएको हो।  कुल ३२९.९ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यो नगरपालिका क्षेत्रफलका हिसावले सुर्खेत जिल्लाको  स्थानीय तहहरुमध्ये तेस्रो ठूलो र

नगरपालिकाहरु मध्ये सबैभन्दा ठुलो स्थानीय तह हो। समुन्द्री सतहबाट १९८ मिटर उचाईदेखि २१०० मिटर उचाईसम्ममा अवस्थित यस नगरपालिकाको पुर्वमा सुर्खेत जिल्लाको बराहताल गा पा, पश्चिममा सुर्खेत जिल्लाकै चौकुने गा पा , उत्तरमा अछाम जिल्लाको तुर्माखाँद गा पा , र दक्षिणमा कैलालि जिल्लाको मोहन्याल गा पा रहेका छन्। कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर देखी १६ कोषमा अवस्थित यो नगरपालिकाको साविकको छाप्रे गा. वि. स. वडा नं. १हालको पञ्चपुरी नगरपालीका वडा नं. ७ मा रहेको ऐतिहासिक तथा प्रसिद्व धार्मिक स्थलको रुपमा परिचित पञ्चपुरी माईको मन्दिरको नामबाट नामबाट नामाकरण गरिएको हो।

#### १.१.२.१ भौगोलिक अवस्थिति

राजनीतिक हिसावले यस पञ्चपुरी नगरपालिका सुर्खेत जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं.२ तथा प्रदेश सभा निर्वाचन क्षेत्र २, ख अन्तर्गत पर्दछ। विश्व मानचित्रमा यसको फैलावट २८ डिग्री ३९ मिनेट ४६ उत्तरी अक्षाशं देखि २८ डिग्री ५४ मिनेट ५० उत्तरी अक्षाशं र ८१ डिग्री १५ मिनेट ४६ पूर्वी देशान्तर देखि ८१ डिग्री ३१ मिनेट २९ पूर्वी देशान्तर रहेको छ।यस नगरपालिकाको क्षेत्रफल ३२९.९ वर्ग कि.मि. रहेको छ। उपोष्ण र न्यानो समषितोष्ण हावापानी भएको यो नगरपालिका क्षेत्रफलका हिसावले सुर्खेत जिल्लाको सबैभन्दा ठुलो नगरपालिका हो। क्षेत्रफलका हिसावले यस नगरपालिकाको वडागत क्षेत्रफल निम्नानुसार रहेको छः

तालिका नं. १.१ नगरपालिकाको वडा विभाजन र वडा केन्द्र सम्बन्धि विवरण

| वडा नं | साविक गा.वि.स. | साविक गा.वि.स. का वडाहरु | वडा केन्द्र रहेको ठाँउ |
|---|---|---|---|
| १ | सालकोट | १ देखि ३ | हाँसेगाँउ |
| २ | सालकोट | ४ देखि ५ | पलैटे |
| ३ | सालकोट | ६ देखि ९ | तोक्मा |
| ४ | वावियाचौर | ६,७ र ९ | वरैचे |
| ५ | वावियाचौर | १ देखि ३ | वावियाचौर |
| ६ | वावियाचौर | ४,५ र ८ | चतुरे |
| ७ | छाप्रे | १ देखि ९ | लेखकोट च्युरि |
| ८ | विद्यापुर | ५ देखि ९ | दुलालथाइ |
| ९ | विद्यापुर | १ देखि ३ | विद्यापुर |
| १० | तातापानी | ४ देखि ६ | जामु |
| ११ | तातापानी | ७ देखि ९ | कुइने |
| जम्मा | | | |

स्रोतः पञ्चपुरी नगरपालिकाको वस्तुस्थिति विवरण ,२०७४

#### १.१.२.२ जनसांख्यिक संरचना

वि.स. २०७८ सालको जनगणना अनुसार यस नगरपालिकाको जम्मा जनसंख्या ३५ हजार ८ सय ३९ जना रहेको छ। जसमा पुरुषको जनसंख्या १७ हजार २ सय ३९ र महिलाको जनसंख्या १८ हजार ६ सय रहेको छ। साथै यस नगरपालिका भित्र जम्मा ७ हजार ८ सय ३ घरधुरी रहेका छन्। यस नगरपालिकाको वडागत जनसंख्यालाई निम्नानुसार तालिकामा देखाइएको छः

तालिका नं. १.२ नगरपालिकाको वडागत जनसंख्या विवरण

| वडा नं | जनसंख्या विवरण | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा जनसंख्या |
| १ | ११४२ | १०७९ | २२२१ |
| २ | १६९४ | १४६२ | ३१५६ |
| ३ | १९७९ | १७७५ | ३७५४ |
| ४ | १५०६ | १३९६ | २९०२ |

| | | | |
|---|---|---|---|
| ५ | १८३९ | १७९६ | ३६३५ |
| ६ | २१३५ | २०१३ | ४१४८ |
| ७ | १६०७ | १५६३ | ३१७० |
| ८ | १८९९ | १७२६ | ३६२५ |
| ९ | १७९८ | १६५८ | ३४५६ |
| १० | १५८६ | १५१२ | ३०९८ |
| ११ | १४२४ | १२५० | २६७४ |
| **जम्मा** | **१८६०९** | **१७२३०** | **३५८३९** |

स्रोतः राष्टिय जनगणना,२०७८

### १.१.२.३ सामाजिक तथा सांस्कृतिक अवस्था

सामाजिक,सांस्कृतिक भाषिक रुपमा विविधताले भरीएको यस पञ्चपुरी नगरपालिकामा विभिन्न जातजाती र धर्मावलम्वीहरुको मिश्रित बसोबास रहेको छ। क्षेत्री, बाहुन, मगर,कामी,नेवार,गुरुङ,दमाइ,सार्की,सन्यासी दसनामी,वादी,राजि,कुमाल,माझी आदी जातजातीहरुको बसोबास रहेको यस नगरपालिकामा सबै जातजातीहरुको आफ्नो आफ्नो संस्कृति र परम्परा भएता पनि विशेष गरी दशै ,तिहार तथा स्थानीय जात्रा,मेला यहाँका सांस्कृतिक पहिचानका रुपमा रहेका छन् । यहाँ हिन्दु धर्मावलम्बिहरुको बाहुल्यता भएपनि इसाई र बौद्ध धर्मावलम्बिहरुको पनि बसोबास रहेको पाइन्छ । यसरि धार्मिक तथा साँस्कृतिक सम्पदाका रूपमा पञ्चपुरि कागेश्वरीमाइकोमन्दिर, मालिका माइको मन्दिर,शिवधाम, भेरि कर्णाली दोभान , जाजुरा दह, गुप्तिताल, चमेरे गुफा, पाँचतले गुफा आदि रहेका छन् ।

### १.१.२.४ आर्थिक अवस्था

कृषि,पर्यटन र पशुपालनको उच्च सम्भावना रहेको यस नगरपालिकाको पलैटे , वावियाचौर , र विद्यापुर बजारलाई मुख्य व्यापारिक केन्द्र मानिन्छ। मुख्य गरी मौरीपालन, पशुपालन, र कृषि उत्पादनलाई मुख्य आम्दानीको स्रोत मानिने यस नगरपालिकाका मानिसहरू कृषिका अतिरिक्त सरकारी सेवामा तथा केही मानिसहरू ज्याला मजदुरीमा काम गर्नका निमित्त भारत लगायतका विभिन्न मुलुकहरूमा जाने गरेको पाइन्छ। विकासको हिसावले विकासोन्मुख अवस्थामा रहेको यस पालिकामा अपरकर्णाली जलविद्युत आयोजना देशकै लागि महत्वपूर्ण जलविद्युत आयोजनाको रुपमा रहेको छ ।

### १.१.२.५ शैक्षिक अवस्था

संघीय संरचना अनुसार ११ वटा वडामा विभाजन भएको यस पञ्चपुरी नगरपालिकामा हाल ५४ वटा सामुदायिक र ८ वटा संस्थागत गरी जम्मा ६२ वटा विद्यालयहरू सञ्चालित छन् । जम्मा ५४ वटा सामुदायिक विद्यालयहरू मध्ये १६ वटा विद्यालयहरूमा कक्षा १ देखि कक्षा ३ सम्म, ३६ वटा विद्यालयहरूमा कक्षा १ देखि कक्षा ५ सम्म, १० वटा विद्यालयहरूमा कक्षा १ देखि कक्षा ८ सम्म ,१० वटा विद्यालयमा कक्षा १ देखि कक्षा १० र कक्षा ९ देखि कक्षा १२ सञ्चालित ४ वटा विद्यालयहरु छन् ।यसैगरी ८ वटा संस्थागत विद्यालयहरू मध्ये ५ वटा विद्यालयमा नर्सरी देखि ३ कक्षा सम्म र ५ वटा विद्यालयमा नर्सरी देखि १० कक्षा सम्म पठनपाठन हुँदै आएको छ । एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएको तथ्याङ्क अनुसार शैक्षिक सत्र २०७९ मा सामुदायिक विद्यालयमा बालविकास कक्षा देखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीको संख्या ४८९९ जना छात्र र ५०९६ जना छात्रा गरी जम्मा ९९९५ जना रहेको छ ।

यस्तै यस नगरपालिका भित्र जम्मा ४९ वटा प्रारम्भिक बालविकास केन्द्रहरू विद्यालयमा आधारित रहि सञ्चालनमा रहेका छन । शैक्षिक सत्र २०७९ को तथ्याङ्क अनुसार बालविकास केन्द्रहरूमा संख्या ७५८ छात्रा र ८८३ छात्र गरी जम्मा १६४१ जना बालबालिकाहरू अध्ययनरत छन भने बालविकास केन्द्रहरूमा ४९ जना बालविकास सहजकर्ताहरू कार्यरत छन् ।

साथै यस नगरपालिकाका ५३ वटा सामुदायिक विद्यालयहरूमा प्राथमिक तहमा १६५ जना , निम्न माध्यमिक तहमा ६० जना र माध्यमिक तह (कक्षा ९-१२) मा ५६ जना गरी जम्मा २८१ जना शिक्षकहरू, कार्यालय सहयोगीहरु सहित ६३ जना विद्यालय कर्मचारीहरु कार्यरत छन् ।

यस नगरपालिका अन्तर्गत वडा नं. ९ को विद्यापुरमा उच्च शिक्षा अध्ययनका लागि मध्यपश्चिम विश्वविद्यालयको शिक्षा शास्त्र र व्यवस्थापन संकाय अन्तर्गतको ४ वर्षे स्नातक तहको पठनपाठन हुँदै आएको जनता बहुमुखी क्याम्पस रहेको छ । साथै सोही ठाउँमा

रहेको श्री जनता माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा तर्फको ३ वर्षे बाली विज्ञान र सुर्य प्रकाश माध्यमिक विद्यालयमा प्राविधिक धार तर्फको पशु विज्ञान ( कक्षा ९-१२) कार्यक्रम सञ्चालित छ । विशेष शिक्षा संचालनका लागि पालिकामा रहेका समुह प्राथमिक विद्यालयमा सञ्चालन भएका छैन । साथै विशेष शिक्षा अध्ययन गर्ने विद्यार्थिहरुका लागि समुह प्राथमिक विद्यालयमा आवाशिय विद्यालयको रुपमा सञ्चालित गरिएको छ। यस्तै नगरपालिकाभित्र जम्मा २ वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन्।

### १.२ शिक्षा क्षेत्रमा देखापरेका मूख्य समस्या तथा चुनौतीहरु

हरेक क्षेत्रका आ-आफ्नै किसिमका चुनौतीहरु हुन्छन । कुनै पनि कार्य सञ्चालन तथा कार्यान्वयन गर्नका लागि थुप्रै कुराहरुले अवरोध सिर्जना गरिरहेका हुन्छन जसलाई हामीले चुनौतीको उपनाम दिएका छौं। चुनौती नभएका कुनै कार्य हुदैनन् । पञ्चपुरी नगरपालिकाको शैक्षिक क्षेत्रको सुधारकामा निम्न चुनौतीहरु देखा परेका छनः

१. सामुदायिक विद्यालयहरुका लागि आवश्यकतानुसार शिक्षक दरवन्दी व्यवस्थापन गर्नु
२. आर्थिक, सामाजिक , भाषिक लगायतका सांस्कृतिक विविधता सम्वोधन गर्नु
३. आधारभूत तथा माध्यमिक शिक्षामा बाल सहभागिता तथा पहुँचको सुनिश्चितता गर्नु
४. अनिवार्य र निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु
५. सार्वजनिक शिक्षाको गुणस्तर सुधारका लागि प्रयाप्त लगानीमा वृद्धि गर्नु
६. आवश्यकता र मागको आधारमा विद्यालय नक्साङ्कन पुनर्स्थापना र पुनर्वितरण गर्नु,
७. दिवा खाजा कार्यक्रमलाई स्थानिय उत्पादन संग जोडनु
८. हरेक बालबालिकाको घरमा पढाइ कुनाको व्यवस्था गरी अभिभावकलाई समेत सिकाइमा जोडनु
९. बालबालिकाहरुको सिकाइको निम्ति अभिभावकहरुलाई सक्रिय बनाउनु
१०. जोखिममा परेका अति विपन्न तथा सडक बालबालिका लागि आश्रयस्थल, बालगृह तथा गुणस्तरीय आपतकालीन सेवाको विकास गर्नु
११. बालबालिकाको क्षेत्रमा फरक फरक किसिमले फरकफरक समूहद्धारा कार्यक्रम सञ्चालनमा रहेकोमा सबै कार्यक्रमका लागि न्यूनतम् मापदण्डसहित दिगो र प्रभावकारी संयन्त्रको विकास गर्नु
१२. शैक्षिक सुधारका लागि आवश्यक प्रयाप्त लगानीमा वृद्धि गर्नु
१३. सामुदायिक विद्यालयहरुको सिकाइमा आधुनिक सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्नु
१४. विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास गर्नु

### १.१.३ शिक्षा क्षेत्रका मूख्य अवसरहरु

असीम चुनौतीहरु सँगसँगै शैक्षिक क्षेत्रमा फड्को मार्नका लागि अवसरहरु पनि प्रशस्तै छन् । संघीयताको कार्यान्वयनसँगे नेपालको शिक्षा क्षेत्रमा थुप्रै अवसरहरु देखापरेका छन् । जसलाई निम्नानुसार बुदाँमा उल्लेख गर्न सकिन्छः

१. संघीयता सहितको नेपालको संविधान २०७२ ले बालबालिकाको अधिकार र शिक्षालाई मौलिक हकको रुपमा स्वीकार गर्नु
२. संघीय संरचनाअनुसार सरकार सञ्चालन हुँदै गर्दा सबै तहमा शिक्षाका नयाँ योजना निर्माण हुनु,
३. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले आधारभुत शिक्षा अनिवार्य र निःशुल्क हुनेगरी व्यवस्थापन गर्नु साथै अनाथ र असहाय बालबालिकाको लागि सम्वन्धित स्थानीय तह तथा वडा जिम्मेवार हुने व्यवस्था गर्नु ,
४. नयाँ रीतितिथिको स्थापनाको काल भएकाले विगतका कमजोरी नदोहोर्याउने अवसर हुनु ,
५. अतिकम विकसित राष्ट्रको सुविधाका रुपमा अन्तर्राष्ट्रिय सहकार्यको तमाम सम्भावना रहनु ,
६. विभिन्न गैरसरकारी क्षेत्रको लगानी आकर्षित गरिनेछ अवसर हुनु ,
७. योजना तथा बजेट निर्माणमा स्थानीय तह स्वायत्त हुनु ,
८. शिक्षा व्यवस्थापनमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज मा यथेस्ट व्यवस्था हुनु ,
९. राष्ट्रिय शिक्षा नीति २०७६ ले बालविकास र शिक्षालाई प्राथमिकता दिनु ,
१०. प्रायःसबै विद्यालयमा समान्य सुविधायुक्त बालविकास कक्षाहरू सञ्चालनमा रहनु ,
११. गुणस्तरीय शिक्षाकोलागि सबै अभिभावकहरूको उच्च चाहना रहनु ,
१२. प्रारम्भिक बालविकास कक्षा देखि माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय सरकार लाई हुनु ,

१३. विभिन्न शैक्षिक योजना सबैको स्वामित्वमा निर्माण हुनु ,
१४. आवश्यकता अनुसार केही आर्थिक स्रोतको व्यवस्था हुनु ,
१५. साक्षरता दरमा वृद्धि हुनु ,
१६. माध्यमिक तहसम्म को शिक्षामा पहुँच र निरन्तरतामा वृद्धि हुनु ,
१७. विद्यालयहरुको संस्थागत संरचनाहरू सन्तोष जनक रहनु ,
१८. शिक्षकको पेसागत क्षमता विकासका लागि आवश्यक संयन्त्र र तालिमको व्यवस्था हुनु ,
१९. सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला,कम्प्युटर ल्याब तथा पुस्तकालयको व्यवस्था हनु,
२०. केही विद्यालयहरूमा सूचना र सञ्चार प्रविधिको प्रयोग हुनु,
२१. विद्यमान संरचना, पूर्वाधार र जनशक्तिको व्यवस्था हुनु,
२२. आधारभूत तहमा अनिवार्य तथा नि:शुल्क शिक्षा र माध्यमिक तहमा नि:शुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत व्यवस्था हुनु,
२३. स्थानीय तहमा शिक्षा क्षेत्रमा क्रियाशिल संस्थाहरुले लगानी वृद्धि गर्नु,
२४. शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता बढदै जानु,
२५. शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता व्यक्त गर्नु,
२६. तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य  हुनु,

## परिच्छेद २
## लक्ष्य निर्धारण

### २.१ सन्दर्भ र औचित्य

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेका अधिकारहरुका साथै त्यसमा भएका व्यवस्थाहरुका आधारमा पञ्चपुरी नगरपालिका सुर्खेतले शिक्षा क्षेत्रको विकासलाई प्रमुख विषयको रुपमा उठान गर्दै आएको छ् । विद्यालयका कक्षाको व्यवस्थापन देखि लिएर शिक्षक व्यवस्थापन तथा भौतिक पूर्वाधार विकासका कार्यक्रमहरुमा मुख्य रुपमा लगानी गर्दै आएको यस नगरपालिकाको मुख्य उद्देश्य भनेको शैक्षिक गुणस्तर सुधारका माध्यमबाट पञ्चपुरी नगरपालिकालाई समृद्ध र सुन्दर बनाउनु रहेको छ । पञ्चपुरी नगरपालिकाले भौगोलिक विकटताका कारण छरिएर रहेका बस्तिहरूमा आवश्यक्ताका आधारमा बालविकास केन्द तथा विद्यालयहरू स्थापना गरी शिक्षामा पहुँच वृद्धि गर्ने प्रयास गरेको छ । साथै विद्यार्थीसंख्या कम रहेका र छोटो दूरीमा अवस्थित विद्यायहरुलाई मर्ज तथा कक्षा घटाएर शैक्षिक लगानीलाई मितब्ययी बनाउने कार्य पनि गरेको छ । विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतका विद्यालयको भौतिक पूर्वाधार विकासका लागि भवन, कक्षाकोठा निर्माण, खानेपानी, शौचालय निर्माणका लागि हरेक बर्ष विशेष महत्वका साथ सम्बन्धित क्षेत्रमा बजेट विनियोजन हुदै आएको छ ।

सन् २०३० सम्म विश्वमा निश्चित लक्ष्य हासिल गर्नका लागि विश्वका साझा समस्या र उपलब्धिलाई मध्यनजर गर्दै १७ वटा दिगो विकासका साझा लक्ष्यहरू निर्धारण गरेकोछ । यी लक्ष्यहरू मध्ये ४ नं. दिगो विकासको लक्ष्यले शिक्षा सम्बन्धी दिगो विकासको लक्ष्य राखेको छ जसमा सन् २०३० सम्ममा सबैका लागि समावेशी तथा समानतामा आधारित गुणस्तरीय शिक्षाका साथै जीवनपर्यन्त सिकाइको सुनिश्चितता गरिनेछ कुराको उल्लेख गरेकोछ । त्यो साझा प्रतिवद्धताको पक्ष राष्ट्र नेपाल पनि भएकोले यस स्थानीय तह अन्तर्गत उक्त लक्ष्य पुरा गर्न तथा राष्ट्रिय उपलब्धि हासिल गर्न सहजीकरण गर्न यस योजनाको आवश्यकता परेको हो । त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ मा स्थानिय तहको काम, कर्तव्य र अधिकार अर्न्तगत (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी विद्यालय अनुमति देखि सञ्चालन एवम् नियमनको काम समेत स्थानिय तहहरुलाई दिएकोले सोही व्यवस्थापन वमोजिम विद्यालय तहको शिक्षा व्यवस्थापन र विकासको लागि यस योजनाले सहयोग गरिनेछ अपेक्षा गरिएको छ । यही सन्दर्भलाई दृष्टीगत गरी यस विद्यालय शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा पालिकाले अवको ५ वर्ष सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, उद्देश्यहरू, र रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरीएको छ । देशमा संघियता पश्चातको शिक्षा व्यवस्थापनमा संविधानले संघीयताका विभिन्न तहहरुको अधिकार र कार्यक्षेत्र विभाजन गरे पश्चात शिक्षा क्षेत्रमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम २०७८ को असाढ मसान्तमा सकिएको र SSDP को समय सकिएसंगै तीनवटै तहका सरकारहरुद्धारा शिक्षा क्षेत्रमा १० वर्षे शिक्षा योजना निर्माण कार्य भैरहेको सन्दर्भमा यस पञ्चपुरी नगरपालिकाको आर्थीक स्रोतमा वि.सं. २०८० बैशाख देखि कार्यान्वयन गर्ने गरी यो पञ्चवर्षिय नगर शिक्षा योजना (२०८०/८१ - २०८४/८५) निर्माण गरेको हो ।

### २.३ दीर्घकालीन राष्ट्रिय सोच

" सामाजिक आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास "

### २.४ स्थानीय तहको दीर्घकालीन सोच तथा गन्तव्य

" समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर "

### २.५ लक्ष्य (Goal)

प्रविधिमैत्री गुणस्तरीय सार्वजनिक शिक्षा मार्फत प्रतिस्प्रधी,दक्ष,श्रमप्रति सकारात्मक सोच भएका नैतिकवान,सिर्जनशील, नवप्रवर्तनशील सक्षम जनशक्तिको विकास गर्ने ।

### २.५ उद्देश्यहरू

पञ्चपुरी नगरपालिकाको शैक्षिक विकास तथा शिक्षाको गुणस्तर सुधारका केन्द्रित हुनेगरी तयार पारिएको यस ५ वर्षे नगर शिक्षा योजनाले तय गरेको दुरदृष्टि तथा लक्ष्यलाई हाँसिल गर्नका लागि निम्नानुसारका उद्देश्यहरु तय गरिएका छनः

१. प्रारम्भिक बालविकास शिक्षालाई बालमैत्री,पहुँचयोग्य र गुणस्तरीय बनाउनु,
२. सबैका लागि अनिवार्य तथा निशुल्क, गुणस्तरीय र समतामूलक आधारभूत शिक्षाको प्रत्याभूति दिनु,

३. माध्यमिक शिक्षालाई समतामूलक, पहुँचयोग्य, सान्दर्भिक,प्रविधिमैत्री, गुणस्तरीय र निःशुल्क बनाउनु,
४. उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि प्रतिस्पर्धी र उद्यमशील र सकारात्मक सोच भएका मानव संसाधनको विकास गर्नु,
५. विद्यार्थीहरुको आवश्यकताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर विकास गर्नु,
६. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई समयसापेक्ष बनाउदै त्यसको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिबृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार गर्नु,
७. गुणस्तरीय शिक्षाका लागि योग्य, क्षमतावान,उत्प्रेरित, समर्पित, प्रतिबद्ध शिक्षकको व्यवस्था गर्नुका साथै शिक्षकहरूलाई आवश्यकतामा आधारित पेसागत सहयोग तथा विकासका लागि प्रभावकारी संयन्त्र र तालिमको व्यवस्था गर्नु,
८. विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक पक्षमा सुधार गर्दै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु,
९. अनौपचारिक तथा निरन्तर शिक्षाका क्षेत्रमा प्रयाप्त लगानी गरी नगरपालिकालाई पूर्ण साक्षर घोषणा गर्नु,
१०. शिक्षा क्षेत्रको शैक्षिक सेवा प्रवाहमा प्रभावकारिता ल्याई शिक्षाको गुणस्तर सुधार गर्नु,
११. अपाङ्गता भएका, गरिव तथा विपन्न परिवारका नागरिकहरुका लागि आयआर्जन र सीप मूलक कार्यक्रम सञ्चालन गरी बालबालिकाको लागि विद्यालय तहको शिक्षा सुनिश्चित गर्नु,
१२. सबै विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप तथा शैक्षिक कार्यक्रमहरूलाई सूचना प्रविधिमैत्री बनाउनु,
१३. विभिन्न समयमा देखापर्ने विभिन्न खालका आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाहरुको सिकाइलाई निरन्तरता दिनु,
१४. शिक्षा क्षेत्रका कार्यक्रमहरुको कार्यान्वयन तथा प्रभावकारिताका लागि आवश्यक संस्थागत संरचना र क्षमता विकास गर्नु,
१५. सबै विद्यालयहरुको आवश्यकता, माग तथा नतिजा एबम् कार्यसम्पादनस्तरका आधारमा लगानी वृद्धि गर्नु,
१६. विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक पर्ने थप आर्थिक तथा प्राविधिक सहयोगका लागि विभिन्न साझेदार संघसस्था र निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्नु,
१७. बालबालिकाहरुको गुणस्तरिय शिक्षाका लागि आम अभिभावक तथा सरोकारवाला निकायहरुको सक्रियता र सहभागिता वृद्धी गर्नु, विद्यालय अनुगमन, सुपरिवेक्षण तथा पृष्ठपोषणमा नियमितता एवम् प्रभावकारितामा वृद्धि गर्नु,

### २.६ रणनीतिहरू

यस पञ्चवर्षिय नगर शिक्षा योजनाले तय गरेका उद्देश्यहरुको प्राप्तिका लागि आगामी ५ वर्ष देहायबमोजिमका रणनीतिहरु तय गरिएका छनः

**१.** प्रारम्भिक बालविकास तथा शिक्षालाई बालबालिकाको पहुँचमा रहनेगरि गुणस्तरीय शिक्षा सञ्चालन गर्नका लागी नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्रहरु स्थापना गर्ने।
**२.** प्रारम्भिक बालविकास तथा शिक्षाको प्रभावकारि कार्यान्वयनका लागि पाठ्यक्रम परिमार्जन तथा प्रबोधिकरण गर्ने।
**३.** विद्यालयहरूको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गरी विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सुधार गर्ने।
**४.** अनिवार्य तथा निशुःल्क आधारभूत शिक्षा र निशुल्क माध्यमिक शिक्षाको कार्यान्वियन गर्नुका साथै शैक्षिक उपलब्धि अभिवृद्धि गर्ने।
**५.** दक्ष, क्षमतावान, शिक्षण पेशालाई सम्मान तथा कर्तब्यनिष्ठ विषय शिक्षकको व्यवस्था गर्ने।
**६.** उच्च शिक्षामा सहज पहुँचको व्यवस्था गर्ने।
७. प्राविधिक तथा व्यवसायिक शिक्षा मार्फत सिपयूक्त जनशक्ति उत्पादन गर्ने।
८. परिमार्जित राष्ट्रिय पाठ्यक्रमको प्रबोधिकरण तथा स्थानीय पाठ्यक्रमको निर्माण गर्दै प्रभावकारि सिकाई सहजीकरणका लागी कार्यान्वयन गर्ने।
९. विद्यालय शिक्षामा सरोकारवालाहरुको अपनत्व वृद्धि गराउदै शैक्षिक लगानीमा वृद्धि गर्ने।
१०. गूणस्तरीय शिक्षाको समान पहुँच र प्रत्याभुति गर्ने।

११. प्रभावकारी सिकाई सुनिश्चितताका लागी अनुगमन संयन्त्र तयार गर्ने ।
१२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका साधनहरुको पहुँच वृद्धि गर्ने ।
१३. विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक पक्षमा सुधार गर्ने ।
१४. अनौपचारिक तथा निरन्तर सिकाइका क्षेत्रमा प्रयाप्त लगानीको व्यवस्था गर्ने ।
१५. अपाङ्गता भएका, गरिव तथा विपन्न परिवारका नागरिकहरुका लागि आयआर्जन र सीप मूलक कार्यक्रम सञ्चालन गर्ने ।
१६. तिन वटै तहका सरकारका बिच सहसम्बन्ध, सहकार्य र समन्वयमार्फत शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
१७. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्रदान गर्ने ।

## २.७ कार्यनीतिहरू

यस पञ्चवर्षिय नगर शिक्षा योजनाले तय गरेका रणनीतिहरुको प्राप्तिका लागि आगामी ५ वर्ष देहाय बमोजिमका कार्यनीतिहरु तय गरिएका छनः

**१.** प्रचलित मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन गर्ने बालविकास केन्द्रहरुको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्रहरु स्थापना गरिनेछ ।

**२.** प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रम परिमार्जन तथा त्यसको प्रबोधिकरण गरी आवश्यकताका आधारमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**३.** विद्यालयहरूको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गरी विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सुधार गरिनेछ ।

**४.** अनिवार्य तथा निशुःल्क आधारभूत शिक्षा र निशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्दै शैक्षिक उपलब्धि अभिवृद्धि गरी शिक्षाको गुणस्तरमा सुधार गरिनेछ ।

**५.** शिक्षकको पेशागत विकास सहयोग प्रणालीलाई व्यवस्थित गरी दक्ष, क्षमतावान, पेशाप्रति सम्मान गर्ने , कर्तब्यनिष्ठ विषय शिक्षकको व्यवस्था गरिनेछ ।

**६.** उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न उच्च शिक्षा प्रदान गर्ने संस्थाको स्थापना र सुदृढीकरणमा आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

**७.** मानव स्रोतको विकासका लागि कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

**८.** प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षाका कार्यक्रमहरूमा समतामूलक पहुँच अभिवृद्धि गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम मार्फत उत्पादित जनशक्तिलाई श्रम बजारसँग आबद्ध गरिनेछ ।

**९.** राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रम एव स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयन गरिनेछ ।

**१०.** विद्यालय सुधारका लागि शैक्षिक योजनाहरुको निर्माण तथा कार्यान्वयन तथा विद्यालय व्यवस्थापनमा सबै सरोकारवालाहरुको सहभागिता र अपनत्व विकास गर्न विद्यालयमा शैक्षिक तथा आर्थिक पारदर्शिता मार्फत सुशासन कायम गरिनेछ ।

**११.** साक्षरता तथा निरन्तर सिकाइका कार्यक्रमहरुको विस्तार, व्यवस्थापन तथा सञ्चालन गरिनेछ ।

**१२.** विद्यालयमा उपयुक्त भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय जनशक्तिको व्यवस्थापन गुणस्तरीय सार्वजनिक शिक्षाको प्रत्याभूति दिइनेछ ।

**१३.** विद्यालयमा अभिभावक तथा सरोकारवालाहरु सबैको सहभागिता बढाउनुका साथै समावेशी तथा समतामूलक शिक्षाका लागि विभिन्न निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

**१४.** विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका साधनहरुको पहुँच वृद्धि गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गरिनेछ ।

**१५.** विपत तथा जोखिमका समययमा पनि सिकाइलाई निरन्तरता दिने पद्धतिको विकास गरिनेछ ।

**१६.** संघ,प्रदेश र स्थानीय सरकारका बिच सहसम्बन्ध , सहकार्य र समन्वयको सिद्धान्त अनुसार कार्य गरिनेछ ।

**१७.** विद्यालय शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्नुका साथै लगानी वृद्धि गरिनेछ ।

**१८.** शैक्षिक विकासका लागि उपलब्ध स्रोतको उपयोग गर्नका लागि विद्यालयलाई जबाफदेही बनाउने वित्तीय व्यवस्थापन क्षमतामा सुधार गर्ने तथा वित्तीय सुशासन कायम गर्ने कार्य गरिनेछ ।

**१९.** अनुगमन तथा मूल्याङ्कनलाई शैक्षिक प्रणालीको अभिन्न अङ्गको रुपमा विकास गरी यसका आधारमा लगानी गर्ने प्रणालीको विकास गरिनेछ।

**२०.** अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक संरचना र जनशक्तिको प्रबन्ध तथा क्षमता विकास गरिनेछ।

**२१.** शिक्षा क्षेत्रमा काम गर्ने निकायहरुको संलग्नताका लागि आवश्यक मार्गदर्शन तथा कानून निर्माण गरिनेछ।

**२२.** शैक्षिक विकासका लागि विभिन्न साझेदार निकायहरुसँग सहकार्य र समन्वय गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ।

## २.८ अपेक्षित उपलब्धि

पञ्चपुरी नगरपालिकाको यस ५ वर्षे नगर शिक्षा योजना कार्यान्वयनको अन्त्यमा निम्नानुसारका उपलब्धिहरु पुगेको हुनेछ भनी तय गरिएका छनः

१. बालमैत्री,पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको व्यवस्था भएको हुनेछ ,

२. सबैका लागि अनिवार्य तथा निशुल्क, गुणस्तरीय र समतामूलक आधारभूत शिक्षाको प्रत्याभूति हुनेछ,

३. माध्यमिक शिक्षालाई समतामूलक, पहुँचयोग्य, सान्दर्भिक,प्रविधिमैत्री, गुणस्तरीय र निःशुल्क भएको हुनेछ,

४. उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि प्रतिस्पर्धी र उद्यमशील र सकारात्मक सोच भएका मानव संसाधनको विकास हुनेछ,

५. विद्यार्थीहरुको आवश्यकताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर प्रदान गरिएको हुनेछ,

६. विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिबृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार गर्नका लागी पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई समयसापेक्ष बनाउदै त्यसको प्रभावकारी कार्यान्वयन गरिएको हुनेछ,

७. गुणस्तरीय शिक्षाका लागि योग्य, क्षमतावान,उत्प्रेरित, समर्पित, प्रतिबद्ध शिक्षकको व्यवस्था गर्नुका साथै शिक्षकहरूलाई आवश्यकतामा आधारित पेसागत सहयोग तथा विकासका लागि प्रभावकारी संयन्त्र र तालिमको व्यवस्था गरिएको हुनेछ,

८. विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक पक्षमा सुधार गर्दै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाइएको हुनेछ,

९. अनौपचारिक तथा निरन्तर शिक्षाका क्षेत्रमा प्रयाप्त लगानी गरी नगरपालिकालाई पूर्ण साक्षर घोषणा गरीएको हुनेछ,

१०. शिक्षा क्षेत्रको शैक्षिक सेवा प्रवाहमा प्रभावकारिता ल्याई शिक्षाको गुणस्तर सुधार भएको हुनेछ,

११. अपाङ्गता भएका, गरिव तथा विपन्न परिवारका नागरिकहरुका लागि आयआर्जन र सीप मूलक कार्यक्रम सञ्चालन गरी बालबालिकाको लागि विद्यालय तहको शिक्षा सुनिश्चित गरीएको हुनेछ,

१२. सबै विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप तथा शैक्षिक कार्यक्रमहरूलाई सूचना प्रविधिमैत्री बनाइएको हुनेछ,

१३. आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाहरुको सिकाइलाई निरन्तरता दिइएको हुनेछ ,

१४. शिक्षा क्षेत्रका कार्यक्रमहरुको कार्यान्वयन तथा प्रभावकारिताका लागि आवश्यक संस्थागत संरचना र क्षमता विकास भएको,

१५. सबै विद्यालयहरुको आवश्यकता, माग तथा नतिजा एबम् कार्यसम्पादनस्तरका आधारमा लगानी वृद्धि गरिएको हुनेछ,

१६. विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक पर्ने थप आर्थिक तथा प्राविधिक सहयोगका लागि विभिन्न साझेदार संघसस्था र निकायहरुसँग आवश्यक समन्वय र सहकार्य स्थापित भएको हुनेछ,

१७. बालबालिकाहरुको गुणस्तरिय शिक्षाका लागि आम अभिभावक तथा सरोकारवाला निकायहरुको सक्रियता र सहभागिता वृद्धी गर्नु, विद्यालय अनुगमन, सुपरिवेक्षण तथा पृष्ठपोषणमा नियमितता एवम् प्रभावकारितामा वृद्धि गरिएको हुनेछ,

## २.९ प्रमुख उपलब्धि सूचक तथा लक्ष्य

पञ्चपुरी नगरपालिकाको यस पञ्चवर्षीय शिक्षा योजना (२०८०/०८१-२०८४/०८५)का प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य देहायबमोजिम निर्धारण गरिएको छः

तालिका २.१: प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचकहरू | आधार वर्ष २०७८ | | | लक्ष्य २०८४ | | | लक्ष्य २०८९ | | | सूचक को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | |
| **१.** | **प्रारम्भिक बालविकास तथा शिक्षा** | | | | | | | | | | |
| १.१ | कुल भर्नादर | ८६.४ | ७१.६ | ९३.३ | १०० | ९५ | ९९ | १०५ | १०५ | १०५ | |
| १.२ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | ६७.२ | ५८.५ | ८९ | ९० | ८० | ९८ | १०० | १०० | १०० | |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९५.७ | ८२.० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९१.२ | ८७.१ | ९१.५ | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १.५ | कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ६८.७ | ६७.४ | ५८.३ | ९० | ९० | ९९ | १०० | १०० | १०० | |
| **२.** | **आधारभूत शिक्षा** | | | | | | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | १२१.९ | १२६.९ | १३८.३ | १०६ | ११० | ११८ | १०० | १०० | १०० | |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९६.८ | ९७.८ | ४२.० | ९९ | ९९ | ९९ | ९९ | ९९ | ९९ | |
| २.३ | कक्षा १- ५ मा कुल भर्नादर | ११९.३ | १२५.९ | १२५.५ | ११२ | ११५ | १०७ | १०७ | १०५ | १०३ | |
| २.४ | कक्षा १- ५ मा खुद भर्नादर | ९७.१ | ९७.२ | ९७.५ | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| २.५ | कक्षा १- ५ सम्म विद्यालय शिक्षक अनुपात | ३.६ | २.८ | २.३ | N/A | ३.० | ५ | N/A | ४.० | ५ | |
| २.६ | कक्षा १- ५ सम्म शिक्षक विद्यार्थी अनुपात | २४.० | ३१.० | ४८.० | N/A | ३०.० | ३०.० | N/A | ३०.० | ३० | |
| २.७ | कक्षा १- ८ मा कुल भर्नादर | ११०.४ | ११६.७ | १२१.४ | ११५ | ११२ | ११० | ११० | ११० | १०५ | |
| २.८ | कक्षा १- ८ मा खुद भर्नादर | ९३.८ | ९४.९ | ९७.४ | ९९ | ९९ | ९९ | १०० | १०० | १०० | |
| २.९ | कक्षा १- ८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९८ | ०.९८ | १.०८ | १.०० | १.०० | १.०० | १.०० | १.०० | १.०० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१० | कक्षा ८ मा टिकाउ दर | ७९.३ | N/A | N/A | ९८.९ | N/A | ९५.० | ९९.५ | N/A | ९९.८ | |
| २.११ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ७२.७ | N/A | ९३.०३ | ९८.७ | N/A | ९७.० | ९९ | N/A | ९९ | |
| २.१२ | कक्षा ६- ८ सम्मको विद्यालय शिक्षक अनुपात | २.१ | १.६ | ४.३ | N/A | ४.०० | ४.३ | N/A | ४.०० | ५.० | |
| २.१३ | कक्षा ६- ८ सम्मको शिक्षक विद्यार्थी अनुपात | ५१.० | ७०.० | ७०.० | N/A | ३०.० | ३०.० | N/A | ३०.० | ३०.० | |
| २.१४ | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ६.२ | ५.१ | ३.२६ | १.०० | N/A | १.०० | ० | N/A | १ | |
| **३.** | **माध्यमिक शिक्षा** | | | | | | | | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९- १० | ९४.६ | १२१.७ | १२३.५ | १०५.६ | ११५.० | १०५ | १०९ | ११० | १०४ | |
| ३.२ | खुद भर्नादर कक्षा ९- १० | ६९.० | ६५.५ | ८१.२ | ८१.१ | ७७.५ | ८२.० | ९६.४ | ९० | ९० | |
| ३.३ | कुल भर्नादर कक्षा ९- १२ | ७१.४ | ८२.१ | ७१.६ | ११०.८ | ९०.५ | ८०.० | ९७ | ९५ | ९५ | |
| ३.४ | खुद भर्नादर कक्षा ९- १२ | ४७.६ | ४६.१ | ६५.१ | ६१.४ | ५७.५ | ७०.० | ७२.१ | ७० | ७० | |
| ३.५ | कुल भर्नादर कक्षा ११- १२ | ५१.५ | ५१.४ | ९८.१ | ७७.३ | ७७.१ | ६०.५ | ८५.८ | ८५.५ | ८५.५ | |
| ३.६ | खुद भर्नादर कक्षा ११- १२ | २५.८ | २६.७ | ४१.६ | ४०.१ | ४२.५ | ४५.० | ६२.२ | ६५.५ | ६५.५ | |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६०.३ | N/A | N/A | ९७.९ | N/A | ९५.० | ९९ | N/A | ९९ | |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | २४.० | N/A | N/A | ३५.४ | N/A | ४०.० | ५२.३ | N/A | ५२ | |
| ३.९ | कक्षा ९- १० सम्मको विद्यालय शिक्षक अनुपात | २.८ | २.० | २.६ | N/A | ५.० | ५.० | N/A | ६.० | ६.० | |
| ३.१० | कक्षा ९- १० सम्मको शिक्षक विद्यार्थी अनुपात | ४०.० | ५९.० | ५७.६१ | N/A | ३०.० | ३०.० | N/A | ३०.० | ३०.० | |
| ३.११ | कक्षा ११- १२ सम्मको विद्यालय शिक्षक अनुपात | ३.६ | ३.४ | १.२ | N/A | ४.० | ४.० | N/A | ५.० | ५.० | |
| ३.१२ | कक्षा ११- १२ सम्मको शिक्षक विद्यार्थी अनुपात | ७३.० | ७०.० | ५७.६१ | N/A | ४०.० | ४०.० | N/A | | ३०.० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | ३०.० | | |
| ३.१३ | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क | १.०१ | १.०९ | १.०९ | १.०० | १.०५ | १.०० | १.०० | १.०० | १.०० | |
| **४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | | | | | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | ७८ | ८५ | N/A | ९६ | ९५ | ९०.० | १०० | १०० | १०० | |
| ४.२ | १५–२४ वर्षको साक्षरता दर | ९२ | N/A | N/A | ९९ | N/A | ९९.० | १०० | N/A | १०० | |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ५८ | N/A | N/A | ९५ | N/A | ९१.० | १०० | N/A | १०० | |
| **५. महिला शिक्षक प्रतिशत** | | | | | N/A | | | | | | |
| ५.१ | आधारभूत तह | ४३.७ | ३०.० | २५.५२ | ५० | ३७ | ३५.० | ५० | ४५ | ४५ | |
| ५.२ | माध्यमिक तह | २०.६ | १४.१ | १०.५२ | २५ | २० | १५.० | ३० | २५ | २० | |
| **६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पुरा गरेका विद्यालय प्रतिशत** | | | | | | | | | | | |
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | N/A | N/A | N/A | ६० | N/A | ६०.० | ९० | N/A | N/A | |
| ६.२ | आधारभूत विद्यालय | १३.४ | N/A | N/A | ७० | N/A | ५०.० | ९५ | N/A | N/A | |
| ६.३ | माध्यमिक विद्यालय | N/A | N/A | N/A | ६० | N/A | ८०.० | ९० | N/A | N/A | |
| **७. कुल बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत** | | **११.६४** | N/A | **७.९** | **१७** | N/A | १५.० | **२०** | N/A | २० | |

## परिच्छेद ३

## शिक्षाका उप-क्षेत्रहरू

यो परिच्छेद शिक्षा योजनाको महत्वपूर्ण भाग हो। यस परिच्छेदलाई योजना अवधि भरमा सञ्चालन गरिने शिक्षाका मुख्य उपक्षेत्रका क्रियाकलापहरुको संयोजन मान्न सकिन्छ। यस परिच्छेदमा पञ्चपुरी नगरपालिकाको पाँच वर्षे शिक्षा योजना (२०८०/०८१-२०८४/०८५) का शिक्षा क्षेत्रसँग सम्बन्धित प्रमुख उपक्षेत्रहरु समावेश गरी तिनीहरुको विश्लेषण गरिएको छ। यस परिच्छेदमा शिक्षा क्षेत्रका प्रमुख उपक्षेत्रहरु मध्येका प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्यक्रम र मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ र प्राविधिक तथा व्यावसायिक शिक्षालाई समेटिएको छ। योजनाको यस खण्डमा प्रत्येक उपक्षेत्रहरुको वर्तमान अवस्था तथा चुनौति र अवसरहरुको पहिचान गरी सम्बन्धित उपक्षेत्रहरुको उद्देश्य, रणनीति, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण गर्ने कार्य भएको छ।

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

मानव जीवनको ३ वर्षदेखि ४ वर्ष सम्मको अवधिलाई प्रारम्भिक बालविकासको अवधि मानिन्छ। यसै उमेर समूहका बालबालिकाहरुको शारीरिक, मानसिक, सम्वेगात्मक, सामाजिक तथा नैतिक पक्षमा देखापर्ने सकारात्मक परिवर्तन नै बालविकास हो। प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण पक्षको विकासका लागि दिइने शिक्षालाई प्रारम्भिक बाल शिक्षा भनिन्छ। अथवा कक्षा एकमा भर्ना गर्ने उमेर नपुगेका बालबालिकाहरुका लागि विद्यालय शिक्षाको पूर्वतयारीका लागि दिइने शिक्षालाई प्रारम्भिक बालविकास शिक्षा भनिन्छ। यो शिक्षा औपचारिक शिक्षाको सुरुवाती चरण हो जसले बालबालिकालाई भाबी शिक्षा प्राप्तिका बलियो जगका रुपमा काम गर्दछ। नेपालको सन्दर्भमा प्रारम्भिक बालविकास शिक्षा कार्क्रमको औपचारिक रुपमा शुरुवात २००७ सालमा काठमाण्डौमा स्थापना भएको मन्टेश्वरी स्कूलबाट भएता पनि वि.सं. २०५६ सालमा साबिकको शिक्षा विभागले समुदायमा आधारित बालविकास कार्यक्रम सुरु गरे पछि सरकारी स्तरबाट बालविकास र शिक्षाको औपचारिक रुपमा सुरुआत भएको हो। हाल नेपालमा समुदायमा आधारित र विद्यालयमा आधारित गरी २ किसिमका बालविकास केन्द्रहरु मार्फत प्रारम्भिक बालशिक्षा दिने प्रचलन रहेको छ।नेपालको संविधान २०७२ को भाग ३ धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी प्रारम्भिक बालविकास शिक्षालाई बालबालिकाको मौलिक हकको रुपमा स्थापित गरेको छ। साथै शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र प्रारम्भिक बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै एक महत्वपूर्ण अंगको रुपमा मान्यता दिइनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। सबैका लागि शिक्षा र विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) ले पनि प्रारम्भिक बालविकास र शिक्षालाई केन्द्रविन्दुमा राखि विविध कार्यक्रमहरुको व्यवस्था गरेको छ। यसै सन्दर्भमा नेपाल सरकारले प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ मा प्रारम्भिक बालविकास कक्षाका न्यूनतम मापदण्डहरुको व्यवस्था गरी बालविकास केन्द्रहरुलाई बालमैत्री कक्षाको रुपमा विकास गर्नुपर्ने प्रावधान राखेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्नुपर्ने प्राबधान उल्लेख गरेको छ। उक्त प्रारुप अनुसार चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ। यसरी प्रारम्भिक बालविकास शिक्षा बालबालिकाहरुको चौतर्फी विकासमा सघाउँदै उनिहरुलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्धेश्यले सञ्चालन हुने विद्यालय शिक्षाको पहिलो पाइला भएकाले यसलाई सर्वसुलभ,पहुँचयोग्य,सहभागितामूलक, बालमैत्री र गुणस्तरीय बनाउनु आवश्यक भएको छ।

यस खण्डमा प्रारम्भिक बालविकास शिक्षामा सबैको पहुँच, गुणस्तर, समता तथा समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि पञ्चपुरी नगरपालिकाको प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने किसिमका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ३.१.२ वर्तमान अवस्था

प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरुको शारीरिक, मानसिक,संवेगात्मक, सामाजिक एवम् नैतिक तथा सृजनात्मक पक्षको विकासमा सघाउदै उनीहरुलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यका साथ हाल यस पञ्चपुरी नगरपालिकामा ५७ वटा बालिवकास केन्द्रहरु रहेको र जसमध्ये ८ वटा संस्थागत र ४९ वटा सामुदायिक विद्यालयमा मातहतमा नै स्थापना र सञ्चालन भइरहेका छन्। साथै २ वटा सामुदायीक सिकाइ केन्द्रहरुमार्फत पनि समुदायमा सिकाइ निरन्तरताका लागि विभिन्न क्रियाकलापहरु सञ्चालनमा ल्याइएका छन्।

यस पञ्चपुरी नगरपालिकामा प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा सहभागी बालबालिकाहरुको संख्या ७५८ छात्रा र ८८३ छात्र गरी जम्मा १६४१ रहेको छ। यस नगरपालिकाको प्रारम्भिक बालविकास शिक्षाको कुल भर्नादर (GER) ९३.३ र खुद भर्नादर (NER) ७८.३ रहेको छ भने कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहितको भर्नादर ५८.३ रहेको छ। यस्तै सबै प्रारम्भिक बालविकास केन्द्रहरुमा महिला शिक्षकहरु मात्र बालविकास सहजकर्ताको रुपमा कार्यरत भएको पाइन्छ जुन प्रतिशतमा हेर्दा १००% हुन आउँछ र उनीहरु सबैको शैक्षिक योग्यता SEE वा सो सरह रहेको छ। साथै प्रारम्भिक बालविकास शिक्षकहरुलाई आधारभूत तालिम लिएको भएता पनि आधुनिक सूचना प्रविधि तथा नवप्रर्वतनसंग सम्बन्धि कुनै प्रकारको तालिम तथा पेसागत सहयोग प्राप्त नभएको देखिन्छ। जसले गर्दा गुणस्तरीय र बालमैत्री शिक्षा नारामा मात्र सिमीत हुन पुगेको छ। बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार तथा कक्षाकोठा व्यवस्थापन ज्यादै कमजोर हुनु, तालिम प्राप्त र सक्षम जनशक्तिलाई शिक्षण पेशामा आकर्षित गर्न नसकिनु,बालमैत्री सिकाइ बातावरणको अभाव हुनु, बालबालिकाहरु नियमित रुपमा बालविकास केन्द्रमा नआउनु,आफ्ना बालबालिकाहरुको शिक्षाको निम्ति अभिभावकसँग कुनै योजना नहुनु,घरायसी समस्या तथा बाध्यताका कारण कतिपय बालबालिकाहरु भोकै बालविकास केन्द्रमा आउनु, सरकार र विद्यालयहरुले समेत बालविकास केन्द्रका बालबालिकाप्रति सेवा र सुविधा उपलब्ध गराउने सवालमा होचोअर्घेलो र कञ्जुस्याइ गर्नु जस्ता तमाम समस्याहरुले गर्दा यस नगरपालिका अन्तर्गतका सामुदायिक बालविकास केन्द्रहरुले गुणस्तरीय प्रारम्भिक बालशिक्षाको प्रत्याभूति दिन नसकिरहेको तितो यथार्थ स्पष्ट देखिन्छ।

**चुनौती तथा अवसरहरुः**

अहिलेको बदलिदो परिवेशमा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित, सर्वसुलभ, पहुँचयोग्य तथा गुणस्तरीय बनाउनु, स्थापना तथा सञ्चालन भएका बालविकास केन्द्रहरुमा न्यूनतम मापदण्ड अनुसारको पूर्वाधार विकास गर्नु ,भुगोल, जनसंङ्ख्या, मानववस्ती आदीलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवम् स्थापना गर्नु, हाल कायम रहेका बालविकास केन्द्रहरुको संस्थागत क्षमता विकासका साथै आवश्यक थप व्यवस्थापन गर्नु , बालविकासमा कार्यरत शिक्षकको पारिश्रमिक तथा सेवा शर्तको स्पष्ट मापदण्डको विकास गरी प्रारम्भिक बालविकास केन्द्रमा सक्षम र समर्पित जनशक्तिको व्यवस्थापन गर्नु,बालविकास शिक्षामा आम अभिभावकको चासो र सहभागिता वृद्धि गर्नु जस्ता तमाम चुनौतीहरु प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका वर्तमान जल्दाबल्दा मुख्य चुनौतीहरु हुन।

यी चुनौतीहरु सँगसँगै नेपालको संविधान २०७२ मा बालबालिकाको हक अन्तर्गत प्रारम्भिक बालविकास शिक्षालाई समावेश गर्नु, नेपाल सरकारद्धारा बालविकास कक्षाका विद्यार्थीका लागि दिवा खाजाको प्रवन्ध हुनु,प्रदेश सरकार र स्थानीय तहले पनि प्रारम्भिक बालशिक्षाको सुधारका लागि थप बजेट व्यवस्थापन गर्नु,सबै बालविकास केन्द्रहरुमा न्युनतम योग्यता प्राप्त बालविकास सहजकर्ताहरुको व्यवस्था हुनु,प्रतिविद्यार्थी लागतका आधारमा शैक्षिक सामग्री व्यवस्थापनका लागि अनुदानको निकासाको व्यवस्था हुनु, बालविकास केन्द्रको स्थापना, नामाकरण ,सञ्चालन, रेखदेख, व्यवस्थापन,नियमन तथा अनुगमन गर्ने अधिकार स्थानीय तहमा हस्तान्तरण हुनु ,राष्ट्रिय शिक्षा नीति २०७६ ले बालविकास शिक्षाको गुणस्तर अभिबृद्धिका लागि स्पष्ट नीतिगत व्यवस्था गर्नु जस्ता तमाम अवसरहरु पनि प्रारम्भिक बालविकास तथा शिक्षाका विद्यमान अवसरहरु हुन्।

### ३.१.३ लक्ष्य

प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकालाई गुणस्तरिय बालविकास शिक्षाको माध्यमबाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, नैतिक तथा सिर्जनात्मक पक्षको विकास गराई विद्यालय शिक्षाका लागि तयार गराउने।

### ३.१.४ उद्देश्य

यस योजनाले बालविकास उमेर समूहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरी शिक्षाको गुणस्तर सुधार गर्नका लागि निम्नलिखित उद्देश्यहरू तय गरेको छ :

- चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु
- प्रारम्भिक  बालबिकासमा दक्ष र बालबालिका प्रति समर्पित मानव स्रोत र प्रयाप्त भौतिक एवम आर्थिक स्रोतको सुनिश्चतता गर्नु
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु
- प्रारम्भिक बालबिकास उमेरका बालबालिकाहरुका लागि पोषण एवम स्वास्थ्य सुरक्षाको उपयुक्त व्यवस्था गर्नु

### ३.१.५ रणनीतिहरु

यस योजनाको प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नका लागि निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछः

१. प्रारम्भिक बालविकास  शिक्षामा सबै बालबालिकाहरुको पहुँच पुऱ्याउननका लागि प्रचलित मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास  शिक्षाको सञ्चालन गर्ने ।

२. भौगोलिक विकटता, जनसंख्याको चाप तथा समुदायको आवश्यकता र मागका आधारमा प्रारम्भिक बालविकास केन्द्रहरुको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्रहरु स्थापना गर्ने ।

३. अपाङ्गता भएका, जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाहरुको प्रारम्भिक बालविकास तथा शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्नका लागि विभिन्न नमूनाहरू विकास गरी कार्यान्वयन गर्ने ।

४. आवश्यकता र समय सन्दर्भ सँग सँगै प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रम परिमार्जन तथा त्यसको प्रबोधिकरण गरिनेछ । साथै आवश्यकताका आधारमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

५. प्रारम्भिक बालविकास शिक्षाको गुणस्तर सुधारका लागि  सरोकारवाला निकायहरु सबैको लागत सहभागिता अभिबृद्धि गर्ने ।

६. प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमको प्रभावकारिता बृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइने ।

### ३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

प्रारम्भिक उमेर समूहका सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

**प्रमुख नतिजाः**

यस योजनाको सफल कार्यान्वयन सँगै  प्रारम्भिक बालविकास र शिक्षामा निम्नलिखित नतिजाहरुको प्राप्ति हुनेछः

- प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास शिक्षामा सहज पहुँच हुने,
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्ति हुने ,
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त तथा दक्ष शिक्षक सहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेको हुने,
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन साथै पाठ्यक्रम निर्माण तथा प्रवोधीकरण भएको हुने,

- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने,
- प्रारम्भिक बालविकास शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुनेछ ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

यस पञ्चवर्षिय शिक्षा योजना (२०८०/०८१-२०८४/०८५) ले तय गरेका प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धी लक्ष्य र उद्देश्यहरु पूरा गर्न तथा उल्लेखित रणनीतिहरुको कार्यान्वयन गरी मुख्य उपलब्धि र प्रमुख नतिजाहरुको प्राप्तिका लागि आगामी ५ वर्षसम्म सञ्चालन गरिने क्रियाकलाप र ति क्रियाकलापहरुको भौतिक लक्ष्यलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. ३.१. प्रारम्भिक बालविकास र शिक्षाका क्रियाकलापहरु र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८०-२०८४ | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौँथो | पाँचौ | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डहरुका बारेमा बालविकास सहजकर्ता, प्रधानाध्याक तथा वि.व्य.स. का अध्यक्षहरुलाई प्रबोधिकरण गर्ने | पटक | १ | | १ | | १ | ३ | नगरपालिका तथा विद्यालय |
| २ | भूगोल तथा जनसंख्या र आवश्यकताका आधारमा प्रारम्भिक बालविकास केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण गर्ने | पटक | | १ | | | १ | २ | नगरपालिका वडा समिति |
| ३ | विपत महामारीको बेला तथा बालविकास केन्द्रहरु स्थापना नभएका ठाउँहरुमा बैकल्पिक प्रारम्भिक बालविकास शिक्षा कार्यक्रम सञ्चालन गर्ने | आ.अ. | √ | √ | √ | √ | √ | √ | नगरपालिका तथा विद्यालय र वडा समिति |
| ४ | गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाका लागि परिवार, समुदाय, गैर सरकारी संघसंस्था, निजीक्षेत्रसँगको सहकार्य गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | नगरपालिका तथा विद्यालय |
| ५ | पालिका भित्रका बालविकास केन्द्रमा रहेका तथा केन्द्रमा आउन नसकेका बालबालिकाहरुको अपाङ्गता तथा आर्थिक अवस्था पहिचान गरी थप सेवा उपलब्ध गराउने | निरन्तर | √ | √ | √ | √ | √ | √ | नगरपालिका तथा विद्यालय वडा समिति |
| ६ | बालविकास केन्द्रका बालबालिकाहरुका लागि उपयुक्त, बालमैत्री, सुरक्षित तथा अपाङ्गमैत्री भौतिक पूर्वाधारहरुको व्यवस्था गर्ने (कक्षाकोठा, खेलमैदान,शौचालय , खानेपानी) | संख्या | १० | १० | १० | १० | ९ | ४९ | नगरपालिका तथा विद्यालय वडा समिति |
| ७ | प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रम २०७७ का बारेमा बालविकास केन्द्रका सहजकर्ताहरुलाई प्रवोधीकरण गर्ने | पटक | | १ | | १ | | २ | नगरपालिका तथा विद्यालय |
| ८ | प्रारम्भिक बालविकास केन्द्रहरुमा सिकाइका लागि आवश्यक पर्ने विषयक्षेत्र अनुसारका शैक्षिक सामग्री लगायत न्यूनतम खेल सामग्रीहरुको उचित व्यवस्थापन गर्ने | संख्या | १० | १० | १० | १० | ९ | ४९ | नगरपालिका तथा विद्यालय वडा समिति |
| ९ | सबै प्रारम्भिक बालविकास सहजकर्ताहरुको योग्यता तथा क्षमता विकासका लागि आवश्यकतामा आधारित क्षमता विकास तालिम कार्यक्रमहरु सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका तथा विद्यालय वडा समिति |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरुको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन तथा बृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको विकास का लागि आवश्यक प्रबन्धको व्यवस्था गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | नगरपालिका तथा विद्यालय वडा समिति |
| ११ | बालविकास शिक्षाप्रति अभिभावकको चासो र सकारात्मक चीन्तन अभिवृद्धि गर्नका लागि अनिवार्य रुपमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका तथा विद्यालय वडा समिति |
| १२ | विषय विज्ञ, अभिभावक तथा समुदायका सदस्यहरु मार्फत स्थानीय ज्ञान,सिप प्रविधिहरुका बारेमा बालबालिकाहरुलाई अभिमूखीकरण गर्ने व्यवस्था मिलाउने | आ.अ. | √ | √ | √ | √ | √ | √ | नगरपालिका तथा विद्यालय वडा समिति |
| १३ | बालबालिकाको उचित शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा गर्नुका साथै आवश्यकता अनुसार समय समयमा मनोसामाजिक परामर्श सेवा | निरन्तर | √ | √ | √ | √ | √ | √ | नगरपालिका तथा विद्यालय वडा समिति |
| १४ | प्रारम्भिक बालविकास शिक्षामा परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी संघसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी बृद्धि गर्ने प्रणालीको विकास | निरन्तर | √ | √ | √ | √ | √ | √ | नगरपालिका तथा विद्यालय वडा समिति |
| १५ | प्रारम्भिक बालविकास केन्द्रको वास्तविक एवम् सत्य तथ्य विवरणहरुलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत अद्यावद्यिक गर्ने व्यवस्था मिलाउने | निरन्तर | √ | √ | √ | √ | √ | √ | नगरपालिका तथा विद्यालय वडा समिति |
| १६ | पेसाप्रति वफादार, जिम्मेवार,कर्तव्यनिष्ठ र दक्ष सहयोगी कार्यकर्ताको व्यवस्थापन गर्ने | आ.अ. | √ | √ | √ | √ | √ | √ | नगरपालिका तथा विद्यालय वडा समिति |
| १७ | प्रारम्भिक वालविकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ताहरुको पारिश्रमिक तथा सेवा सुविधामा वृद्धि गर्ने | सबै | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश र पालिका |
| १८ | समुदायमा आधारित बालविकास केन्द्र स्थापना र संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका तथा वडा समिति |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालको सन्दर्भमा प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा आठसम्मको शिक्षालाई आधारभूत शिक्षा मानिन्छ। यो विद्यालय शिक्षाको औपचारिक सुरुवाती र माथिल्लो तहको शिक्षाको लागि बलियो जग निर्माण गर्ने शिक्षा हो । आधारभूत शिक्षाले मानव जातिलाई समाजमा सहज तरिकाले जीवनयापन गर्न आवश्यक पर्ने आधारभूत ज्ञान, सीप र दक्षता हासिल गराउने उद्देश्य राखेको हुन्छ। आधारभूत तहको शिक्षाले माध्यमिक शिक्षाको जग बसाल्ने मात्र नभइ देश विकासको मेरुदण्डको रुपमा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। नेपालको संविधान २०७२ को भाग ३ धारा ३१ को शिक्षा सम्बन्धि हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र नि:शुल्क पाउने हक हुनेछ भनी आधारभूत शिक्षालाई मानिसको मौलिक हकको रुपमा व्यवस्था गर्नुका साथै आधारभूत र माध्यमिक तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा शिक्षालाई संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र राखेको छ। संविधानका उल्लेखित ती प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने स्पष्ट गरेको छ । यसै गरी अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ।

विद्यालय क्षेत्र सुधार योजना (२०६६-७२) तथा शिक्षा ऐन २०२८ को आठौँ संशोधनले विद्यालय शिक्षाको पुन: संरचना गरी कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेको छ। नेपालमा लागु भएका सबैका लागि शिक्षा (EFA) (२००१-२०१५), विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP), विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) जस्ता योजना तथा कार्यक्रमहरुले समेत आधारभूत शिक्षालाई उच्च प्राथमिकतामा राखेको थियो भने हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा नेपालको पन्ध्रौँ योजनाले पनि आधारभूत शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरुको व्यवस्था गरेको देखिन्छ।

यस खण्डमा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता,समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि पञ्चपुरी नगरपालिकाको आधारभूत तहको शिक्षाको गुणस्तरिय विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ३.२.२ वर्तमान अवस्था

गुणस्तरीय आधारभूत शिक्षाको माध्यमबाट मानवीय जीवनयापन गर्न आवश्यक पर्ने आधारभूत ज्ञान, सीप र दक्षता हासिल गराउनुका साथै माध्यमिक तहको बलियो जग निर्माण गर्ने उद्देश्यका साथ हाल यस पञ्चपुरी नगरपालिका अन्तर्गत ४४ वटा सामुदायिक र ५ वटा संस्थागत गरी जम्मा ४९ वटा आधारभूत विद्यालयहरू सञ्चालनमा रहेका छन्। जसमध्ये सामुदायिक तर्फ कक्षा १-५ चलेका ३२ वटा र कक्षा १-८ चलेका १२ वटा विद्यालयहरु रहेका छन भने संस्थागत तर्फ कक्षा १-५ चलेको विद्यालय ३ वटा र कक्षा १-८ चलेको विद्यालय २ वटा गरि ५रहेका छन्। यस तहमा सामुदायिक विद्यालयमा ३७३७ जना छात्र र ३७७४ छात्रा गरी जम्मा ७५११ जना विद्यार्थीहरू अध्ययनरत छन्। यसलाई हेर्दा यस नगरपालिकाको आधारभूत तह कक्षा १-८ को कुल भर्नादर (GER) १२५.५ र खुद भर्नादर (NER) ९७.५ रहेको छ। आधारभूत तह कक्षा १-५ को स्थायी दरबन्दीमा ९६ जना, अस्थायी दरबन्दीमा ७ जना , राहत दरबन्दीमा ४१ जना, नगरपालिका अनुदानको दरबन्दीमा २१ जना गरी १६५ जना शिक्षकहरू र आधारभूत तह कक्षा ६-८ को स्थायी दरबन्दीमा १६ जना, अस्थायी दरबन्दीमा २ जना , राहत दरबन्दीमा १३ जना, नगरपालिका अनुदानको दरबन्दीमा २० जना र संघिय अनुदानमा ९ गरी ६० जना शिक्षकहरू कार्यरत छन्। यसरी कक्षा १-८ मा जम्मा २२५ जना शिक्षकहरु कार्यरत छन्। यस तहको विद्यालय संख्या, विद्यार्थी संख्या र शिक्षकहरुको संख्यालाई हेर्दा शिक्षक विद्यार्थी अनुपात २८:१ र विद्यालय शिक्षक अनुपात ५:१ देखिन्छ।

#### चुनौती र अवसरहरु:

नेपालको संविधान २०७२ मा व्यवस्था भएअनुरुप अनिवार्य र निशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु, समय सन्दर्भ संगसँगै आवश्यकता अनुसार दक्ष र पेशाप्रति समर्पित शिक्षकको व्यवस्थापन गर्नु, विद्यालयमा प्रयाप्त भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण निर्माण गर्नु, आवश्यकताको आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्बितरण गर्नु, आधारभूत शिक्षामा शैक्षिक

सुशासन,नियमितता र उत्तरदायित्व बृद्धि गर्नु, शिक्षण सिकाइलाई व्यावहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, सामुदायिक तथा नीजि विद्यालयबीचको विभेद अन्त्य गर्नु, अभिभावक तथा शैक्षिक सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु, कक्षा छाड्ने दर घटाइ सिकाइ उपलव्धीमा बृद्धि गर्नु,सार्वजनिक शिक्षाप्रतिको आम अभिभावकको चासो र आकर्षण बृद्धि गर्नु, विभिन्न किसिमका प्रकोप, संकट तथा महामारीबाट मुक्त बनाउनु,विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्नु, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु, निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रुपमा विकास गर्नु जस्ता चुनौतीहरुले आधारभूत शिक्षालाई गुणस्तरीय बनाउनबाट रोकिरहेका छन्।

यसैगरी आधारभूत तहसम्मको शिक्षालाई संविधानमै अनिवार्य र निशुल्क गरी मौलिक हकको रुपमा स्थापित गरिनु,संविधानमा स्थानीय तहको अधिकार क्षेत्रभित्र आधारभूत तथा माध्यमिक शिक्षालाई राखिनु, संघीयताको कार्यान्वयनसंगै सरोकारवालाहरुमा सार्वजनिक विद्यालयहरुप्रतिको चासो र चिन्ता बढदै जानु, शिक्षकका पेशागत संघ संस्था, राजनीतिक दल, नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त भइरनु, शिक्षामा पहुँच र गुणस्तर अभिबृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको सक्रियता बढदै जानु ,विद्यार्थीहरुको समता,पहुँच बृद्धिका लागि राज्यका तिनवटै सरकारले छात्रवृत्ति तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्न सक्नु, आधारभूत शिक्षामा दिवा खाजा तथा पोषण कार्यक्रम सञ्चालन हुनु,शिक्षालाई संघ,प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राख्नु जस्ता तमाम अवसरहरुसँगसँगै आधारभूत शिक्षामा गुणस्तर सुधारका लागि प्रशस्त आधारहरु रहेका छन्।

### ३.२.३ लक्ष्य

आधारभूत शिक्षा प्राप्त गर्ने उमेरका सबै बालबालिकाहरूका लागि अनिवार्य र निशुल्क गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

### ३.२.४ उद्देश्य

यस योजनाले संविधानमा व्यवस्था भए अनुरुप आधारभूत शिक्षामा सबैको पहुँच अभिवृद्धि गरी अनिवार्य र निशुल्क गुणस्तरीय आधारभूत शिक्षा प्राप्तिका लागि निम्नलिखित उद्देश्यहरू तय गरेको छ :

- आधारभूत तहको शिक्षामा नगरपालिकाभित्रका ५-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ,
- संवैधानिक व्यवस्था अनुसार अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु ,
- सबै बालबालिकाहरूलाई आधारभूत तह पुरा गर्ने अवसर सुनिश्चित गर्नु ,
- सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्नु ,
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
- विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउनु,
- विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु,
- आधारभूत तहमा सिकेका सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
- विविध अन्तरसम्बन्धित विषयबस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु

### ३.२.५ रणनीति

यस योजनाले तय गरेका आधारभूत शिक्षा सम्बन्धी लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नका लागि निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछः

१. जनसंख्या,भुगोल तथा मागका आधारमा आधारभूत विद्यालयहरूको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने।
२. संवैधानिक व्यवस्था अनुरुपको अनिवार्य तथा निशुःल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि कानून तर्जुमा गर्ने।
३. अनिवार्य तथा निशुःल्क आधारभूत शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत तथा लगानीको व्यवस्था गर्ने।

४. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी शिक्षामा पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाइने।
५. आवश्यकता र विद्यार्थी सँख्याका आधारमा उपलब्ध शिक्षक दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने।
६. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमले तोकेका न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने।
७. सम्पूर्ण विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुलाई विद्यार्थीको नतिजाप्रति जवाफदेही बनाइनेछ।
८. सबै सामुदायिक विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने।
९. बालमैत्री विद्यालय मापदण्ड अनुसार विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने।
१०. सबै विद्यालयमा कक्षा ३ सम्म कक्षा शिक्षण पद्दतिलाई कार्यान्वयन गरिनेछ र शिक्षक दरबन्दि अभाव भएका विद्यालयमा बहुकक्षा शिक्षण पनि सञ्चालन गर्ने। साथै प्रारम्भिक कक्षा पढाइ कार्यक्रम मार्फत विद्यार्थीहरुको पठन सीपको विकासमा जोड दिने।
११. शिक्षकहरुको क्षमता अभिबृद्धि तथा शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकहरुलाई जागरुक बनाउन आवश्यक क्षमता विकास तालिम, तयारी, उत्पेरणा तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने।
१२. राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरेअनुरुप विद्यार्थी मूल्याङ्कन प्रणालीलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रूपमा प्रयोगमा ल्याइने।
१३. शिक्षकहरुलाई कक्षाकोठामा आधारित मूल्याङ्कन सम्बन्धि क्षमता विकास गरी निरन्तर विद्यार्थी मूल्याङ्कनको माध्यमबाट सिकाइमा समस्या भएका विद्यार्थीहरुलाई आवश्यक थप सहयोग उपलब्ध गराई सिकाइ स्तरमा सुधार ल्याइने।
१४. आधारभूत तहका विद्यार्थीहरुको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउन स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित र प्रभावकारी बनाइने।
१५. सबै विद्यालयहरुमा अध्ययनरत विद्यार्थी तथा शिक्षक , कर्मचारीहरुका लागि आवश्यकतामा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गर्ने।
१६. विद्यालय शिक्षालाई विविधताअनकुल, समावेशी र समताभूलक बनाउन स्थानीय परिवेशअनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने परिपाटी बसालिने।
१७. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने।
१८. दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गरिनेछ साथै दैनिक जीवनसँग सम्बन्धित व्यहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने।
१९. सबै विद्यालयहरुको शासकीय तथा व्यवस्थापकीय पद्धति र शैक्षिक गुणस्तरमा सुधार गर्न विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने परिपाटीको सुरुवात गर्ने।
२०. शिक्षकको पेशागत विकास सहयोगका लागि शिक्षक विकास र सहायता प्रणालीलाई व्ययस्थित गर्ने।

### ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि:**

अनिवार्य तथा निशुःल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिबृद्धि हुने।

**नतिजा:**

यस योजनाको सफल कार्यान्वयन सँगै आधारभूत शिक्षामा निम्नलिखित नतिजाहरुको प्राप्ति हुनेछः

१. सबै बालबालिकाहरु आधारभूत शिक्षाको पहुँचमा भई विद्यालय शिक्षामा सहभागि भई न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने,

२. सबै सामुदायिक विद्यालयहरुले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेको हुने,
३. सबै विद्यालयहरुमा न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने,
४. विद्यालयहरुमा आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने,
५. सबै विद्यालयहरुमा बालमैत्री र समावेशी वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुने,
६. विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम अन्तर्गत पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने,
७. आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने,
८. विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने,
९. आधारभत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग पुगेको हुने,
१०. आधारभूत शिक्षाका लागि काम गर्ने जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने,

## प्रमुख क्रियाकलाप र लक्ष्य :

यस पञ्चवर्षिय शिक्षा योजना (२०८०/२०८१-२०८४/०८५) ले तय गरेका आधारभूत शिक्षा सम्बन्धी लक्ष्य र उद्देश्यहरु पूरा गर्न तथा उल्लेखित रणनीतिहरुको कार्यान्वयन गरी मुख्य उपलब्धि र प्रमुख नतिजाहरुको प्राप्तिका लागि आगामी ५ वर्षसम्म सञ्चालन गरिने क्रियाकलाप र ति क्रियाकलापहरुको भौतिक लक्ष्यलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. : ३.२ आधारभूत शिक्षाका क्रियाकलापहरु र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८०-२०८४ | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौंथो | पाँचौ | | |
| १ | भुगोल,जनसंख्या र आवश्यकता एवं मागका आधारमा आधारभूत तहका विद्यालयहरुको नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने | पटक | | १ | | | १ | २ | संघ , प्रदेश गाउँपालिका |
| २ | विद्यालयमा शिक्षा ऐन र नियमावलीले तोकेको मापदण्ड अनुसार शिक्षकको व्यवस्था गर्ने | आ.अ. | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश र पालिका |
| ३ | विद्यालय सेवा क्षेत्रभित्रका सबै आधारभूत उमेरका बालबालिकालाई विद्यालय भर्ना गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका र विद्यालय |
| ४ | आधारभूत विद्यालयहरुको न्यूनतम भौतिक पुर्वाधार विकास गर्ने | संख्या | ९ | ९ | ९ | ९ | ८ | ४४ | संघ,प्रदेश र पालिका |
| ५ | प्रारम्भिक कक्षामा पठन तथा गणितीय सीप विकासलाई अभिवृद्धि गर्न पालिकास्तरीय पढाइ, गणितीय सीप परीक्षण तथा अन्य अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |
| ६ | शिक्षकहरुको क्षमता विकास तथा पेशागत सहयोगका लागि तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ,प्रदेश र पालिका |
| ७ | आपतकालीन शिक्षाका लागि विद्यालय उत्थानशील योजना निर्माण गरी कार्यान्वयन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका र विद्यालय |
| ८ | शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गर्ने | संख्या | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश र पालिका |
| ९ | शिक्षकको पेसागत सहयोगका लागि शिक्षक विकास तथा सहायता प्रणालीको पुर्नसंरचना र व्यवस्थापन गर्ने ( विज्ञ समूह गठन तथा परिचालन) | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १० | विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको उचित प्रबन्ध गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,पालिका र विद्यालय |
| ११ | अपाङ्गता भएका विद्यार्थीहरुका लागि आवश्यकताको आधारमा सहयोग गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका र विद्यालय |
| १२ | सबै विद्यार्थीहरुका लागि समयमै गुणस्तरीय पाठ्यपुस्तकको व्यवस्था गर्ने | सबै | √ | √ | √ | √ | √ | √ | संघ,पालिका,विद्यालय |
| १३ | सबै सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको सिकाइका लागि सन्दर्भ सामग्रीको व्यवस्था सहित बुक कर्नरको व्यवस्था गर्ने(कक्षाकोठा व्यवस्थापनको निरन्तरता) | निरन्तर | √ | √ | √ | √ | √ | ६८ | संघ,पालिका , विद्यालय |
| १४ | आर्थिक विपन्नता भएका जेहेन्दार विद्यार्थीहरुका लागि छात्रबृत्तिको व्यवस्था गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,पालिका,विद्यालय |
| १५ | सिकाइका लागि शैक्षिक सामग्री निर्माण, प्रयोग र व्यवस्थापन तथा विद्यालय व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको प्रबन्ध गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,पालिका , विद्यालय |
| १६ | विद्यार्थीको सिकाइमा निरन्तर सहयोग गर्न कक्षाकोठामा आधारित मूल्याङ्कन लागु गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,पालिका , विद्यालय |
| १७ | विद्यार्थीहरुको नतिजालाई विश्वसनीय र वैध बनाउन परीक्षा प्रणालीलाई व्यवस्थित गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | १५ | संघ,पालिका, विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विद्यालयका सत्य तथ्य तथ्याङ्कहरुलाई अद्यावधिक गरी सो को प्रभाकारी प्रयोग गर्नमा जोड दिने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,पालिका, विद्यालय |
| १९ | विद्यालयका वि.व्य.स. र शि.अ.सं.का पदाधिकारीहरूको क्षमता विकासका कार्यक्रमहरुको आयोजना र सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ,पालिका, विद्यालय |
| २० | विद्यालय र विद्यार्थीप्रति अभिभावकहरुको चासो, चीन्तन र अपनत्व विकास गरी गुणस्तरीय सिकाइका लागि अभिभावकहरुलाई अभिमूखीकरण र परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ,पालिका, विद्यालय |

### ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

विद्यालय तहको कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ । यो विद्यालय शिक्षाको अन्तिम र उच्च शिक्षाको आधारशिला निर्माण गर्ने शिक्षा हो । माध्यमिक शिक्षाले नागरिकमा सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । नेपालको सन्दर्भमा माध्यमिक शिक्षालाई साधारण, परम्परागत र प्राविधिक गरी ३ धारमा विभाजन गरी कक्षा ९-१० मा विषयगत र कक्षा ११ र १२ मा प्राविधिक धारको विकल्पहरूसहित एकलपथीय पाठ्यक्रम लागू गरिएको छ भने कक्षा १२ उत्तीर्ण भएपश्चात उच्च शिक्षामा प्रवेश गर्न र कामको संसारमा जान मार्ग प्रशस्त हुने व्यवस्था छ ।

नेपालको संविधान २०७२ को भाग ३ धारा ३१ को शिक्षा सम्बन्धी हकमा प्रत्येक नागरिकलाई माध्यमिक तहको शिक्षा नि:शुल्क पाउने हक हुनेछ भनी माध्यमिक शिक्षालाई मानिसको मौलिक हकको रुपमा व्यवस्था गर्नुका साथै आधारभूत र माध्यमिक तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा शिक्षालाई संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र राखेको छ। संविधानका उल्लिखित ती प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने स्पष्ट गरेको छ । यसैगरी राष्ट्रिय शिक्षा नीति ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच २०७६, सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान,प्रविधि तथा सिपका बारेमा अध्ययन-अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिबृद्धि गर्ने रणनीति लिएको छ ।

यसै गरी विद्यालय क्षेत्र सुधार योजना (२०६६-७२) तथा शिक्षा ऐन २०२८ को आठौँ संशोधनले विद्यालय शिक्षाको पुर्नसंरचना गरी कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेको छ । नेपालमा लागु भएका सबैका लागि शिक्षा (EFA) (२००१-२०१५), विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) जस्ता योजना तथा कार्यक्रमहरुले समेत माध्यमिक शिक्षालाई प्राथमिकतामा राखेको थियो भने हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा नेपालको पन्ध्रौँ योजनाले पनि माध्यमिक शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्दै प्रविधिमैत्री सिकाइका लागि विभिन्न कार्यक्रमहरुको व्यवस्था गरेको देखिन्छ ।

यस खण्डमा माध्यमिक शिक्षाअन्तर्गत कक्षा ९ देखि १२ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता,समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि पञ्चपुरी नगरपालिकाको माध्यमिक शिक्षाको गुणस्तरीय विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ३.२.२ वर्तमान अवस्था

विद्यार्थीहरुमा सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्यका साथ हाल यस पञ्चपुरी नगरपालिकाअन्तर्गत ९ वटा सामुदायिक माध्यमिक विद्यालयहरू र संस्थागत तर्फ २ वटा गरि जम्मा ११ वटा माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । यस तहको कक्षा ९-१० मा ६८६ जना छात्र र ७९४ जना छात्रा गरी जम्मा १४८० जना विद्यार्थीहरू अध्ययनरत छन् भने कक्षा ११-१२ मा ४७६ जना छात्र र ५२८ जना छात्रा गरी जम्मा १००४ जना विद्यार्थीहरू अध्ययनरत छन् । यसरी कक्षा ९-१२ लाई हेर्दा ११६२ जना छात्र र १३२२ जना छात्रा गरी जम्मा २४८४ जना विद्यार्थीहरु अध्ययनरत देखिन्छन् । यसलाई हेर्दा यस नगरपालिकाको माध्यमिक तहको को कुल भर्नादर (GER) ११०.८ र खुद भर्नादर (NER) ६१.४ रहेको छ । माध्यमिक तह कक्षा ९-१० को स्थायी दरबन्दीमा १२ जना, राहत दरबन्दीमा ८ जना, संघिय शिक्षण सिकाइ अनुदानमा १० जना गरी ३० जना शिक्षकहरू र माध्यमिक तह कक्षा ११-१२ को अस्थायी दरबन्दीमा ६ जना शिक्षकहरू र अनुदानमा २ गरी कक्षा ९-१२ मा जम्मा ८ जना शिक्षकहरु कार्यरत छन् । यस तहको विद्यालय संख्या, विद्यार्थी संख्या र शिक्षकहरुको संख्यालाई हेर्दा शिक्षक विद्यार्थी अनुपात ६५:१ र विद्यालय शिक्षक अनुपात ४:१ देखिन्छ ।

### चुनौती तथा अवसरहरुः

नेपालको संविधान २०७२, ले संबैधानिक रुपमा माध्यमिक शिक्षालाई निशुल्क हुने व्यवस्था गरेको भएतापनि त्यसको प्रभावकारी कार्यान्वयन गर्नु,माध्यमिक शिक्षामा सबै वर्ग र क्षेत्रका बालबालिकाहरुको समतामूलक पहुँच सुनिश्चित गर्नु,आवश्यकता अनुसार दक्ष र पेशाप्रति समर्पित शिक्षकको व्यवस्थापन गर्नु,प्रयाप्त भौतिक पूर्वाधारसहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु,आवश्यकताको

आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्बितरण गर्नु,शैक्षिक सुशासन,नियमितता र उत्तरदायित्व बृद्धि गर्नु, विद्यालयमा राजनीतिक हस्तक्षेपको अन्त्य गर्नु,शिक्षण सिकाइलाई व्यावहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु,सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु ,अभिभावक तथा शैक्षिक सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु,संघीय संरचनाअनुरूप माध्यमिक शिक्षाको व्यवस्थापन तथा सञ्चालनका लागि नीतिगतकानुनी तथा संरचनागत स्वरूपको विकास तथा , कार्यान्वयन र संस्थागत क्षमता विकास गर्नु, कक्षा छाड्ने दर घटाइ माध्यमिक तहमा खुद भर्नादर बढाउनु ,माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेको बालबालिकाहरुलाई विद्यालयमा ल्याउनु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तारमा विस्तार गर्नु,विद्यालय शिक्षामा वैकल्पिक प्रवन्ध गरी पहुँच र सहभागिता सुनिश्चित गर्नु, विद्यालय शिक्षालाई उत्थानशील महामारीलगायतका परिस्थितिप्रति(Resilient) बनाउनु र विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रुपमा विकास गर्नु जस्ता चुनौतीहरु माध्यमिक शिक्षाका क्षेत्रमा देखा परेका प्रमुख चुनौतीहरु हुन ।

यसैगरी माध्यमिक शिक्षामा चुनौतीमात्र नभएर तमाम अवसरहरु पनि देखिएका छन् । माध्यमिक तहसम्मको शिक्षालाई संविधानमै निशुल्क गरी मौलिक हकको रुपमा स्थापित गरिनु,संविधानमा स्थानीय तहको अधिकार क्षेत्रभित्र आधारभूत तथा माध्यमिक शिक्षालाई राखिनु, संविधानमै अपाङ्गता भएका र आर्थिक रुपले बिपन्न नागरिकलाई उच्च शिक्षासम्म निशुल्क हुने ब्यवस्था गर्नु, संघीयताको कार्यान्वयनसंगै सरोकारवालाहरुमा सार्वजनिक विद्यालयहरुप्रतिको चासो र चिन्ता बढदै जानु, शिक्षकका पेशागत संघ संस्था, राजनीतिक दल, नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त भइरनु, विद्यार्थीहरुको समता,पहुँच बृद्धिका लागि राज्यका तिनवटै सरकारले छात्रवृत्ति तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्न सक्नु, शिक्षालाई संघ,प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राख्नु जस्ता विद्यमान अवस्थाहरुलाई माध्यमिक शिक्षाको पहुंच,गुणस्तर र प्रभावकारिताका लागि राम्रो अवसरको रुपमा लिन सकिन्छ ।

### ३.३.३ लक्ष्य

मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप र व्यवहारहरू आर्जन गरेका सिपयूत्त जनशक्ति उत्पादन गर्ने ।

### ३.३.४ उद्देश्य

माध्यमिक शिक्षाको माध्यमबाट मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप र दृष्ट्रिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्यलाई पूरा गर्नका लागि यस योजनाले तपसिल बमोजिमका उद्देश्यहरु तय गरेको छः

- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण अपाङ्गतामैत्री बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु
- माध्यमिक विद्यालयहरुको शासकीय तथा व्यवस्थापकीय प्रवन्धमा सुधार ल्याउनु

### ३.३.५ रणनीतिहरू

यस योजनाले निर्दिष्ट गरेका माध्यमिक शिक्षा सम्बन्धी लक्ष्य र उद्देश्यहरु पूरा गर्नका लागि निम्नानुसारका रणनीतिहरु तय गरिएका छनः

- नि:शुल्क माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चितता अभिबृद्धि गर्न भुगोल,जनसंख्या तथा विद्यार्थी र समुदायको आवश्यकताका आधारमा विद्यालयहरूको नक्शाङ्कन , पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।
- सबै माध्यमिक तह सञ्चालित विद्यालयहरुमा आवश्यकता अनुसार दक्ष, क्षमतावान, पेशाप्रति सम्मान गर्ने , कर्तब्यनिष्ठ विषय शिक्षकको व्यवस्था गर्ने ।
- सबै माध्यमिक विद्यालयहरुमा न्यूनतम भौतिक पूर्वाधारहरु (अपाङ्गतामैत्री ) को व्यवस्था गर्ने ।
- माध्यमिक शिक्षामा सबैको पहुंच अभिबृद्धि गरी माध्यमिक तहको खुद भर्नादर र टिकाउदर बढाउनका लागि विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।

- अपाङ्गता भएका तथा आर्थिक रुपले विपन्न जेहेन्दार विद्यार्थीहरुका लागि विभिन्न छात्रवृत्तिको व्यवस्था गर्ने ।
- विद्यालय शिक्षामा समावेश हुन नसक्ने विद्यार्थीहरुका लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चितगर्नका लागि  शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- शिक्षकहरुको पेशागत सहयोग तथा क्षमता विकासका लागि क्षमता विकास तालिम एवम् शिक्षक पेसागत विकास तथा सहयोगको प्रणालीको स्थापना र परिचालन गर्ने ।
- शिक्षण पेशाप्रति सम्मान गर्न तथा शिक्षकहरुलाई शिक्षण पेशाप्रति आकर्षित गर्नका लागि अभिप्रेरणामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सबै माध्यमिक विद्यालयहरुमा  सूचना तथा सञ्चार प्रविधि विस्तार गरी शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाइने ।
- विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय तथा विज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन गर्ने ।
- सबै विद्यालयहरूलाई समय समयमा देखा पर्ने  प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउनका लागि आवश्यक कार्यक्रम गर्ने ।
- माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुलाई प्राविधिक धार तथा विज्ञान विषय अध्ययनका लागि पूर्वाधार सहितको व्यवस्था आवश्यक पहल गर्ने ।
- सबै माध्यमिक विद्यालयहरुको शासकीय व्यवस्थामा सुधार गर्न तोकिएको मापदण्ड बमोजिम सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने ।
- निरन्तर तथा आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा सुधार गर्दै शिक्षकहरुलाई विद्यार्थीको नतिजाप्रति  जवाफदेही हुने प्रणाली विकास गर्ने ।

### ३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुनुका साथै सान्दर्भिकता र गुणस्तरमा सुधार भई सक्षम जनशक्ति उत्पादन हुने

**प्रमुख नतिजाः**

यस योजनाको सफल कार्यान्वयनसँगै माध्यमिक शिक्षामालतपसिल बमोजिमका नतिजाहरुको प्राप्ति हुनेछः

- माध्यमिक विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई निशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्नादर तथा टिकाउ दरमा बृद्धि हुने,
- सबै विद्यालयहरुमा विषयगत रुपमा दक्ष तथा पेशाप्रति प्रतिबद्ध शिक्षकहरुको व्यवस्थापन भई सिकाइको प्रतिफल उच्च हुने,
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड बमोजिमको भौतिक पूर्वाधार  पुरा गरेको हुने,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिबृद्धि हुने,
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने,
- माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
- माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने,
- माध्यमिक विद्यालयहरू प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने,

- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने,
- माध्यमिक तहको शिक्षामा सुशासन कायम हुनुका साथै गुणस्तरीय शिक्षा प्रवाह हुने

### प्रमुख क्रियाकलाप र लक्ष्यः

यस पञ्चवर्षिय शिक्षा योजना (२०८०/८१-२०८४/०८५) ले तय गरेका माध्यमिक शिक्षा सम्बन्धी लक्ष्य र उद्देश्यहरु पूरा गर्न तथा उल्लेखित रणनीतिहरुको कार्यान्वयन गरी मुख्य उपलब्धि र प्रमुख नतिजाहरुको प्राप्तिका लागि आगामी ५ वर्षसम्म सञ्चालन गरिने क्रियाकलाप र ति क्रियाकलापहरुको भौतिक लक्ष्यलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं.३.३ माध्यमिक शिक्षाका क्रियाकलापहरु र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८०-२०८४ | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौँथो | पाँचौ | | |
| १ | भुगोल,जनसंख्या तथा आवश्यकताका आधारमा माध्यमिक विद्यालयहरुको नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने | पटक | | | १ | | | १ | संघ,प्रदेश,पालिका |
| २ | संबैधानिक व्यवस्थानुसारको निशुःल्क माध्यमिक शिक्षा प्रदान गर्नका लागि आवश्यक पर्ने कानून, कार्यविधि र निर्देशिका तयार गर्ने | आअ | | | १ | | | १ | संघ,प्रदेश,पालिका |
| ३ | विद्यालयको न्युनतम भौतिक पूर्वाधारहरु विकास तथा कक्षाकोठा व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ,प्रदेश,पालिका र विद्यालय |
| ४ | सबै माध्यमिक विद्यालयहरुमा शिक्षा ऐन तथा नियमावलीले तोकेको मापदण्डअनुसार विषयगत शिक्षकको व्यवस्था गर्ने | आ.अ. | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| ५ | माध्यमिक शिक्षामा सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्ने खालका कार्यक्रमहरु आयोजना गर्ने (भर्ना समता अवसर सहभागिता) | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| ६ | माध्यमिक शिक्षामा आवश्यकता अनुसार खुला तथा दूर शिक्षा लगायतका बैकल्पिक माध्यमहरुको प्रबन्ध गर्ने | आ.अ. | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| ७ | विद्यालयहरुको शासकीय व्यवस्थामा सुधार गर्न तोकिएको मापदण्ड बमोजिम सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने | सख्या | २ | २ | २ | २ | १ | ९ | पालिका र विद्यालय |
| ८ | नियमित रुपमा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी सिकाइमा समस्या परेका विद्यार्थीहरुका लागि थप सिकाइका क्रियाकलापहरु सञ्चालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| ९ | शिक्षकहरुको क्षमता विकास गर्न तथा समय सान्दर्भिक बनाउन समयानुकुलका क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १० | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन गरी संकट तथा आपतकालीन अवस्थामा पनि विद्यार्थीहरुको सिकाइलाई निरन्तरता दिने | आ.अ. | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | माध्यमिक शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गर्ने | संख्या | १ | १ | १ | १ | १ | ५ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १२ | शिक्षक सिकाइ समूहको बैठक तथा विज्ञ समूहको परिचालन मार्फत शिक्षकको पेशागत सहयोगका लागि शिक्षक सहायता प्रणालीको स्थापना र परिचालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १३ | विद्यालयमा बालविबाह न्युनीकरण, पोषण, महिनावारी स्वच्छता, सरसफाई तथा सुरक्षित स्वास्थ्य सम्बन्धी अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १४ | अपाङ्गता भएका र आर्थिक रुपले विपन्न विद्यार्थीहरुका लागि सिकाइमा सहयोग गर्न अक्षयकोषको स्थापना र सञ्चालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १५ | आर्थिक रुपले विपन्न बालबालिकाकलाई नि:शुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, ड्रेस तथा स्टेशनरी, छात्रबृत्ति र सिकाइ सामग्री व्यवस्था गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १६ | सबै कक्षाहरुमा कक्षाकोठामा आधारित मूल्याङ्कन पद्दतिको अवलम्बन गरी सिकाइको गुणस्तर सुधारमा सहयोग गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १७ | विद्यार्थीहरुको नतिजालाई विश्वसनिय तथा वैध बनाइ अन्तराष्ट्रिय बजारमा प्रतिष्प्रधा गर्न सक्ने शिक्षा प्रदान गर्न परीक्षा प्रणालीलाई व्यवस्थित बनाउने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १८ | विद्यालय शिक्षाको हरेक तथ्याङ्कहरुलाई व्यवस्थित बनाउन शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई वास्तविक बनाउने (क्षमता विकास तालिम) | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १९ | विद्यालय शिक्षामा सुशासन कायम गरी प्रभावकारी विद्यालय व्यवस्थापनका लागि विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ,प्रदेश,पालिका र विद्यालय |

## ३.४ पाठ्यक्रम र पाठ्यसामग्री

### ३.४.१ परिचय

पाठ्यक्रम सिकाइको योजना हो। अर्थात शिक्षण सिकाइको उपलब्धि, विषयबस्तु, सहजीकरण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रिया सहितको वृहत दस्तावेजलाई पाठ्यक्रम भनिन्छ। कुनै पनि देशको विद्यालयहरूको शिक्षा कस्तो छ र त्यहाँका बालबिलकाहरूले कुन कक्षा वा तहमा गएर के सिक्नु पर्छ भन्ने कुरालाई त्यहाँको पाठ्यक्रमले निर्धारण गर्दछ। यति मात्र नभई पाठ्यक्रमले उक्त मार्गमा सिकारूलाई कसरी हिड्न सिकाउने वा हिड्न सहयोग गर्ने भन्ने कुराको समेत व्याख्या गर्दछ। पाठ्यक्रमले निर्देश गरेको मार्गमा सिकारू हिड्न सके, नसकेको पहिचान गरी हिड्न नसकेको भए वा अर्को कुनै अनपेक्षित मार्गमा हिडेको भएमा सिकारूलाई पाठ्यक्रमले तोकेको मार्गमा हिड्न प्रेरित गर्ने काम मूल्याङ्कनले गर्दछ। पाठ्यक्रममा निर्दिष्ट उद्देश्यहरु परिपूर्ति गर्ने मुख्य साधनहरु पाठ्यपुस्तक शिक्षक निर्देशिका र सन्दर्भसामग्रीहरु लाई पाठ्यसामग्री भनिन्छ। पाठ्यसामग्रीको अभावमा पाठयक्रमका निर्दिष्ट उपलब्धिहरु विद्यार्थीहरुमा हाँसिल गराउन असम्भव हुन जान्छ। पाठ्यक्रमको कार्यान्वयनमा पाठ्यसामग्रीहरुले सघाउने भएकाले शिक्षण सिकाक्षमा पाठ्यसामग्रीहरु अपरिहार्य हुन आउँछन।

पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा, ज्ञान, सिप तथा अभिवृत्तिको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व पिरवेश अनुकुल समायोन हुन, रोजगरी प्राप्त गर्न, पेशा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ। पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिने भएकोले यसले सामाजिक मूल्य मान्यता तथा व्यवहारलाई सान्दर्भिकरण सहित आत्मसात् गर्न, विभेद रहित, समतामूलक र समावेशी दृष्टिकोण अनुरूप व्यवहार गर्न, आफ्नो र अरुको अधिकार र कर्तव्य प्रति सचेत रहन, सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ। यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनुपर्दछ। मानवीय आवश्यकता, बालबालिकाका रूचि, सामाजिक मूल्यमान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप, तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाको रूपमा लिन आवश्यक छ। नेपालमा वि.स. २०२८को राष्ट्रिय शिक्षा पद्दतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरु सहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रवन्धका रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो। पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासंगै विद्यालय तहको पाठ्यक्रम विकास सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्धारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रुपमा वि.स. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु भयो। यसै क्रममा वि.स.२०७६ नयाँ पाठ्यक्रम तयार भइ विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नँया पाठ्यक्रम विकास गरी वि.स. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भइ वि.स २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरु अर्थात कक्षा १-१२ मा यो पाठ्यक्रम कार्यान्वयन गर्ने योजना रहेको छ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरुपको पाठ्यक्रममा कतिपय नयाँ विषयक्षेत्र तथा विषयवस्तु समावेश गरी अनुपयोगी विषयवस्तुहरुलाई परिमार्जन तथा प्रतिस्थापन गरिएको छ। यस प्रारुप अनुरुपका पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरिएको छ। प्रत्येक विषयबस्तुमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक व्यवहारिक अभ्यास गराउनुपर्ने व्यवस्था गरिएको छ।

यस खण्डमा पञ्चपुरी नगरपालिकाको विद्यालय तहको स्थानीय पाठ्यक्रम विकास, कार्यान्वयन तथा मूल्याङ्कन सम्बन्धी वर्तमान अवस्थाको समिक्षा गर्ने प्रयास गरिएको छ। पाठ्यक्रमको सम्बन्धमा गरिएको समिक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरिएको छ। पहिचान गरिएका चुनौती र अबसरहरूलाई मध्यनजर गरी यस योजना अवधिमा पाठ्यक्रमलाई बढी सान्दर्भिक बनाउन, यसको प्रभावकारी कार्यान्वयन गर्न पाठ्यक्रम, पाठ्यसामग्री तथा मूल्याङ्कन सम्बन्धी यस योजनाको उद्देश्य, रणनीतिहरू, अपेक्षित मुख्य नतिजा र मुख्य कार्यक्रम तथा लक्ष्यहरू उल्लेख गरिएको छ।

### ३.४.२ वर्तमान अवस्था

यस नगरपालिकामा पनि नेपाल सरकारको कार्यक्रम अनुरुप विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन शुरू भएको छ। र आगामी वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू (कक्षा १-१२) मा नयाँ परिवर्तित पाठ्यक्रम कार्यान्वयन हुनेछ। विद्यालय तहमा हाल

कार्यान्वयनमा रहेको कक्षा १-३ को एकीकृत पाठ्यक्रमको कार्यान्वयनमा सहजीकरण गर्ने हेतुले यस पालिकाले पटक पटक अभिमूखीकरण कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। यसैगरी विद्यालयमा सन्दर्भसामग्री तथा प्रत्येक कक्षामा बुक कर्नरको व्यवस्था गर्न हरेक वर्ष विद्यार्थी संख्याको आधारमा अनुदान रकम पनि उपलब्ध गराउदै आएको छ। हाल यस पालिकाका ३ वटा माध्यमिक विद्यालयहरुमा छुट्टै पुस्तकालय समेत स्थापना र सञ्चालन भएका छन।

यस पञ्चपुरी नगरपालिकाको आफ्नो छुट्टै स्थानीय पाठ्यक्रम नभएकाले पालिकाभित्र सञ्चालनमा रहेका ४४ वटै आधारभुत तहका सामुदायिक विद्यालयहरूमा कक्षा १-८ मा स्थानीय विषयको रुपमा अंग्रेजी र कम्प्यूटर विषयको रूपमा पठनपाठन भैरहेको छ। हालको लागि स्थानीय पाठ्यक्रमको रुपमा अन्य विषयहरु पठनपाठन भएको भएतापनि आगामी शैक्षिक वर्ष २०८० देखि लागु हुने गरी स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्ने योजना रहेको छ ।

### चुनौती तथा अवसरहरु:

नेपाल सरकारले समयको परिवर्तन सँगसँगै नयाँ किसिमका युग सुहाउँदो पाठ्यक्रमहरु विकास गरेता पनि सबै शिक्षकहरूलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखिकरण गर्नु, पेसाप्रति प्रतिबद्ध र दक्ष विषयगत शिक्षकको व्यवस्था गर्नु, विद्यालयमा आधारित शिक्षकको पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु, गाउँ पालिकास्तरमा पाठ्यक्रम निर्माण र परिमार्जनका लागि आवश्यक पर्ने संरचनाको स्थापना गर्नु, अपाङ्गता भएका बालबालिकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृति अनुसार लचकता प्रदान गर्नु, शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजीटल सन्दर्भ सामग्रीको विकास तथा उपलब्धताको सुनिश्चत गर्नु, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्नु, विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्न बनाउनु, सिकाइ सहजीकरणमा सूचना प्रविधिको प्रयोग गर्नु, अनलाइन पद्धतिमा आधारित शिक्षण सिकाइका लागि सिप, प्रविधि र पहुँच बिस्तर गर्नु, पाठ्यक्रम विकास, परिमार्जन र कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह र विद्यालयको अर्थपूर्ण सहभागिता कायम गरी पाठ्यक्रम कार्यान्वयनमा जवाफदेहिताको सुनिश्चितता गर्नु जस्ता तमाम चुनौतीहरु विद्यमान छन्।

माथिका तमाम विद्यमान चुनौती सँगसँगै पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणालीमा विद्यार्थीले कण्ठ गर्ने किसिमको संज्ञानात्मक पक्ष भन्दा सिप र सिर्जनालाई प्राथमिकता दिने कार्यको सुरूवात हुनु, मूल्याङ्कन प्रणाली क्रमश: विद्यालय र शिक्षकमा आधारित हुँदै जानु ,स्थानीय ज्ञान सिप र प्रविधिलाई क्रमश: पाठ्यक्रममा समावेश गरी शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन हुनु, पाठ्यपुस्तकको छपाई गुणस्तर र डिजाइनमा आगामी दिनहरूमा सुधार हुँदै जानु,पाठ्यपुस्तक प्रकाशनमा भएको एकाधिकार क्रमश: प्रतिस्पर्धात्मक किसिमले बजारमा जानु, विद्यालयहरूमा पाठ्यपुस्तकमा आधारित नभई शिक्षण सिकाइ क्रियाकलपहरू पाठ्यक्रममा आधारित हुँदै जानु, सन्दर्भ सामग्रीहरूको प्रकाशनमा वृद्धि हुँदै जानु, वेभसाइटहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्री इकपिहरू पढ्ने मिल्ने गरी उपलब्ध हुँदै जानु, प्रारम्भिक कक्षा पढाई कार्यक्रमअन्तरगत विद्यालयहरुमा बालबालिकाहरूका लागि कक्षाकोठाहरूमा सन्दर्भ सामग्री सहितका बुक कर्नर हरूको व्यवस्था हुनु, स्थानीय स्तरका आवश्यकता तथा सम्भावनाहरूलाई समेट्ने गरी स्थानीय पाठ्यक्रम निर्माण हुनु जस्ता अवसरहरु पनि रहेका छन्।

### ३.४.३ लक्ष्य

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिबृत्तिको विकास भई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार हुने

### ३.४.४ उद्देश्य

यस योजनाले पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कनलाई समयसापेक्ष, समय सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई समृद्ध पञ्चपुरी नगरपालिका निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु रहेको छ भने यस सम्बन्धी उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन पद्धतिको कार्यान्वयन गर्नु
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु
- स्थानीय आवश्यकता र विश्व परिवेशलाई आत्मसात् गरी पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाउनु ।
- अनुसन्धान तथा जीवन्त अनुभवमा आधारित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकारूमा ज्ञान,सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु
- सिकारूका सिकाइ समस्याको समाधान उन्मुख, निरन्तर आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु ।
- कक्षाकोठामा हुने शिक्षण सिकाइलाई पाठ्यपुस्तकमा आधारित नभई पाठ्यक्रममा आधारित बनाउनका लागि विद्यालयको वातावरण उपयुक्त बनाउनु र शिक्षकको दक्षता र समर्पण भावमा सुधार गर्नु ।
- स्तरीय र सिकारू मैत्री स्थानीय विषयको पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरूको लेखन र प्रकाशन गरी विद्यालय र विद्यार्थीहरूलाई सहज किसिमले उपलब्ध गराएर पठन सँस्कृतिमा विकास गर्दै सिकाइ उपलब्धीमा विकास गर्नु
- स्थानीय स्तरमा पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कनको क्षेत्रमा काम गर्नका लागि उपयुक्त संरचना र जनशक्तिको व्यवस्था गर्नु ।

### ३.४.५ रणनीतिहरु

उल्लिखित उद्देश्यहरू हाँसिल गर्न निम्न रणनीतिहरू अबलम्बन गरिने छः

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको सफल कार्यान्वयन गर्ने ।
२. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका विकसित पाठ्यक्रम तथा पाठ्यसामग्रीहरुको सफल कार्यान्वयन गर्नका लागि शिक्षक तथा सरोकारवालाहरुलाई प्रवोधिकरण तथा अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने ।
३. स्थानीय आवश्यक्ताको आधारमा पालिका स्तरमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्ने ।
४. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकासको प्रक्रियालाई बढी सहभागितामूलक बनाई कार्यान्वयनमा ल्याइनेछ र यसको प्रभावका आधारमा निरन्तरता प्रदान गरिनेछ । विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीका बारेमा सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रभावकारी ढङ्गले प्रबोधिकरण गर्ने ।
५. वैकल्पिक सिकाइका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी स्थानीय तहमा पर्न सक्ने विपत, महामारी तथा संकटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको प्रभावकारी सुधार, शिक्षकको पेशागत सक्षमता विकास र पर्याप्त सिकाइ सामग्री विकास गरी सिकाइको अवसरमा अभिवृद्धि गरिनेछ र विद्यालयहरूलाई यसको लागि सक्षम बनाउँदै गर्ने ।
६. सबै विद्यालयहरुमा शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने गरिनेछ । साथै अनलाइन सिकाइ पोर्टल मार्फत यी सामग्रीहरुलाई सर्वसुलभ गर्ने ।
७. विद्यालयहरूलाई वैकल्पिक तथा बहुकक्षा बहुस्तर शिक्षण सिकाइ अनुरूपका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम बनाउँदै लगिने ।

८. प्रत्येक सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयमा सूचना सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी शिक्षक तथा सिकारूलाई प्रविधिको प्रयोग थप ज्ञान, सिप विस्तारको अवसरमा वृद्धि तथा खोजमुलक शिक्षण सिकाइको प्रयोग गर्ने वातावरणको सुनिश्चित गर्ने ।
९. सिकारूको सिकाइ उपलब्धी प्रति शिक्षकलाई जिम्वेवार तथा जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धीलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने वातावरण सिर्जना गर्ने ।
१०. शिक्षण सिकाइभन्दा परीक्षालाई महत्व दिने हाम्रो सँस्कारलाई परिवर्तन गरि सिकारुले सिकेको प्रमाणित भैसकेपछि परीक्षा लिइरहनु नपर्ने गरी मूल्याङ्कन प्रणाली विकास गरिनेछ साथै विद्यार्थी मूल्याङ्कनलाई पारदर्शी, वस्तुनिष्ठ र कक्षाकोठाको सिकाइमा आधारित हुने गरी परिमार्जन गर्ने ।
११. स्थानीय स्तरको पाठ्यक्रमको निर्माण र परिमार्जन एवम् पाठ्यपुस्तको विकास र प्रकाशन तथा कार्यान्वयनका लागि स्थानीयस्तरमा उपयुक्त अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिबृद्धि गर्ने ।
१२. विपद्,महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने।
१३. पाठ्यक्रम तथा पाठ्यसामग्रीहरुको प्रयोग गरी त्यसको उपलब्धि प्राप्तिमा सहयोग गर्नका लागि शिक्षकको पेसागत सक्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्नुका साथै विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने ।
१४. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ।

### ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक र मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सिर्जनशील, सकारात्मक सोच भएको निरन्तर सिकइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग प्राप्त हुने ।

**प्रमुख नतिजाः**

यस योजनाको सफल कार्यान्वयनसँगै पाठ्यक्रम तथा पाठ्यसामग्रीको क्षेत्रमा निम्नानुसारका नतिजाहरु प्राप्ति हुनेछन् :

१. कक्षा १-३ मा व्यवहार कुशल सिपहरू सहित अन्तर विषयक तथा बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने,
२. कक्षा १-८ सम्म सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम कार्यान्वयन भएको हुने,
३. कक्षाकोठामा सिकाइको अभिन्न अङ्ग र सिकाइ सुधारको माध्यमको रूपमा निरन्तर मूल्याङ्कनको प्रयोग हुनाका साथै विभिन्न तहमा सञ्चालन गरिने परीक्षाले विद्यार्थीको क्षमताको सहि मूल्याङ्कन गरेको हुने,
४. विद्यालय शिक्षाका पाठ्यसामग्रीहरू अपाङ्गमैत्री तथा सामाजिक-साँस्कृतिक र भौगोलिक विविधता सापेक्ष हुने,
५. राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसारका पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने
६. कार्यान्वयन भएका पाठ्यक्रमहरुको विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने
७. विद्यालय तथा कक्षाकोठामा सिकेका सिकाइ दैनिक जीवनसँग सम्बन्धित हुने
८. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुने
९. सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुने
१०. स्थानीय पाठ्यक्रम अनुसारका पाठ्यसामग्रीहरुको निर्माण तथा तिनीहरुको सफल कार्यान्वयन हुने
११. सिकाइ क्रियाकलाप बालमैत्री स्थानीय परिवेश अनुकुल, समय सापेक्ष, सान्दर्भिक तथा प्रभावकारी हुने
१२. स्थानीय पाठ्यक्रम विकास तथा परिमार्जनमा सम्बन्धित सरोकारवालाहरुको सहभागिता हुनेछ ।

## प्रमुख क्रियाकलाप र लक्ष्यः

यस पञ्चवर्षिय शिक्षा योजना (२०८०/०८१-२०८४/०८५) ले तय गरेका पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धी लक्ष्य र उद्देश्यहरु पूरा गर्न तथा उल्लेखित रणनीतिहरुको कार्यान्वयन गरी मुख्य उपलब्धि र प्रमुख नतिजाहरुको प्राप्तिका लागि आगामी ५ वर्षसम्म सञ्चालन गरिने क्रियाकलाप र ति क्रियाकलापहरुको भौतिक लक्ष्यलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३.४ पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धि क्रियाकलापहरु र लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८०-२०८४ | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौँथो | पाँचौ | | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम कार्यान्वयन हुने पाठ्यक्रमको अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ,प्रदेश,पालिका र विद्यालय |
| २ | पाठ्यक्रमले तोकेअनुसारका सिकाइ उपलब्धिहरुको प्राप्तिका लागि आवश्यकतामा आधारित शिक्षक क्षमता विकास तालिमको प्रबन्ध गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ,प्रदेश,पालिका र विद्यालय |
| ३ | शिक्षक पेसागत सहयोगका लागि शिक्षक सिकाइ समूहको गठन, कक्षा अवलोकन तथा विज्ञ समूहको परिचालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| ४ | राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार विद्यार्थीको नियमित मूल्याङ्कन गरी सिकाइमा सुधार ल्याउन कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन पद्दति अवलम्बन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| ५ | विद्यायमा सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका र विद्यालय |
| ६ | शिक्षण सिकाइलाई प्रविधिमैत्री तथा गुणस्तरीय र युगसुहाउँदो बनाउनका लागि शिक्षामा डिजिटल सामग्री एवम् सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ,प्रदेश,पालिका र विद्यालय |
| ७ | आधारभूत तथा माध्यमिक विद्यालयहरुमा क्रमस पुस्तकालयको स्थापना गर्ने | संख्या | १ | १ | १ | १ | १ | ५ | संघ,प्रदेश,पालिका र विद्यालय |
| ८ | कक्षा १ देखि १२ सम्मका सबै विद्यार्थीहरुका लागि समयमै गुणस्तरीय निशुःल्क पाठ्यपुस्तक वितरण गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| ९ | शिक्षण सिकाइमा पाठ्यपुस्तकका अतिरिक्त प्रयाप्त सन्दर्भ सामग्रीको प्रयोगका लागि प्रत्येक कक्षामा बुक कर्नरको व्यवस्था गरी त्यसको शिक्षणमा प्रयोग गर्ने | सबै वि | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १० | तहगत रुपमा स्थानीय पाठ्यक्रम विकास गरी त्यसको सफल कार्यान्वयन गर्ने | संख्या | १ | | १ | | १ | ३ | संघ,प्रदेश,पालिका र विद्यालय |
| ११ | शिक्षण सिकाइको माध्यम भाषाका रूपमा मातृभाषाको प्रयोग गर्ने | आ.अ. | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र कार्यान्वयनको अवस्था बुझ्न एव कार्यान्वयनमा देखिएका समस्याहरुको समाधानका लागि समय समयमा सुपरिवेक्षण तथा अनुगमन गरी आवश्यकताका आधारमा पृष्ठपोषण प्रदान गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १३ | पाठ्यक्रमको प्रभावकारिता तथा विद्यार्थीको सिकाइ स्तर जाँच गर्नका लागि आवश्यकता अनुसार विभिन्न आवधिक परीक्षा सञ्चालन गर्ने | आ अ | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १४ | पाठ्यक्रम परिमार्जनका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने | आ अ | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |

## ३.५ शिक्षक व्यवस्थापन र पेसागत विकास

### ३.५.१ परिचय

पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरु हासिल गराउनका निमित्त विद्यार्थीहरुलाई सिकाइ सहजीकरणमा सहयोग पुर्‍याउने महत्वपूर्ण व्यक्तित्वलाई शिक्षक भनिन्छ। शिक्षकले पाठ्यक्रम र विद्यार्थीलाई जोडने सेतुको रुपमा काम गरिरहेका हुन्छन। कुनैपनि देशको शैक्षिक गुणस्तरलाई कस्तो बनाउने भन्ने कुरा शिक्षकमा निर्भर रहन्छ। शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ। शिक्षकको क्रियाशीलतामा शिक्षण सिकाइले गति लिने गर्दछ। शिक्षकको विषयवस्तु सम्बन्धी ज्ञान,सीप, दक्षता, पेशाप्रतिको समर्पण र आकर्षक व्यक्तित्वले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पारेको हुन्छ। नेपालको सन्दर्भमा शिक्षामा विनियोजन भएको बजेटको करिव ७० प्रतिशत बजेट शिक्षकको तलब भत्तामा खर्च हुनुले पनि गुणस्तरिय शिक्षाका लागि शिक्षकको महत्वलाई प्रमाणित गर्दछ। शिक्षा ऐन तथा नियमावलीले प्राथमिक तहमा विद्यार्थी सँख्याको आधारमा र निम्नमाध्यमिक तथा माध्यमिक तहमा विषयको आधारमा शिक्षक दरबन्दीको व्यवस्थापन हुनुपर्ने व्यवस्था गरेको छ। त्यस्तै विद्यामान मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात १:४० कायम गरिएको छ। शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरवन्दी र माध्यमिक तहमा १२ दरबन्दी हुनुपर्ने व्यवस्था गरेको छ। हालसम्म शिक्षकको पेशागत विकास TPD तालिम लिएका शिक्षकहरुको सँख्या ९८.२ प्रतिशत रहेको छ। वर्तमान परिवेशमा शिक्षक बन्नका लागि तयार पार्ने कार्य विद्यालय तथा विश्वविद्यालयहरुले गरिरहेका छन भने शिक्षक बन्नका लागि चाहिने अध्यापन अनुमति पत्रको परीक्षा सञ्चालन र अनुमति पत्र प्रदान गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्ने, नियुक्तिका लागि सिफारिस गर्ने, बढुवा गर्ने जस्ता कार्यहरु शिक्षक सेवा आयोगले गर्दै आएको छ। त्यस्तै आयोगबाट सिफारिस भएका शिक्षकहरुलाई नियुक्ति गर्ने कार्य शिक्षा विकास तथा समन्वय इकाइ र पदस्थापन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन्। यसैगरी अस्थायी करार र निजी स्रोतका शिक्षकहरुको नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने जस्ता कार्य पनि स्थानीय तहहरुले गर्दै आएका छन्। शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने, कानून बनाउनेकार्य शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, तालिमका प्याकेज बनाउने, प्रशिक्षक तयार पार्ने जस्ता कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र क्षमता विकास सम्बन्धी कार्यक्रमहरु प्रदेशमा स्थापना भएका तालिम केन्द्रहरुले गर्दै आएका छन्।

यस खण्डमा पञ्चपुरी नगरपालिकाको शिक्षक व्यवस्थापन र पेशागत विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि दक्ष,पेशाप्रति प्रतिबद्ध र गुणस्तरीय शिक्षक व्यवस्थापन गरी ती शिक्षकहरुको पेसागत विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ३.५.२ वर्तमान अवस्था

यस नगरपालिकामा हाल शिक्षक विद्यार्थी अनुपात ३८:१ रहेको छ। जुन प्रदेशस्तरमा २८ र राष्ट्रिय रुपमा २४ रहेको छ। यस नगरपालिकामा हाल सबै किसिमका शिक्षकहरुको जम्मा संख्यालाई हेर्दा प्राथमिक तहमा १६५ निम्नमाध्यमिक तहमा ६० र माध्यमिक तहमा ३८ जनाको दरबन्दी रहेको छ। यस पालिकाले माध्यमिक तहका १० निम्नमाध्यमिक तहका २० र प्राथमिक तहमा २१ जना पालिका अनुदान शिक्षकहरुको व्यवस्था गरी शिक्षकको अभावलाई सम्बोधन गर्ने प्रयास गरिएको छ। विद्यालयमा कार्यरत शिक्षकहरुको निरन्तर पेशागत विकास र क्षमता विकासका लागि छोटा अवधिका तालिमहरु सञ्चालन हुदै आएका छन्। यसैगरी शिक्षकहरुको पेसागत विकासका लागि विद्यालयमा प्रधानाध्यापकद्धारा कक्षा अवलोकन तथा आवश्यक सहयोग हुदै आएको छ। नगरपालिकाले प्रधानाध्यापक बैठक मार्फत पनि शिक्षकहरुको क्षमता विकासका लागि आवश्यक छनफल गर्ने, बेलाबेला पाठ्यक्रम अभिमूखीकरण तथा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली अद्यावधिक गर्ने जस्ता विषयहरुमा छोटा तालिमहरु पनि प्रदान गर्दै बएको छ। यसैगरी प्रदेश सरकार मानव संसाधन विकास केन्द्रले सञ्चालन गर्ने शिक्षक पेशागत विकास तालिममा पनि यस पालिकाले शिक्षकहरुलाई पठाउने गरेको छ। यती हुदाँ दुँदै पनि हालको सन्दर्भमा शिक्षक कर्मचारीहरुलाई पाठ्यक्रम प्रवोधीकरण ,सूचना प्रविधि, विद्यालय लेखा प्रणाली व्यवस्थापन ,सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन लगायतका शिक्षकको क्षमता तथा पेसागत विकास सम्बन्धि विषयहरुमा थप क्षमता विकास तालिमको आवश्यकता महसुस गरिएको छ।

#### चुनौती र अवसरहरुः

शिक्षकलाई शिक्षण सिकाइको महत्वपूर्ण खम्बाको रुपमा मानिएतापनि हाम्रा विद्यालयमा शिक्षक दरबन्दीको अभाब रहको हुँदा आवश्यकता तथा विषय अनुसार शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु,शिक्षण पेशालाई सबैको रोजाइको पेशा बनाउनु,शिक्षकहरुको कक्षा प्रवेश पूर्वको योजना तयारीमा सुधार गर्नु,शिक्षकको पेसागत सहयोग, विकास र स्तरोन्नति गर्नु, विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको

कार्यसम्पादन मूल्याङ्कन सँग आबद्ध गर्नु, तालिमका विषयवस्तुहरुलाई कक्षाकोठासम्म पुऱ्याउने वातावरण तयार पार्नु, सेवा सुविधाका कारण शिक्षकहरुमा रुची र उत्प्रेरणा बृद्धि गर्नु, उपलब्ध दरबन्दीलाई विद्यार्थी सँख्याका आधारमा पुनर्वितरण गर्नु जस्ता चुनौतिहरु विद्यमान रहेका छन् ।

यहाँ शिक्षक व्यवस्थापन र पेशागत विकाससँग सम्बन्धित चुनौतिहरु मात्र छैनन यसमा थुप्रै अवसरहरु पनि छन् । शिक्षक सेवा आयोगले वर्षेनी स्थायी शिक्षक पदपूर्तिका लागि विज्ञापन गर्नु, नियमित बढुवाका कार्यक्रमहरु प्रभावकारी रुपमा अगाडि बढाउनु,शिक्षक दरबन्दी मिलान सम्बन्धि कार्यविधि पारित हुनु, शिक्षकको पेसागत विकास प्रारुप अनुसार पेसागत विकासका कार्यहरु कार्यान्वयनमा आउनु, सबै तहका सरकारहरुले शिक्षक व्यवस्थापनमा लगानी गर्नु, शिक्षकका पेसागत सँघ सँस्थाहरुले सक्रिय रुपमा कार्य गर्नु आदि लाई शिक्षक व्यवस्थापन र विकासका अवसरहरु मान्न सकिन्छ ।

### ३.५.३ लक्ष्य

गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने ।

### ३.५.४ उद्देश्य

योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था गरी विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्यलाई पूरा गर्न तपसिल बमोजिमका उद्देश्यहरु तय गरिएको छः

- शिक्षणका लागि सक्षम शिक्षक आपूर्तिका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गर्नु,
- आवश्यकता तथा मापदण्डमा आधारित रही शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु,
- शिक्षण सिकाइसँग सम्बन्धित विषयवस्तुमा निपूर्ण शिक्षकको सुनिश्चितता गर्नु,
- विद्यालयका सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
- विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम तथा शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- शिक्षकलाई निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ,

### ३.५.५ रणनीति

यस योजनाले तय गरेका शिक्षक व्यवस्थापन र पेशागत विकास सम्बन्धी लक्ष्य तथा उद्देश्यहरु पूरा गर्नका लागि निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिनेछः

१. संघीय सरकारले पहिचान गरेका आवश्यक दरबन्दीका लागि सँघीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने ।
२. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गर्ने ।
३. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गर्ने ।
४. विद्यालयमा नियुक्ति गरिने निजी स्रोतका शिक्षक कर्मचारीहरुको सेवा,सर्त र पारिश्रमिकमा मापदण्ड तोकी एकरुपता कायम गर्ने ।
५. शिक्षक दरबन्दीको अभावलाई तत्काल परिपूर्ति गर्न पालिका अनुदानका शिक्षकहरु नियुक्ति र परिचालनमा वृद्धि गर्ने ।
६. शिक्षकको उत्प्रेरणा र मनोबललाई उच्च राख्न कार्यसम्पादन र नतिजाका आधारमा पुरस्कार र सम्मान गर्ने कार्यको थालनी गर्ने ।
७. शिक्षकको निरन्तर पेसागत विकासका लागि मागमा आधारित शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिमको व्यवस्था गर्ने ।
८. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।
९. Teacher Task on Time and Time and task को परिपालना र पूर्वपाठको तयारीमा जोड दिइने ।
१०. शिक्षकहरुका लागि सूचना तथा सञ्चार प्रविधिलाई शिक्षणमा प्रयोग गर्नका लागि शिक्षक तालिमको व्यवस्था गर्ने ।

११. सकारात्क सोच विकासका लागि प्रत्येक वर्षमा एकपटक पेसागतसीप विकास र उन्नोयनमा लगाउने गरी अवलोकन भ्रमण कार्यक्रमको थानली गर्ने ।
१२. विद्यालयमा शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।
१३. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।
१४. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।
१५. शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकामा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गर्ने ।

### ३.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

सबै विद्यालयहरुमा सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीहरुको सिकाइमा सुधार हुने ।

**प्रमुख नतिजाः**

यस योजनाको सफल कार्यान्वयनसँगै पाठ्यक्रम तथा पाठ्यसामग्रीको क्षेत्रमा निम्नानुसारका नतिजाहरु प्राप्ति हुनेछन् :

- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने
- शिक्षक तयारीका कोर्सहरूमा प्रयाप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने
- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने
- शिक्षकको आपूर्ति नियमित रूपमा हुने
- शिक्षकको बृत्ति विकासका लागि परादर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने

## प्रमुख क्रियाकलाप र लक्ष्यः

यस पञ्चवर्षिय शिक्षा योजना (२०८०/०८१-२०८४/०८५) ले तय गरेका शिक्षक व्यवस्थापन र पेसागत विकास सम्बन्धी लक्ष्य र उद्देश्यहरु पूरा गर्न तथा उल्लेखित रणनीतिहरुको कार्यान्वयन गरी मुख्य उपलब्धि र प्रमुख नतिजाहरुको प्राप्तिका लागि आगामी ५ वर्षसम्म सञ्चालन गरिने क्रियाकलाप र ति क्रियाकलापहरुको भौतिक लक्ष्यलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३.५शिक्षक व्यवस्थापन र पेसागत विकास सम्बन्धि क्रियाकलापहरु र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८०-२०८४ | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौंथो | पाँचौ | | |
| १ | प्रचलित शिक्षा ऐन तथा नियमावली अनुरुप विद्यार्थी संख्या, आवश्यकता र विषयको आधारमा शिक्षक नियुक्ति, सरूवा तथा पूर्नवितरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ,प्रदेश,पालिका र विद्यालय |
| २ | विद्यालयमा भएको शिक्षकको अपर्याप्ततालाई पूरा गर्न पालिका अनुदानका दरबन्दीको सिर्जना तथा पदपूर्ति गर्ने | संख्या | १२ | १२ | १२ | १२ | १२ | ६० | पालिका र विद्यालय |
| ३ | करार तथा विद्यालय स्रोतबाट नियुक्ति हुने शिक्षकहरूको व्यवस्थापनका लागि आवश्यक मापदण्ड तथा कार्यविधि तयार गर्ने | आअ | | १ | | | | | पालिका र विद्यालय |
| ४ | शिक्षण पेशाप्रति दक्ष, क्षमतावान तथा व्यक्तिहरुको आकर्षणका लागि प्रोत्साहन मूलक कार्यक्रमहरुको व्यवस्था गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| ५ | विद्यालयमा शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका र विद्यालय |
| ६ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिबृद्धि गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| ७ | विद्यालयमा नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न तथा विद्यार्थीको नतिजालाई शिक्षकको कार्यसम्पादन स्तरसँग जोडन उपयुक्त मापदण्डको विकास गर्ने | संख्या | | १ | | | | १ | पालिका र विद्यालय |
| ८ | सिकाइ स्तर कमजोर भएका विद्यार्थीहरुका लागि विशेष सहयोगी कक्षाहरु सञ्चालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका र विद्यालय |
| ९ | सहयोगी कक्षाले मात्र सिकाइमा सुधार हुन नसक्ने विद्यार्थीहरुका लागि थप उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | आ.अ | √ | √ | √ | √ | √ | √ | पालिका र विद्यालय |
| १० | अपाङ्गता भएका तथा विद्यालय शिक्षाको पहुँचमा आउन नसकेका बालबालिकाका लागि विशेष किसिमको व्यवस्था गर्ने | आ.अ | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| ११ | सबै आधारभूत विद्यालयहरुमा क्रमस पुस्तकालय र पुस्तक कुनाको व्यवस्था गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,पालिका,विद्यालय |
| १२ | माध्यमिक विद्यालय हुदै क्रमस सबै आधारभूत विद्यालयहरुमा सूचना प्रविधि प्रयोगशाला र विज्ञान प्रयोशालाको स्थापना र सञ्चालन गर्ने | संख्या | १ | १ | १ | १ | १ | ५ | संघ,प्रदेश,पालिका र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | शिक्षकको क्षमता विकास तथा शिक्षण प्रति उत्पेरणा जगाउनका लागि आवश्यक तालिमको प्रबन्ध गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १४ | शिक्षण सिकाइमा देखापरेका समस्या समाधान तथा शिक्षकको पेसागत विकास र सहयोगका लागि विज्ञ समूह परिचालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १५ | शिक्षकका पेशागत समस्या समाधान तथा अनुभव आदानप्रदान गर्नका लागि हरेक महिनामा १ पटक शिक्षक सिकाइ समूहको बैठक सञ्चालन गर्ने | पटक | ९ | ९ | ९ | ९ | ९ | ४५ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १६ | प्राविधिक व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोशालाको प्रबन्ध गर्ने | संख्या | | | १ | | | १ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १७ | स्थानीय स्तरका विज्ञहरु परिचालन गरी शिक्षण तथा सिकाइ सामग्री विकास तथा त्यसको प्रयोग गर्ने कार्यको थालनी गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका र विद्यालय |
| १८ | सिकाइलाई खोजमूलक तथा समयसान्दर्भिक बनाउनका लागि सबै विद्यालयहरुमा ईन्टरनेट सेवाको विस्तार गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | | संघ,प्रदेश,पालिका र विद्यालय |
| १९ | सिकाइमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी प्रयोग तथा आवधिक परीक्षाको नतिजा विश्लेषण गरी विद्यार्थीहरुको सिकाइमा सुधार गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | संघ,प्रदेश,पालिका र विद्यालय |
| २० | उत्कृष्ट सिकाइ उपलब्धि हासिल गराउने शिक्षकहरुलाई पुरस्कृत तथा सम्मान गर्ने | संख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | पालिका र विद्यालय |
| २१ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समयमा बृद्धि गर्नका लागि अनिवार्य रुपमा योजना बनाइ कार्यान्वयन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| २२ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगका लागि अनुगमन तथा पृष्ठपोषण पद्दतिलाई मजबुत बनाउने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |

## ३.६ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ

### ३.६.१ परिचय

शिक्षा देश विकासको मेरुदण्ड हो। यो मानव जीवनलाई सरल र सहज बनाउने आधार भएकाले पनि सबैलाई सार्वजनिक शिक्षाको सुनिश्चित हुनु अपरिहार्य छ। शिक्षा पाउनु मानिसको मौलिक हक भएकाले औपचारिक शिक्षावाट मात्र सवैलाई समय सुहाउदो सार्वजनिक शिक्षाको सर्वसुलभ पहुँच नहुने हुदा औपचारिक शिक्षाको दायरामा नसमेटिएका नागरिकलाई विविध तरिकावाट समय सापेक्ष ज्ञान सिप र व्यवहारमा सकारात्मक परिवर्तन गराउन जीवन पर्यन्त चलिरहने शिक्षा नै अनौपचारिक शिक्षा हो। अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ। अनौपचारिक शिक्षाका माध्यमबाट निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर सिकाइका अवसरहरु प्रदान गर्दै स्तरवृद्धि शिक्षासँग सिप र सिपलाई आम्दानीसँग जोड्दै शिक्षित समाजको विकास गर्नु आजको आवश्यकता र राज्यको दायित्व हो।

सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइमा अवसर दिगो विकासको मूलमर्म रहेकाले विगतको साक्षरताका कार्यक्रमबाट साक्षर बनेका नवसाक्षरहरुका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु पर्नेछ। औपचारिक शिक्षाको संरचनाबाट बाहिर रहेका युवा , महिला र प्रौढहरुका लागि कार्यमूलक साक्षरता,आयआर्जन ,समूह साझेदारी लगायतका कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ। संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ। देशको भूगोल, हालसम्मको शिक्षाको पहुँच र नागरिकको सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न अनौपचारिक एवं आजीवन शिक्षालाई थप व्यवस्थित गर्न आवश्यक छ। यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तरको अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ।

यस खण्डमा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको वर्तमान अवस्था विश्लेषणका आधारमा चुनौतीहरु पहिचान गरी पहिचान गरिएका चुनौतीहरुको सामना गर्ने किसिमका अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका कार्यक्रमहरुको लक्ष्य , उद्धेश्य, रणनीतिहरु ,प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु यसमा समावेश गरिएको छ।

### ३.६.२ वर्तमान अवस्था

सुर्खेत जिल्ला नेपालकै ९ औँ जिल्लाका रुपमा वि.स. २०७२ जेठ २५ मा साक्षर जिल्ला घोषणा भइसकेको छ साथै साक्षर जिल्लाको रुपमा घोषणा भएसँगै यस पालिका पनि साक्षर जिल्लाको एक पालिकाको रुपमा चिनिन्छ। यस नगरपालिका भित्र ४ वटा सामुदायिक सिकाइ केन्द्रहरु सञ्चालनमा रहेका छन। उक्त समूहहरुमा साक्षरता शिक्षा तथा साना तिना स्वरोजगार उन्मूख कार्यक्रमहरु सञ्चालनमा रहेका छन।

### चुनौती र अवसरहरुः

सुर्खेत जिल्ला नेपालकै ९ औँ साक्षर जिल्लाको रुपमा घोषणा भएतापनि गाउ घरमा अझैँ निरक्षरहरुको संख्या उल्लेख्य रहनु, नवसाक्षरहरुलाई निरन्तर शिक्षाका माध्यमबाट आयआर्जन र आत्मनिर्भर बनाउनु, सिकाइ केन्द्रहरुको भौतिक,आर्थिक र मानवीय पूर्वाधार बलियो बनाउनु,सिकाइ केन्द्रहरुलाई अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा प्रभावकारी अगुवाइ गर्न सक्ने बनाउनु, औपचारिक शिक्षा र अनौपचारिक शिक्षाका बिचमा सह सम्बन्ध कायम गर्नु ,

युवा तथा प्रौढहरुमा कार्यमूलक साक्षरता र पढ्ने बानीको विकास गर्नु, अनौपचारिक शिक्षा झाराटार्ने प्रवृत्तिबाट मुक्त गर्नु ,अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु,समाजले पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु,

औपचारिक शिक्षाबाट वञ्चितहरुका लागि भरपर्दो र सुलभ औपचारिक, खुला तथा वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता प्रदान गर्नु, पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यावहारिकता, स्रोत परिचालनमा प्रभावकारिता वृद्धि गर्नु जस्ता अनौपचारिक शिक्षा सम्बन्धी चुनौतीहरु रहेका छन्।

यसैगरी शिक्षा विकासको क्षेत्रमा नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा शिक्षासम्बन्धी विभिन्न प्रतिबद्धताहरुमा हस्ताक्षर गर्नु, नेपालको सविधान २०७२ मा सबैलाई अनिवार्य तथा निशुल्क शिक्षा दिने संवैधानिक व्यवस्था हुनु, समृद्ध नेपाल सुखी नेपाली लगायत समृद्ध कर्णाली सुखी कर्णालीबास बनाउने संघीय एवम् प्रदेश सरकारको दिर्घकालिन सोच राख्नु ,विभिन्न सञ्चार माध्यमहरुबाट साक्षरता अभियान सञ्चालन हुनु, सामुदायिक सिकाइ केन्द्रको स्थापना तथा अनुदानको व्यवस्था हुनु, अनौपचारिक शिक्षा नीति, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन हुनु, नेपालमै पढन चाहनेका लागि खुला विश्वविद्यालयको स्थापना हुनु, शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनु, शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु जस्ता अवस्थाहरु अनौपचारिक शिक्षाको अवसरका रुपमा देखापरेका छन्।

### ३.६.३ लक्ष्य

अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ मार्फत नागरिकको जीवनस्तरमा सुधार गर्ने।

### ३.६.४ उद्देश्य

अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ मार्फत नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउनका लागि यस योजनाले निम्न उद्देश्यहरु तय गरेको छः

- सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु
- औपचारिक, अनौपचारिक तथा अरितिक शिक्षा बीच अन्तरसम्बन्ध स्थापित गर्नु
- समय सान्दर्भिक रुपमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु
- स्थानीय तहलाई पूर्ण साक्षर पालिका घोषणा गर्नु

### ३.६.५ रणनीति

यस योजनाले तय गरेका निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा सम्बन्धी लक्ष्य तथा उद्देश्यहरु पूरा गर्नका लागि निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिने छः

१. यस नगरपालिका भित्र सञ्चालित सामूदायिक सिकाइ केन्द्रहरूको आवश्यकताका आधारमा समायोजन, पुनर्संरचना तथा पनर्वितरण गर्ने।
२. सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संसथाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विवधता अनुरूपका सामग्रीको प्रयोग गर्ने।
३. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने।
४. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने नवसाक्षरहरुलाई मागमा आधारित समुदायस्तरमा निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने।

५. साविकका समूहहरुमा महिलाहरुको क्षमता विकास, आयआर्जन, उद्यमशीलता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।
६. यस क्षेत्रका महिलाहरुलाई समूह सञ्जालीकरणमा आवद्ध गर्दै महिला विकास , सीप विकास ,उद्यमशीलता र समुदाय सचेतीकरण जस्ता कार्यहरुको सिकाइ केन्द्रहरु मार्फत अगुवाइ गर्ने ।
७. सामुदायिकक सिकाइ केन्द्रहरुलाई सर्वसाधरण नागरिकहरुको पहुँचमा पुग्नेगरी व्यवस्थित गर्ने ।
८. सामुदायिक सिकाइ केन्द्रहरुमा कार्यरत सामाजिक परिचालिकाहरुको क्षमता विकास गर्ने ।
९. मागमा आधारित तालिमका कोर्षहरु तयारी तथा कार्यान्वयन गर्ने औपचारिक शिक्षा र अनौपचारिक शिक्षा कार्यक्रमहरुलाई परिपूरकको रुपमा सञ्चालन गर्ने ।
१०.सामुदायिक सिकाइ केन्द्रको अगुवाइमा अभिभावक शिक्षा, किशोरी शिक्षा , बालविवाह न्यूनीकरण, वातावरणीय संरक्षण जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने ।
११.विद्यार्थी परिचालन मार्फत पहिचान भएका निरक्षरहरुलाई (Each one Teach one) पद्धतिका माध्यमले साक्षर तुल्याउने कार्य गर्ने ।

### ३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुने ।

**प्रमुख नतिजाः**

यस योजनाको सफल कार्यान्वयन भएसँगै अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका क्षेत्रमा निम्नानुसारका प्रमुख नतिजाहरु प्राप्ति हुनेछनः

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने
- सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने
- सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने
- अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक हुने
- स्थानीय तह पूर्ण साक्षर घोषणा हुने ।

## प्रमुख क्रियाकलाप र लक्ष्यः

यस पञ्चवर्षीय शिक्षा योजना (२०८०/०८१-२०८४/०८५) ले तय गरेका अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी लक्ष्य र उद्देश्यहरु पूरा गर्न तथा उल्लेखित रणनीतिहरुको कार्यान्वयन गरी मुख्य उपलब्धि र प्रमुख नतिजाहरुको प्राप्तिका लागि आगामी ५ वर्षसम्म सञ्चालन गरिने क्रियाकलाप र ति क्रियाकलापहरुको भौतिक लक्ष्यलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं.३.६ अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ क्रियाकलापहरु र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८०-२०८४ | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौँथो | पाँचौ | | |
| १ | हाल नगरपालिका अन्तर्गत सञ्चालन भएका सामुदायिक सिकाइ केन्द्रहरुको आवश्यकताका आधारमा समायोजन, पुनर्संरचना तथा पनर्वितरण गर्ने | पटक | | १ | | | | १ | संघ, पालिका |
| २ | सबै सामुदायिक केन्द्रहरुको सञ्चालनका लागि आवश्यक न्युनतम भौतिक पूर्वाधारको विकास तथा सुदृढीकरण गर्ने | संख्या | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश र पालिका |
| ३ | सामुदायिक सिकाइ केन्द्रमा कार्यरत सामाजिक परिचालिकाहरुको क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश र पालिका |
| ४ | नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा निरक्षरहरूको तथ्याङ्क संकलन गरी तथ्याङ्कगत विवरण तयार पार्ने | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र सिकाइ केन्द्र |
| ५ | निरक्षर व्यक्तिहरुका लागि साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, पालिका र सिकाइ केन्द्र |
| ६ | पालिका अन्तर्गतका सामुदायिक केन्द्रहरुलाई साक्षरता र साक्षरोत्तर शिक्षाका लागि सामूदायिक सिकाइ केन्द्रहरुलाई परिचालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ, पालिका र सिकाइ केन्द्र |
| ७ | सामूदायिक सिकाइ केन्द्रहरुमा पुस्तकालयको व्यवस्था गरी समुदायका व्यक्तिहरुको पहुँचमा पुऱ्याउने | संख्या | १ | १ | १ | १ | १ | ५ | संघ, पालिका र सिकाइ केन्द्र |
| ८ | सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न समूह गठन गरी तिनीहरुलाई आयआर्जन मूलक क्रार्यक्रमहरुमा सहभागी गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, पालिका र सिकाइ केन्द्र |
| ९ | सरकारी तथा गैर सरकारी निकायसँग साझेदारी र सहकार्य गर्दै अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका कार्यक्रमहरु सञ्चालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश, पालिका र सिकाइ केन्द्र |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास विकास गरी त्यसको प्रभावकारी प्रयोगमा सहयोग पुऱ्याउने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश, पालिका र सिकाइ केन्द्र |
| ११ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत साक्षरता शिक्षा एव जनचेतनामूलक कार्यक्रहरु सञ्चालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश, पालिका र सिकाइ केन्द्र |
| १२ | उमेर र सिकारुको आवश्यकता अनुसार सिकाइ सामग्रीको विकास तथा प्रयोग गरी त्यसबाट प्राप्त  सिकाइको प्रमाणीकरण गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश, पालिका र सिकाइ केन्द्र |
| १३ | नगरपालिकालाई पूर्णसाक्षर पालिका सुनिश्चितता गर्ने | पटक | | | | | | १ | नगरपालिका |

### ३.७ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम

#### ३.७.१ परिचय

प्राविधिक तथा व्यवसायिक शिक्षा सीप विकास र आयआर्जनसंग जोडिएको हुन्छ । अर्थात यो शिक्षाले मानिसलाई कामको संसारसँग जोडने काम गर्दछ । यसलाई अझ सरल भाषामा बुझ्नुपर्दा गरिखाने शिक्षा पनि भन्न सकिन्छ । व्यक्तिलाई व्यवहारिक र रोजगार उन्मुख बनाउन तथा सीपयूक्त जनशक्तिको रुपमा विकास गराउनका लागि प्रदान गरिने शिक्षालाई प्राविधिक तथा व्यवसायिक शिक्षा भनिन्छ । उदाहरणका लागि सिकर्मी, डकर्मी, डाक्टर, भेटनरी जे.टी.ए.इन्जिनियर लगायतका सीपयूक्त जनशक्ति तयार पार्ने खालको शिक्षालाई प्राविधिक तथा व्यवसायिक शिक्षा भनिन्छ । नेपालको सन्दर्भमा हरेक क्षेत्रको विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बीच सन्तुलन कायम राख्नुपर्ने तथ्यलाई मनन गर्दै पछिल्लो समयमा साधारण शिक्षा संगसँगै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रमा उल्लेख्य लगानी वृद्धि गर्दै लगिएको छ । हाल कृषी, भेटनरी, सब ओभरसियर, इञ्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेकोले प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका तालिमका कार्यक्रमहरुलामा प्रयाप्त लगानी गरी त्यसमा सबै लिङ्ग, अपाङ्गता, गरिबी, सीमान्तकृत आर्थिक सामाजिक रूपले पछि परेको समुदाय लगायतका वर्गको समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधार गर्दै श्रम बजारसँग आबद्ध गर्नुपर्ने आवश्यकता देखिन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताका आधारमा सीप नक्साङकन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरुको स्थापना गरिने छ भन्ने कुरालाई अघि सारेको छ । त्यसरी नै प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाका विषयगत प्रयोगशाला सहितका अनुसन्धानशालाहरु स्थापना गरिनेछ भनी उक्त नीतिमा उल्लेख गरिएको छ । यसै सन्दर्भमा १५ औं आयोजनाले यूवाका लागी स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक सिप विकासको अवसर र पहुँच सुनिश्चित गर्न प्रत्येक सामुदायिक विद्यालयमा एउटा प्राविधिक धारको विद्यालय संचालन गर्ने लक्ष्य लिएको छ ।

औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं.१९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ्ग कलेज)बाट भएको हो । नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यावसायिक सीप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ सालदेखि नै शुरु भएको हो । नयाँ शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षालाई व्यावसायिक बनाउने सवालमा उल्लेख्य योगदान गरेको देखिन्छ । माध्यमिक तहलाई श्रम शिक्षाको रूपमा विकास गर्ने र त्यसको जगमा उच्च शिक्षालाई प्राविधिक/व्यावसायिक र रोजगारमूलक बनाउनु पर्ने हुन्छ । यसै कुरालाई मध्यनजर राखी माध्यमिक तह कक्षा ९–१२ मा प्राविधिक धारको व्यवस्था गरिएको भएता पनि सबै स्थानमा विविध समस्याका कारण प्राविधिक धारका विद्यालय सञ्चालन हुन सकेका छैनन । प्राविधिक धारमा विद्यार्थी भर्ना गर्दा गुणस्तर भन्दा पहुँचलाई प्राथमिकता दिने गरी कोर्स डिजाइन गरिएको र कक्षा ११–१२ मा पुगेपछि साइन्सको कोर्स थप गरिएको कारण कठिनाइस्तर बढेकोले प्राविधिक धार पूरा गर्ने विद्यार्थीहरुको दर न्यून रहेको छ ।

#### ३.७.२ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित श्री जनता मा.वि. पञ्चपुरी- ९, विद्यापुरमा ३ वर्षे इन्जिनियरिङ डिप्लोमा कार्यक्रम र प्राविधिकधारमा (पशु विज्ञान ९–१२) श्री सुर्य प्रकाश मा.वि. पञ्चपुरी – २ पलैटेमा सञ्चालनमा रहेका छन् । साथै पालिकाबाट प्राविधिक धार सञ्चालित दुवै विद्यालयमा ल्यावका लागि सामाग्री खरिद तथा व्यवस्थापनका लागी रु प्रत्येक वर्ष वार्षिक अनुदान सहयोग उपलब्ध गरिदै आएकोछ।

#### चुनौती तथा अवसरहरुः

प्राविधिक शिक्षा आजको अपरिहार्य आवश्यकता भन्ने यथार्थ हुदाँहुदै पनि प्राविधिक शिक्षा तर्फ दक्ष प्रशिक्षक र जनशक्तिलाई टिकाइराख्नु ,उत्पादित जनशक्ति र श्रम बजारको मागबीचको तालमेल मिलाउनु ,कार्यक्रमको लक्षित कोटा अनुसारका विद्यार्थी सङ्ख्याको उपलब्धता नहुनु,छोटा अवधिका तालिम प्रदायक संस्थाहरूको व्यवस्थापन र नियमनमा वृद्धि गर्नु ,प्रयोगात्मक कक्षा र ओ.जे.टि. लाई व्यबहारीक रूपले कार्यमूलक बनाउनु, सबै वर्गका विद्यार्थीहरुका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्धमशीलता विकासमा केन्द्रित गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको बृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा स्रोत परिचालन गर्नु,आवश्यक पर्ने भौतिक पूर्वाधार, ल्याब लगायतको व्यवस्थापन गर्नु, प्राबिधिक र व्यावसायिक शिक्षा संचालनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नु,स्रोत साधनमा आधारित

उद्यमी र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित समृद्धि प्राप्त गर्ने प्राविधिक शिक्षाको योजना र कार्यन्वयन गर्नु जस्ता कुराहरु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन ।

यसैगरी विविध चुनौतीहरु सँगसँगै प्राविधिक शिक्षा तथा व्यावसायिक सिपको क्षेत्रमा नगरपालिका ले लगानी गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रति सरोकारवालहरुको चासो बढ्दै जानु, प्राविधिक शिक्षा अध्ययन गर्ने गरिव तथा जेहेन्दार विद्यार्थीहरुका लागि यस नगरपालिका ले वार्षिक रुपमा छात्रवृत्तिको व्यवस्था गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा संघीय तथा प्रदेश सरकारको उच्च प्राथमिकतामा पर्नु, सीटिइभिटी अन्तरगतका बिभिन्न तहका सिपमुलक र उद्यमशीलमा आधारित व्यावसायिक र रोजगारमुलक प्रकृतिका प्राविधिक विषय र कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सकिने आधार हुनु, उपलब्ध प्राकृति स्रोत र साधनको अधिकतम उपयोग गर्दै परम्परागत सीप र प्रविधिलाई व्यावसायिक सीप र रोजगारीसँग जोड्नका लागि उपयुक्त वातावरण हुनु, आदिलाई यस क्षेत्रका प्रमुख अवसरको रूपमा लिन सकिन्छ ।

### ३.७.३ लक्ष्य

उत्पादनशील जनशक्तिलाई आवश्यकताअनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरूमा प्रयाप्त दक्षता हासिल हुने गरी सिपमूलक शिक्षा र तालिम उपलब्ध गराई जनताको आर्थिक स्तरमा सुधार ल्याउने ।

### ३.७.४ उद्देश्य

यस योजनाले प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरू तय गरेको छ :

- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा सबै वर्गका विद्यार्थीहरुको पहुँच अभिबृद्धि गर्नु,
- यस नगरपालिका मा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न विविध संयन्त्र विकास गर्नु,
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका कार्यक्रमहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु ।

### ३.७.५ रणनीति

यस योजनाले तय गरेका प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकास सम्बन्धी लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नका लागि निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछः

१. नगरपालिका अन्तर्गत सञ्चालित प्राविधिक शिक्षालयको संस्थागत क्षमता वृद्धि गरी प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षाका कार्यक्रमहरूमा सबै वर्गको समतामूलक पहुँच अभिवृद्धि गर्ने ।
२. प्राविधिक शिक्षामा अध्ययन गर्ने आर्थिक तथा सामाजिक रूपले विपन्न परिवारको विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा अन्य सेवा सुविधामा वृद्धि गर्ने ।
३. हालसम्मको उत्पादित जनशक्ति, श्रमबजारको माग र आवश्यकतालाई मूल्याङ्कन गरी प्राविधिक शिक्षा तर्फ थप विषय र कार्यक्रमहरूको विस्तार गर्ने ।
४. एसइइ र कक्षा १२ को उत्कृष्ट नतिजा ल्याउने यस नगरपालिका मा सञ्चालित प्रत्येक माध्यमिक तहका विद्यालयहरूमा अध्ययन गरेका कम्तिमा २ जना (१छात्र/१छात्रा) मेधावी विद्यार्थीहरूलाई प्राविधिक प्राविधिक शिक्षामा आकर्षण गर्न छात्रवृत्तिको व्यवस्था गर्ने ।
५. विद्यालय शिक्षाको आधारभूत तहदेखि नै व्यवहार कुशल सिपहरु (SOFT SKILL) को विकास गर्ने ।
६. प्राविधिक शिक्षाका लागि इच्छुक विद्यार्थीहरुलाई प्राविधिक शिक्षाप्रति आकर्षित गर्न प्राविधिक शिक्षालय र अन्य विद्यालयहरूको बीचमा समन्वय र साझेदारीका कार्यक्रमको विकास गर्ने ।
७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम मार्फत उत्पादित जनशक्तिलाई प्रतिस्पर्धी क्षमता विकास र श्रम बजारसँग आबद्ध गर्ने ।
८. युवाहरूलाई खोज र नवप्रवर्तन (Innovation) का लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्न ।,
९. प्राविधिक शिक्षा पढेका युवाहरूलाई उद्यमशीलता विकासको लागि व्यावसायिक कार्यको सुरुवात गर्न ऋण तथा अनुदानको व्यवस्था गर्ने ।
१०. प्राविधिक तथा व्यावसायिक सीप सम्बन्धी छोटो अबधिको तालिम र सिप विकासको लागि समन्वय र सहकार्य गर्ने ।
११. प्राविधिक शिक्षाको गुणस्तर सुनिश्चितता तथा सुधारका लागि आवश्यक मापदण्डको विकास र कार्यान्वयन गर्ने ।

### ३.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### उपलब्धिः

उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

#### प्रमुख नतिजाः

यस योजनाको सफल कार्यान्वयन सँगै  उच्च शिक्षामा निम्नलिखित नतिजाहरुको प्राप्ति हुनेछः

- पालिकामा प्राविधिक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने,
- सञ्चालन भएका विद्यालयहरुको न्युनतम भौतिक पूर्वाधारहरुको विकास हुने,
- पालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने,
- पालिकाभित्र सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिबृद्धि हुने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू उत्पादन र आर्थिक उपार्जनसँग जोडिने,
- स्थानीय स्तरमा रहेका परम्परागत सिप तथा क्षेत्रहरुको पहिचान, प्रमाणिकरण तथा प्रबर्द्धन हुने,
- प्राविधिक शिक्षा मार्फत तालिममा खोज, नवपर्वतन तथा उद्यमशीलतामा अभिबृद्धि भएको हुने,
- उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा बृद्धि हुने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्बजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिबृद्धि हुने ।

## प्रमुख क्रियाकलाप र लक्ष्यः

यस पञ्चवर्षिय शिक्षा योजना (२०८०/०८१-२०८४/०८५) ले तय गरेका प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका लक्ष्य र उद्देश्यहरु पूरा गर्न तथा उल्लेखित रणनीतिहरुको कार्यान्वयन गरी मुख्य उपलब्धि र प्रमुख नतिजाहरुको प्राप्तिका लागि आगामी ५ वर्षसम्म सञ्चालन गरिने क्रियाकलाप र ति क्रियाकलापहरुको भौतिक लक्ष्यलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. ३.७ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम कार्यक्रमका प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८०-२०८४ | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौंथो | पाँचौ | | |
| १ | आवश्यकता र उपलब्ध पूर्वाधारका आधारमा प्राविधिक जनशक्ति उत्पादनका लागि प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन गर्ने | पटक | | | | १ | | १ | संघ,परिषद ,प्रदेश,पालिका र विद्यालय |
| २ | प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालयहरूको न्युनतम भौतिक पूर्वाधार विकास तथा सुधार गर्ने | संख्या | | १ | | | १ | २ | संघ,परिषद ,प्रदेश,पालिका र विद्यालय |
| ३ | आवश्यकतामा आधारित बहुप्राविधक शिक्षालय स्थापना, सञ्चालन तथा नियमनको योजना तयार पार्ने | संख्या | | | १ | | | १ | संघ,परिषद ,प्रदेश,पालिका र विद्यालय |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षासँग सम्बन्धित छोटो अवधिका सिपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गर्ने | पटक | | १ | १ | १ | १ | ४ | संघ,परिषद ,प्रदेश,पालिका र विद्यालय |
| ५ | गुणस्तरीय शिक्षा तथा सीप विकासका लागि दक्ष तथा पेशाप्रति प्रतिबद्ध प्रशिक्षकहरुको व्यवस्था गर्ने | संख्या | | २ | | २ | | ४ | संघ,परिषद ,प्रदेश,पालिका र विद्यालय |
| ६ | प्राविधिक शिक्षा अध्ययन गर्ने गरिव, जेहेन्दार तथा अपाङ्गता भएका विद्यार्थीहरुका लागि छात्रबृत्ति कार्यक्रम सञ्चालन गर्ने | संख्या | ४ | ४ | ४ | ४ | ४ | २० | संघ,परिषद ,प्रदेश,पालिका र विद्यालय |
| ७ | पालिका स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने | पटक | | १ | | | | १ | संघ,परिषद ,प्रदेश,पालिका र विद्यालय |
| ८ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम मार्फत खोज तथा नवपर्वर्तनात्मक कार्यलाई प्रोत्साहन दिने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,परिषद ,प्रदेश,पालिका र विद्यालय |
| ९ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रबर्द्धन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | परिषद , पालिका र विद्यालय |
| १० | बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने | पटक | | १ | | १ | | २ | संघ,परिषद ,प्रदेश,पालिका र विद्यालय |
| ११ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमबाट उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने | संख्या | २ | ४ | ४ | ४ | ४ | १८ | संघ,परिषद ,प्रदेश,पालिका र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | आर्थिकरूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्गता भएका, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,परिषद ,प्रदेश,पालिका र विद्यालय |

## परिच्छेद ४

## अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

यस परिच्छेदलाई योजना अवधिभरमा सञ्चालन गरिने शिक्षाका मुख्य उपक्षेत्रका क्रियाकलापहरुसँग अन्तरसम्बन्धित विषयक्षेत्रहरु शैक्षिक समता र समावेशीकरण, दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम , आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा, विद्यालय भौतिक पूर्वाधार विकास र विद्यालयमा सूचना तथा सञ्चार प्रविधि समावेश गरी तिनीहरुको विश्लेषण गरिएको छ। योजनाको यस खण्डमा प्रत्येक क्षेत्रहरुको वर्तमान अवस्था तथा चुनौति र अवसरहरुको पहिचान गरी सम्बन्धित उपक्षेत्रहरुको उद्देश्य, रणनीति, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण गर्ने कार्य भएको छ।

### ४.१ शैक्षिक समता र समावेशीकरण

#### ४.१.१ परिचय

समावेशी शिक्षा सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा बहुसाँस्कृतिक भिन्नतालाई सम्मान गर्दै आफ्नै समुदायमा शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने प्रक्रिया हो। यसले सबै किसिमका बालबालिकाहरुले सिक्न सक्छन भन्ने कुराको स्वीकार गर्दछ। समावेशी शिक्षाले बालबालिकाहरुमा भएको विभिन्नता लाई सम्मान गर्दै उनीहरुको सिक्न पाउने संबैधानिक अधिकारको प्रत्याभूति दिने कुरामा जोड दिन्छ। समाजमा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका धेरैजसो बालबालिकाहरु शिक्षाको अवसरबाट बञ्चित भइरहेको हालको सन्दर्भमा समावेशी शिक्षा एकदमै नयाँ अवधारणा हो। यसैले विभेदरहित बातावरणमा विद्यार्थीहरुले सिक्न पाउने कुरामा जोड दिएको हुन्छ। नेपालको संविधान २०७२ को धारा ३१, ३८, ३९, ४०, ४१, ५१ (ज) ले यो अधिकारलाई नागरिकको शिक्षा प्राप्त गर्ने हकलाई स्थापित गरेको छ। सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ। साथै यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरी त्यो अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी संसद्ले अनुमोदन समेत गरिसकेको छ। यसैगरी संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २९ ले समेत शिक्षा पाउने अधिकारलाई सर्वस्वीकार्य भनी उल्लेख गरेको छ भने नेपाल यस घोषणापत्रको पक्षमा उभिँदै आएको छ।

यसैगरी नेपालले सबैका लागि शिक्षाको अन्तराष्ट्रिय अभियानमा आफ्नो प्रतिबद्धता जनाउदै अपाङ्गता भएका बालबालिकाहरुलाई शैक्षिक मूलप्रबाहमा समावेश गरी शिक्षाको अधिकार सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी गरेको छ। नेपालमा समावेशी शिक्षाको अभ्यासको इतिहास खासै लामो देखिँदैन। समावेशी शिक्षाभन्दा पनि विशेष शिक्षाको अवधारणाले नेपालामा लेबोरेटरी हाइस्कुल, २०२१, केन्द्रीय बहिरा विद्यालय नक्शाल, २०२३, खगेन्द्र नवजीवन स्कुल जोरपाटी, २०२६ तथा निर्मल बालविकास केन्द्र, २०३७ खुलेका थिए।

यस खण्डमा अपाङ्गता भएका तथा आर्थिक तथा सामाजिक क्षेत्रमा पछाडि परेका वर्गको शिक्षामा पहुँच, गुणस्तर, समता तथा समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि पञ्चपुरी नगरपालिकाको समाबेशी शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने किसिमका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

#### ४.१.२ वर्तमान अवस्था

यस पञ्चपुरी नगरपालिकामा संवैधानिक व्यवस्था बमोजिम अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा र निशुल्क माध्यमिक शिक्षामा विविध विभिन्न लिङ्ग, जातजाती, अपाङ्गता भएका, अनाथ, असहाय, द्धन्द पिडित तथा विभिन्न संस्कृती तथा सम्प्रदायका र सामाजिक तथा आर्थिक रुपमा पछाडि पारिएका बालबालिकाहरुको पहुँच वृद्धि गरी समावेशी शिक्षाका लागि विभिन्न प्रयासहरु गरिएको छ। विद्यालय शिक्षामा सबैको समतामुलक र समावेशी पँहुचका लागि जारी गरिएका विभिन्न नीतिगत ब्यवस्थाको कार्यान्वयन गर्नका लागि विभिन्न कार्यक्रमहरु पनि सञ्चालित छन्। बालविकास कक्षादेखि कक्षा ६ सम्मका बालबालिकाहरुका लागि दिवाखाजा, माध्यमिक तहसम्मका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक तथा निशुल्क शिक्षाको व्यवस्था ,कक्षा १ देखि ८ सम्मका सबै छात्रा तथा दलित विद्यार्थीहरुका लागि छात्रवृत्तिको व्यवस्था, कक्षा ९ देखि १२ सम्मका विपन्न बालबालिकाहरुका लागि विपन्न लक्षित छात्रवृत्तिको व्यवस्था, सबै कक्षाका अपाङ्गता भएका बालबालिकाहरुका लागि छात्रवृत्तिको व्यवस्था तथा सिमान्तकृत,द्वन्द्वपिडित र

शहिद परिवारका बालबालिकाहरुलाई लक्षित छात्रवृत्तिको व्यवस्था हुनुले शिक्षामा समावेशी तथा समतामुलक पँहुचका लागि सहयोग पुऱ्याएको छ। यसका साथै यस नगरपालिकामा सञ्चालित सामुदायिक अध्ययन केन्द्रहरुले पनि आर्थिक तथा समाजिक रुपमा पछाडि परेका वर्गका नागरिकहरुका लागि जीवनोपयोगी सिकाइ मार्फत शिक्षाको मूल धारमा ल्याउने प्रयास गरेका छन ।

### चुनौती तथा अवसरहरुः

आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच तथा समावेशी शिक्षाका लागि आवश्यक अपाङ्गतामैत्री पूर्वाधारको विस्तार गर्नु,समावेशी शिक्षाका लागि घरपरिवार, समुदाय र विद्यालयहरुबाट उचित सहयोग र सकारात्मक सोचको विकास गर्नु, अपांगता भएका व्यक्तिहरुको सामाजिक समावेशीकरणमा अपेक्षित सुधार गर्नु, विशेष शिक्षा मार्फत गुणस्तरीय जीवनयापन र आत्मनिर्भर गराउने कार्यमा अपेक्षित उपलब्धी हासिल गर्नु, अपांगताको प्रकृतिका आधारमा बालबालिकाका निम्ति सहज पहुच हुनेगरी विशेष प्रकृतिका शिक्षालयहरुको स्थापना र सञ्चालन गर्नु,दृष्टिविहीन बालबालिकाहरुका निम्ति आवश्यक पर्ने ब्रेललिपिका पाठ्यपुस्तक र सन्दर्भ सामग्री एवम सुस्त श्रवण भएका बालबालिकाहरुका निम्ति साङ्केतिक भाषाको सीप भएका शिक्षकहरुको उपलब्धतालाई सहज बनाउनु, विशेष शिक्षाका लागि आवश्यक पर्ने दक्ष जनशक्तिको उत्पादन र व्यवस्थापन गर्नु, विविध प्रकारका बालबालिकाको तथ्यांक तथा सूचनालाई अद्यावधिक गर्नु, समावेशी र विशेष शिक्षा अनुकुलन मूल्यांकन परीक्षा प्रणालीको विकास गर्नु, समाजमा विद्यमान कतिपय कुरिति र कुप्रथा विद्यमान भएको कारण समावेशी किसिमको सामाजिक संरचनाको स्थापना गर्नु जस्ता चुनौतीहरु आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच तथा समावेशी शिक्षाका क्षेत्रमा देखिएका विद्यमान चुनौतीहरु हुन् ।

यसैगरी विद्यालय शिक्षा र शिक्षक तालिम कार्यक्रम मार्फत फरक क्षमता र विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि अन्य बालबालिकाहरुसँगै समावेशी किसिमबाट शिक्षण सिकाइ गर्ने कार्यलाई प्राथमिकतकापूर्वक सञ्चालन गरिनु, प्राथमिक तहका पाठ्यपुस्तकहरु २५ भन्दा बढि मातृभाषामा प्रकाशन गरी पठनपाठनका लागि प्रयोग गरिनु, विपन्न तथा विविध किसिमले पछि परेका समुदायका बालबालिकाहरुलाई विभिन्न प्रकारका आरक्षण र छात्रवृत्तिका कार्यक्रम सञ्चालन गरी मूलप्रवाहीकरण गर्ने प्रयास हुनु, शिक्षा ऐन एवम् शिक्षक सेवा आयोग नियमावलीले समेत शिक्षक छनौट प्रक्रियालाई समावेशी बनाउनु जस्ता अवसरहरु आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच तथा समावेशी शिक्षाका क्षेत्रमा देखा परेका मुख्य अवसरहरु हुन ।

### ४.१.३ लक्ष्य

शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिबृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवन यापन गर्न सक्षम बनाउने ।

### ४.१.४ उद्देश्य

शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिबृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवन यापन गर्न सक्षम बनाउने लक्ष्य पूरा गर्नका लागि निम्नानुसारका उद्देश्यहरु तय गरिएका छनः

- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले पछाडि परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउनु,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता बृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्नु
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउनु
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विवधता, समता तथा समावेशीता अभिबृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्नु

#### ४.१.५ रणनीतिहरू

आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच तथा समावेशी शिक्षा सम्बन्धी लक्ष्य तथा उद्देश्यहरुको प्राप्तिका लागि निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिनेछः

- नगरपालिका भित्रका सबै घरधुरीको सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध गर्ने।
- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गर्ने।
- आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गर्ने।
- आधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गर्ने।
- शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने।
- आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच तथा समावेशी शिक्षाका लागि आवश्यकता अनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रबृत्ति उपलब्ध गर्ने।
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गर्ने।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सृजना गर्ने।
- विद्यालयमा अभिभाव तथा सरोकारवालाहरु सबैको सहभागिता बढाइने।
- आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच तथा समावेशी शिक्षाका लागि  शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गर्ने।
- समूदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने।

#### ४.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।

**प्रमुख नतिजाः**

यस योजनको कार्यान्वयनसँगै आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच तथा समावेशी शिक्षाका क्षेत्रमा तपसिल बमोजिमका प्रमुख नतिजाहरुको प्राप्ति हुनेछः

- महिला, दलित, जनजाती, लोपोन्मुख समूदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता बृद्धि भई गुणस्तर सुधार हुने,
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार हुने,
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू विकास तथा जवाफदेही हुने
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलाप लगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिबृद्धि हुने
- सबै विद्यालयहरू, अपाङ्गमैत्री तथा बालमैत्री हुने

### प्रमुख क्रियाकलाप र लक्ष्य :

यस पञ्चवर्षिय शिक्षा योजना (२०८०/०८१-२०८४/०८५) ले तय गरेका शैक्षिक समता र समावेशीकरण सम्बन्धी लक्ष्य र उद्देश्यहरु पूरा गर्न तथा उल्लेखित रणनीतिहरुको कार्यान्वयन गरी मुख्य उपलब्धि र प्रमुख नतिजाहरुको प्राप्तिका लागि आगामी ५ वर्षसम्म सञ्चालन गरिने क्रियाकलाप र ति क्रियाकलापहरुको भौतिक लक्ष्यलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. : ४.१ शैक्षिक समता र समावेशीकरणका क्रियाकलापहरु र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८०-२०८४ | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| १ | पालिका अन्तर्गतका विद्यालयहरुमा अध्ययनरत आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गका बालबालिकाहरूको अवस्था पहिचान गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ , प्रदेश र नगरपालिका |
| २ | पहिचान भएका आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गका बालबालिकाहरुको बैयक्तिक आवश्यकता अनुसारका शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने | आ.अ. | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश र पालिका |
| ३ | विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याउनका लागि सम्बन्धित सरोकारवालाहरु सबैलाई परिचालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका र विद्यालय |
| ४ | आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गका बालबालिकाहरुलाई विद्यालय शिक्षाको पहुँचमा ल्याउनका लागि छात्रबृत्ति प्रदान गर्ने | आ.अ. | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश र पालिका |
| ५ | सबै विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण तथा विकास गर्दा अपाङ्गता र लैङ्गिकमैत्री शैक्षिक पूर्वाधार बनाउने | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका र विद्यालय |
| ६ | आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गका बालबालिकाहरुलाई शिक्षाको अवसर प्रदान गरी टिकाइराख्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश र पालिका |
| ७ | विद्यार्थिहरुको अपाङ्गताको प्रकृति अनुसार सिकाइ सामग्री व्यवस्थापन तथा प्रयोग गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका र विद्यालय |
| ८ | आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गका व्यक्तिहरुको क्षमता विकास गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्ने | आ.अ. | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश र पालिका |
| १० | स्थानीय आवश्यकता तथा विद्यार्थीहरुको स्थानीय ज्ञानलाई थप पृष्ठपोषण प्रदान गर्न तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप पाठ्यक्रमको स्थानीयकरण गरी पाठ्यक्रममा स्थानीय आवश्यकता अनुसारका विषयवस्तु समावेश गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,पालिका र विद्यालय |
| ११ | स्थानीय तहबाट आधारभूत शिक्षाका उमेर समूहका सबै बालबालिकाहरूलाइ विद्यालय भर्ना गर्ने व्यवस्था मिलाइ अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा घोषणा गर्ने व्यस्था मिलाउने। | पटक | | | | | १ | १ | पालिका र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विद्यार्थीहरुको विद्यालयमा निरन्तरताका लागि स्वस्थकर दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बाकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबिच सुमधुर सम्वन्ध विकास गर्ने। | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,पालिका र विद्यालय |
| १३ | अपाङ्गता भएका तथा सामाजिक र आर्थिक रुपमा पछाडि परेका वर्गका विद्यार्थीहरुको सिकाइमा सहयोगका लागि विभिन्न साझेदार संघसंस्थाहरुसँग समन्वय गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,पालिका र विद्यालय |
| १४ | पाठ्यक्रम तथा सिकाइ सामाग्रीलाइ अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने। | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,पालिका र विद्यालय |
| १५ | आजिवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागिहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामाग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गर्ने। | आ.अ. | √ | √ | √ | √ | √ | √ | संघ,पालिका र विद्यालय |
| १६ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यस सम्वन्धी शिक्षा तथा संयन्त्र स्थापना गर्ने साथै सबै विद्यालयमा गुनासो सुनुवाई सयन्त्रको व्यवस्था गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका र विद्यालय |

## ४.२. दिवा खाजा सहित विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.२.१. परिचय

गुणस्तरीय सिकाइका लागि बालबालिकाहरू स्वस्थ र तन्दुरुस्त हुनु आवश्यक हुन्छ । बालबालिकाको पूर्ण स्वस्थताका लागि पौष्टिक एवं सन्तुलित खाना/खाजा अनिवार्य शर्त मानिन्छ । मानव पूँजीको विकासको लागि प्रत्येक बालबालिकाले स्वस्थ र पोषित भई गुणस्तरीय शिक्षा प्राप्त गर्नुपर्दछ । नेपालको संबिधानको धारा ३५ र ३६ ले खाद्य संप्रभुताको हक सुनिश्चित गरेको छ । संविधानले प्रत्याभूत गरेको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि बनेको निःशुल्क तथा अनिवार्य आधारभुत शिक्षा ऐन २०७५ एवं नियमावली २०७७ ले दिवा खाजाको प्रावधानलाई कानूनी रुपमा स्थापित गरेको छ । यो विषयलाई विद्यालय क्षेत्र विकास योजना, पन्ध्रौ योजना, राष्ट्रिय शिक्षा नीति २०७६, एकीकृत स्वास्थ्य रणनीति जस्ता नेपालका शिक्षा र स्वास्थ्य सम्बन्धी नीतिगत दस्तावेजहरूले उच्च महत्व दिएका छन् ।

प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्मका बालबालिकाहरूमा गरिएको अध्ययनले जीवनका आरम्भका एक हजार दिनका अतिरिक्त अर्को सात हजार दिन पनि मानव पूँजी र सामाजिक तथा आर्थिक विकासका लागि उत्तिकै महत्वपूर्ण हुने देखाएको छ । मानव पूँजी र सामाजिक तथा आर्थिक विकासका साथै कुपोषणको चक्र तोड्नका लागि  विद्यालयलाई स्वास्थ्य तथा पोषण सेवाहरु प्रदान गर्ने एउटा मितव्ययी र प्रभावकारी स्थल/संस्थाको रुपमा रहेको कुरा आत्मसात गरी खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन हुँदै आएको छ । यसले बालाबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थिति सुधार गर्नुको साथै वृहत र सुक्ष्म पोषक तत्वहरुको आवश्यक्ता धेरै हदसम्म परिपूर्ती गर्नका साथै ९/१० वर्ष उमेरमाथिको बालिकाहरुकालागि महिनावारी सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यमा समेत सहयोग गरेको देखिन्छ ।

### ४.२.२ वर्तमान अवस्था

#### दिवा खाजा

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका आधारभुत विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम सञ्चालनमा छ । यस पञ्चपुरी नगरपालिकाका आधारभुत तह कक्षा १ - ६ मा अध्ययनरत सबै बालबालिकाहरुलाई विद्यालय उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी प्रतिदिन रु १५ का दरले वार्षिक १८० दिनका लागि नगद अनुदानमा आधारित दिवा खाजाका लागि विद्यालयको खातामा रकम निकासा गर्ने गरिएको छ । उत्त कार्यक्रम मार्फत बालबालिकाको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा बालबालिकाको नियमिततामा उल्लेख्य सुधार भएतापनि वर्तमानको मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु १५ पर्याप्त देखिदैन । साथै  प्राय विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, सामग्री तथा खाजा बनाउने व्यक्तिलगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध नगरिएको हुनाले प्रभावकारी कार्यान्वयनमा समस्या देखिएको छ ।

#### विद्यालय स्वास्थ्य र पोषण, सरसफाइ तथा स्वच्छता

बालबालिकाको स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुनु उनीहरूको संविधान प्रदत्त हक पनि हो  भने दिगो विकास लक्ष्य नं. ४ र ६ अन्तर्गत सबै विद्यालयहरूमा सुरक्षित तवरले व्यवस्थित खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनुपर्ने गरी सूचकाङ्क पनि तोकिएको छ ।विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकरात्मक प्रभाव पार्ने कुरामा कुनै दुईमत छैन । तत्कालिन शिक्षा विभागले २०७४ मा तयार गरी २०७६ मा परिमार्जन गरिएको विद्यालयहरुमा खानेपानी तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयमा हुनुपर्ने खानेपानी सरसफाइ तथा स्वच्छता अन्तर्गतका स्वच्छ पिउने पानी ,अलग अलग बाल,लैङ्गिक ,अपाङ्गता र वातावरण मैत्री शौचालय,वातावरणीय सरसफाइ,हरियाली वातावरण,महिनावारी स्वच्छता व्यवस्थापन ,स्वच्छ तथा सफा खाजा घर र सरसफाइ तथा स्वच्छता प्रवर्धन र दिगोपनाको लागी संस्थागत व्यवस्था रहेका छन् । तसर्थ तत्कालीन अवस्थामा तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट खानेपानी सरसफाइका कार्यक्रमहरु क्रमश प्रदान गर्ने गरिएकोमा हाल आएर प्रदेशस्थित सामाजीक विकास मन्त्रालयबाट र पालिकाबाट यस सम्बन्धि कार्यक्रमहरु सञ्चालन भइरहेका छन । न्यूनतम प्याकेजअन्तर्गत वार्षिक स्वास्थ्य परीक्षण,अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण, आवश्यकतानुसार

प्रतिस्थापन हुने व्यवस्थासहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस, कक्षा ६–१० का बालिकाहरूका लागि आइरन चक्की, छात्रा र छात्रका लागि अलग–अलग शौचालय, व्यस्थापन समितिको सक्षमतामा सुधार तथा बाल क्लबहरूको परिचालन रहेका छन्। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि वितरणका कार्यक्रम, प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस र यसको प्रतिस्थापन र आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन्। प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस एक पटक प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध भएका छैनन् भने अधिकांशमा प्रतिस्थापन हुन नसक्दा प्रयोग विहिन हुन पुगेका छन्।। विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापनका लागि केही कार्यहरू भएका छन्, जस्तै: छात्र र छात्रालाई अलग अलग शौचालय, नि:शुल्क सेनिटरी प्याड वितरण आदि। प्राय विद्यालयमा अझै पनि सुरक्षित र सहज चेन्ज कोठा/स्थानको अभाव, पानी तथा सरसफाइ प्रबन्धको कमजोरी तथा प्रयोग भएका सामग्रीको व्यस्थापनमा समस्या देखिएको छ भने अधिकांश विद्यालयमा महिनावारी स्वच्छतासम्बन्धी शिक्षा तथा परामर्शको व्यवस्था रहेको छैन।

वातावरणीय सरसफाइ, हरियाली वातावरण र स्वच्छता सुविधामा पनि कतिपय विद्यालयले प्रगति गरे पनि धेरैजसो विद्यालयले यसमा थप कार्य गर्नु छ। धेरैजसो विद्यालयमा भान्सा/खाजा घर/कोठाको प्रबन्ध नै छैन भने भएकाहरूमध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद, जोखिम तथा महामारी समावेश गरी थप सुधार गर्नु आवश्यक छ। बालबालिकाका लागि सरसफाइ तथा स्वच्छतासम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक छ।

### चुनौति र अवसर

दिवा खाजा कार्यक्रमको कार्यान्वनमा बालबालिकाको खाद्य तथा पोषणलाई कानुनी अधिकारको रुपमा स्थापित गराउनु, दिवा खाजा र अन्य स्वास्थ्य तथा पोषण सेवाहरु(जुकाको औषधि र सुक्ष्मपोषक पूरक ट्यावलेट वितरण, खानेपानी सरसफाईको सुविधा, आँखा र श्रवण शक्तिको आवधिक जाँच आदि) एकिकृत गरी कार्यान्वयन गर्नु र मापदण्ड सहित पालिका स्तरीय खाजा मेनुको निर्धारण गर्नु तथा कार्यान्वयन पद्धति तयार गर्नु मुख्य चुनौतिका विषयहरु हुन्। दिवा खाजाको अर्थ, महत्व र वुझाईमा स्पष्टता र एकरुपता कायम गर्नु, आवश्यक पूर्वाधारको विकास तथा व्यवस्थापन गर्नु, आवश्यक जनशक्तिको व्यवस्थापन तथा परिचालन गर्नु, कार्यक्रमको व्यवस्थापन र संचालन पक्षलाई प्रभावकारी र सहभागिमूलक बनाउनु र कार्यक्रमको आवधिक अनुगमन, मुल्याङ्कन र जवाफदेहिता संयन्त्रको विकास गर्नु आदि सहायक चुनौतिहरू हुन्।

संघिय सरकारबाट सुर्खेत जिल्लाका सबै विद्यालयहरुमा प्रारम्भिक बालविकास कक्षादेखि ६ सम्मका सम्पुर्ण बालबाललिकाहरुलाई दिवा खाजा/खाना उपलब्ध गराउन सशर्त अनुदानको व्यवस्था गरिनु, शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ समेत विकास गरी सो बमोजिम दिवा खाजा कार्यक्रम कार्यान्वयनमा आउनु, स्थानीय स्तरमा उपलब्ध खाद्यान्नका आधारमा फरक फरक प्रकारका विद्यालय खाजा मेनुको निर्माण गरिनु तथा स्थानीय उत्पादनलाई प्रवर्धन गर्नु, स्थानीय तहमा स्वास्थ्य र शिक्षा शाखाले समन्वय र सहकार्य गर्न सक्ने प्रकारको संरचना निर्माण हुनु, विद्यालयमा अध्ययनरत किशोरीहरुलाई आइरन फोलिक एसिड र सेनेटरी प्याड वितरण गरिनु, विद्यालय नर्सिङ कार्यक्रम सञ्चालनमा रहनु, बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनमा रहनु लाई दिवा खाजासहितको स्वास्थ्य पोषण कार्यक्रमका अवसरका रुपमा लिन सकिन्छ।

### ४.२.३ लक्ष्य

विद्यालय उमेर समूहका बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार गरी शिक्षामा पहुँच र गुणस्तरको सुनिश्चितता गरिनेछ।

### ४.२.४ उद्देश्यहरु

विद्यालय उमेर समूहका बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार गरी शिक्षामा पहुँच र गुणस्तरको सुनिश्चितता गर्ने लक्ष्य पूरा गर्नका लागि निम्नानुसारका उद्देश्यहरु तय गरिएका छनः

- प्रत्येक विद्यालयमा बालबालिकालाई स्थानीय उत्पादनमा आधारित स्वस्थकर, ताजा तथा पौष्टिक खाजा/खाना प्राप्तिको सुनिश्चितता गर्नु।

- विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गरी यस सम्बन्धी व्यवहारलाई प्रोत्साहन गर्नु।
- दिवा खाजा लगायत अन्य स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको लागि आवश्यक मानवीय संशाधन तथा भौतिक पूर्वाधारको विकास तथा व्यवस्थापन गर्नु।
- सरोकारवालाहरूको समन्वय तथा सहभागिता सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।
- कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि पालिकास्तरमा संयन्त्र निर्माण गर्नु ।
- स्थानीय उत्पादनको प्रबर्धन र अर्थतन्त्रमा सकरात्मक प्रभाव पार्ने गरी दिवा खाजाको लागि चाहिने खाद्य सामग्रिहरु कृषि क्षेत्रको सहकार्यमा विकास तथा व्यवस्थापन गर्नु।

### ४.२.५ रणनीतिहरु

उल्लिखित उद्देश्यहरु हासिल गर्नका लागि देहायका रणनीतिहरु अबलम्बन गरिनेछ :

१. संघ, प्रदेश र स्थानीय तह तथा अन्य क्षेत्रसमेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि पालिकास्तरमा आवश्यक न्यूनतम मापदण्ड निर्माण गर्ने।

२. बालबालिकालाई आवश्यक सफा, ताजा र पोषिलो खाजा तयारीको लागि आवश्यक पर्ने पुर्वाधार एवम् श्रोत (उचित भान्सा तथा भण्डारण कोठा, आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा, विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था, प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरुको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटको वितरण र स्यानीटरी प्याडको वितरण आदि) विकास तथा व्यवस्थापनका लागि संघीय र प्रदेश सरकारसंग आवश्यक समन्वय, सहयोग तथा सहजीकरण गर्ने।

३. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मको सबै विद्यार्थीलाई विद्यालयमा नै उपलव्ध गराउनका लागि अभिभावक र स्थानीय तहहरुसंगको लागत साझेदारीमा आवश्यक श्रोतको व्यवस्थापन गर्ने।

४. विद्यालय नर्सिङ कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि गैर सरकारी संघ संस्थाहरुहरुसंगको समन्वयमा सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा नर्सको व्यवस्थापन गर्ने कार्य सुनिश्चित गर्ने।

५. विद्यालयहरूमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, पोषण र किशोरीहरुको महिनावारी स्वास्थ्य सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषिक्षेत्रसँगको समन्वय र सहयोगमा स्थानीय स्तरमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गर्नमा सहयोग एवम् सहजीकरण गर्ने।

६. स्थानीय उत्पादनमा आधारित खाद्य टोकरी निर्माण र गुणस्तरीय तथा पोषिलो खाजा मेनु तयार गर्नको लागि जनशक्तिको क्षमता अभिवृद्धि गर्नका लागि सहजीकरण गर्ने।

७. महंगी र आवश्यकतालाई मध्यनजर राखी हाल प्रदान गरिदै आएको प्रति विद्यार्थी खाजाको रकममा पुनरावलोकन गर्ने।

८. कार्यक्रमको अनुगमन, मुल्याङ्कन लगायत खाद्य सुरक्षा, गुणस्तर सम्बन्धी प्राविधिक सहयोग तथा आवश्यक प्रविधि विकासको लागि केन्द्रीय र प्रदेश विश्वविद्यालय तथा अन्य विशेषज्ञ निकायहरुसँग समन्वय र सहकार्य गर्ने।

### ४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

१. विद्यालय उमेर समूहका बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार गरी शिक्षामा पहुँच र गुणस्तरको सुनिश्चितता हुने।

#### प्रमुख नतिजा

१. पोषिलो खाजा तयारीको लागि विद्यालयमा आवश्यक पर्ने पुर्वाधार एवम् श्रोतविकास तथा व्यवस्थापन हुने।

२. विद्यार्थीले दिवा खाजा पाउने अधिकार कानूनी रूपमा स्थापित हुने तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन तथा कार्यन्वयन संयन्त्र संस्थागत हुने ।
३. यस पालिकाका आधारभूत तहसम्मको सम्पूर्ण बालबालिकालाई विद्यालयमा नै स्थानीय उत्पादनमा आधारित दिवा खाजा उपलब्ध हुने ।
४. संघीय र प्रदेश सरकारको सहयोगमा पालिकाका सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा नर्सको व्यवस्थापन हुने ।
५. विद्यालयहरूमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, पोषण र किशोरीहरुको महिनावारी स्वास्थ्य सम्बन्धी शिक्षा प्रदान हुने ।
६. स्थानीय उत्पादनमा आधारित खाद्य टोकरी निर्माण र गुणस्तरीय तथा पोषिलो खाजा/खाना मेनु तयार हुने ।

### प्रमुख क्रियाकलाप तथा लक्ष्य

यस पञ्चवर्षिय शिक्षा योजना (२०८०/०८१-२०८४/०८५) ले तय गरेका विद्यालय उमेर समूहका बालबालिकाहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार गरी शिक्षामा पहुँच र गुणस्तरको सुनिश्चितता गरिने लक्ष्य र उद्देश्यहरु पूरा गर्न तथा उल्लेखित रणनीतिहरुको कार्यान्वयन गरी मुख्य उपलब्धि र प्रमुख नतिजाहरुको प्राप्तिका लागि आगामी ५ वर्षसम्म सञ्चालन गरिने क्रियाकलाप र ति क्रियाकलापहरुको भौतिक लक्ष्यलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका ४. २ : दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८०-२०८४ | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| १ | पालिकास्तरीय दिवा खाजा सहित स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी नीति तथा कार्यविधि निर्माण | पटक | | | | | १ | १ | साझेदार संस्था, पालिका तथा विद्यालय |
| २ | साझेदारीमा आवश्यक पर्ने बजेटको व्यवस्थापन गरी स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | निरन्तर | √ | √ | √ | √ | √ | | नगरपालिका तथा विद्यालय र वडा समिति |
| ३ | स्थानीय स्तरमा खाद्य समन्वय तथा अनुगमन समितिको गठन र परिचालन | निरन्तर | √ | √ | √ | √ | √ | | नगरपालिका तथा विद्यालय |
| ४ | तालिम/प्रचार–प्रसार/मेनु तयारी र आवधिक अन्य क्षमता अभिवृद्धि क्रियाकलाप | पटक | | १ | | | १ | २ | साझेदार संस्था, पालिका तथा विद्यालय |
| ५ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने गरी स्थानीय कृषि सहकारी र स्थानीयहरुको संयन्त्र विकास | आ अ | √ | √ | √ | √ | √ | | नगरपालिका तथा विद्यालय |
| ६ | प्रत्येक माध्यामिक विद्यालयलाई एक नर्सको व्यवस्था | संख्या | २ | २ | २ | २ | २ | १० | संघीय र प्रदेश सरकार |
| ७ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरूको व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | | नगरपालिका तथा विद्यालय |
| ८ | विद्यालयमा स्वास्थ्य , खाजा, पोषण र किशोरिहरूका लागि महिनावारी स्वच्छतासम्बन्धी शिक्षा | पटक | २ | २ | २ | २ | २ | १० | नगरपालिका तथा विद्यालय |
| ९ | कक्षा ६ देखि १२ किशोरिहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | | संघ नगरपालिका तथा विद्यालय |

## ४.३ आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

### ४.३.१ परिचय

शिक्षा मानव अधिकारको विषय हो। आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारणालाई बालअधिकारको एक पक्ष मान्न सकिन्छ। यसभित्र प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द व्यवस्थापन आदि कुराहरूलाई समावेश गरिएको हुन्छ। सामान्य रुपमा आपत परेको बेला वा संकटको अवस्थामा सिकाइलाई निरन्तरता दिने शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा भनिन्छ। अर्थात विभिन्न युद्ध, द्वन्द , महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमहरुलाई आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा मान्न सकिन्छ। विभिन्न कारणले उत्पन्न विपद् तथा सङ्कटको अवस्थामा बालबालिकाहरुको सुरक्षा र संकट व्यवस्थापन गर्नुका साथै शिक्षा प्राप्तिका कार्यक्रमहरूको पूर्वतयारी तथा सञ्चालन गर्नु यस शिक्षाको मुख्य उद्देश्य हो। नेपालको संविधान २०७२ ले बालबालिकामाथि हुने सबै किसिमका विभेद र हिंसालाई निषेध गरेको छ। यसैगरी विद्यालय शान्ति क्षेत्र ,राष्टिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने , भेदभाव दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने कुरा उल्लेख गरेको छ। अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, लक्षित वर्गका बालबालिकाहरुका लागि विशेष व्यवस्था तथा मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ। हाल कोभिड १९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७, विद्यालय सञ्चालन कार्यढाँचा २०७७, पाठ्यवस्तु समायोजन ढाँचा २०७७, SEE नतिजा प्रकाशन तथा प्रमाणिकरण कार्यविधि २०७७ र विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना २०७८ जारी गरिएको छ।

यस खण्डमा आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि शिक्षामा सबैको पहुँच, गुणस्तर, समता तथा समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि पञ्चपुरी नगरपालिकाको आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने किसिमका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.३.२ वर्तमान अवस्था

शिक्षा पाउनु सबै नागरिकको नैसर्गिक अधिकार हो। नेपालको संविधान २०७२ मा शिक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरेसंगै जुनसुकै आपत्तिमा पनि बालबालिकाले शिक्षा प्राप्त गर्न पाउनुपर्छ। समय समयमा देखापर्ने विभिन्न विपद तथा महामारीमा पनि शिक्षालाई निरन्तरता दिनका लागि नेपाल सरकार तथा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले विभिन्न क्रियाकलापहरु गर्दै आएका छन। पञ्चपुरी नगरपालिकाले पनि बालबालिकाले शिक्षा पाउने हकलाई सुनिश्चित गर्नका लागि कोभिड १९ लगायतका महामारी तथा अन्य विपदका समयमा पनि शिक्षा प्रदान गर्ने कार्यका लागि शिक्षा प्रतिकार्य योजना २०७७ तयार पारेको छ। यसै गरी आपतकालीन अवस्थामा आन्तरिक विद्यार्थी मूल्याङ्कन तथा नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि २०७८ तयार पारी कार्यान्वयनमा ल्याएको छ। यसैगरी कोभिड १९ का बेलामा विद्यार्थीहरुको सिकाइ निरन्तरताका लागि यस नगरपालिकाले कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुका लागि अभिभावकको सहयोगमा घरमै गराउन सकिने क्रियाकलाप नामक पुस्तक छपाइ गरि वितरण गरेको थियो।

### चुनौति तथा अवसरहरु:

आपत वा विपद बाजा बजाएर आउदैन। आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि सिकाइमा निरन्तरता दिनु सरोकारवालाहरु सबैको दायित्व हो। महामारीको समयमा शिक्षा पाउने कुरालाई अधिकारको रुपमा संविधानले व्यवस्था गरेतापनि यसका थुप्रै चुनौतिहरू रहेका छन। संकट तथा महामारीको बेला शैक्षिक कार्यक्रमहरुलाई निरन्तरता दिनका लागि प्रभावकारी र दिगो प्रतिकार्य योजना निर्माण गर्नु, सिकाइका बैकल्पिक माध्यमहरुको विकास र त्यसमा सबैको पहुँच वृद्धि गर्नु, आपतकालीन तथा संकटपूर्ण अवस्थामा सबै बालबालिका तथा शिक्षकहरुको सुरक्षा गर्नु, सुरक्षित तथा दिगो भौतिक पूर्वाधारहरुको विकास गर्नु, विद्यालयमा हुने विभिन्न किसिमका हिँसा र विभेदको अन्त्य गर्नु,आपतकालीन शिक्षाका लागि शिक्षकहरुको क्षमता विकास गर्नु, सिकाइका लागि

सूचना तथा सञ्चार प्रविधिक प्रयोगमा वृद्धि गर्नु जस्ता कुराहरुलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा प्रदान गर्नका लागि देखिने चुनौतीहरु मान्न सकिन्छ ।

यसैगरी नेपालको संविधानले सबैलाई अनिवार्य, तथा नि:शुल्क आभारभूत शिक्षा र माध्यमिक तह सम्म नि:शुल्क शिक्षाको व्यवस्था र बालबालिकामाथि हुने सबै किसिमका विभेद सजाय र दुराचारलाई निषेध गर्नु, अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली २०७७ ले छात्रवृति, दिवा खाजा, सुविधा विहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गर्नु, विद्यालय शान्ति क्षेत्र ,राष्टिय कार्य ढाँचा र कार्यान्वियन निर्देशिका २०६८ ले विद्यालयलाई ससस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनितिक हस्तक्षेपबाट मुक्त राख्ने, भेदभाव दुर्व्यवहार र शोषणबाट मूक्त राख्ने नीतिगत व्यवस्था गर्नु आदि कुराहरु यस क्षेत्रका अवसरहरू हुन ।

### ४.३.३ लक्ष्य

आपत तथा संकटको अवस्थामा पनि बालबालिकाको सिकाइलाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्‍याउने

### ४.३.४ उद्देश्य

आपत तथा संकटको अवस्थामा पनि बालबालिकाको सिकाइलाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्‍याउनका लागि आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा सम्बन्धी निम्नानुसारका उद्देश्यहरु तय गरिएका छनः

- औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद् तथा संकटको पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु
- सम्भावित विपद् तथा संकटको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु
- विपद् तथा संकट व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
- आपतकालीन तथा संकटपूर्ण अवस्थाबाट अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना गर्नु

### ४.३.५ रणनीति

यस योजनाले तय गरेका आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा सम्बन्धि लक्ष्य तथा उद्देश्यहरु पूरा गर्नका लागि निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिनेछः

७. सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्नुका साथै प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी गर्ने ।
८. कोभिड-१९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
९. आपतकालीन अवस्थामा सिकाइलाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।
१०. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।
११. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्नुका साथै विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने ।
१२. विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गरिनेछ । महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने ।
१३. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाइने ।

१४. विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गर्ने ।

१५. हरित विद्यालय अभियान,जलवायु परिवर्तन,दिगो विकासका लागि शैक्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

### ४.३.६ मुख्य उपलब्धी, क्रियाकलाप र लक्ष्य

#### उपलब्धी

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने ।

#### नतिजा

यस योजनाको सफल कार्यान्वय भए पश्चात आपतकालीन तथा संङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरुले सुरक्षित रुपमा शिक्षा पाउनुका साथै तपसिल बमोजिमका प्रमुख नतिजाहरु प्राप्त हुनेछनः

- कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक प्रबन्ध हुने,
- विद्यालय र शिक्षा प्रणालीमा विपद् तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा पुनर्उत्थान योजना तथा क्षमता विकास हुने,
- भौतिक, मानवीय र आर्थिक स्रोत व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने,
- विपद् तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरु निरन्तर रुपमा सञ्चालन हुने

## प्रमुख क्रियाकलाप र लक्ष्य :

यस पञ्चवर्षिय शिक्षा योजना (२०७८०/०८१-२०८४/०८५) ले तय गरेका आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा सम्बन्धी लक्ष्य र उद्देश्यहरु पूरा गर्न तथा उल्लेखित रणनीतिहरुको कार्यान्वयन गरी मुख्य उपलब्धि र प्रमुख नतिजाहरुको प्राप्तिका लागि आगामी ५ वर्षसम्म सञ्चालन गरिने क्रियाकलाप र ति क्रियाकलापहरुको भौतिक लक्ष्यलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. : ४.३ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा सम्बन्धी क्रियाकलापहरु र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०७९-२०८४ | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौँथो | पाँचौ | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापनका लागि पालिकास्तरीय नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण गर्ने | पटक | | १ | | | | १ | नगरपालिका |
| २ | आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाको सिकाइ निरन्तरताका लागि शिक्षा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने | पटक | | | १ | | | १ | नगरपालिका |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका, विद्यालय |
| ४ | आपतकालीन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाको सिकाइका लागि शिक्षक तथा SMC का पदाधिकारीहरुलाई तालिम कार्यक्रम सञ्चालन गर्ने | पटक | | १ | | | १ | २ | संघ,प्रदेश , पालिका रविद्यालय |
| ५ | स्थानीय तहमा संकटासन्नता मूल्यांकनका आधारमा योजना निर्माण गर्ने | पटक | | १ | | | | १ | पालिका विद्यालय |
| ६ | विद्यालयको नयाँ भवन निर्माण गर्दा विपद् प्रतिरोधी पूर्वाधारको विकास गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका |
| ७ | उत्थानसिलताका लागि विद्यालय विकासका आधारमा सचेतना विकास गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका, विद्यालय |
| ८ | सबै विद्यालयमा आधारभूत स्वास्थ्य सुविधा सहितको एक विद्यालय एक स्वास्थ्यकर्मी व्यवस्था गर्नका लागि आवश्यक नीति तथा कार्यविधि तयार पारी कार्यान्वयन गर्ने | आअ | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका |
| ९ | विद्यालयहरुको वातावरण शान्त, स्वच्छ, हरित तथा सुरक्षित बनाउनका लागि योजना बनाइ कार्यान्वयन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,प्रदेश,पालिका र विद्यालय |
| १० | आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षालाई निरन्तरता प्रदान गर्नका लागि सम्भावित बैकल्पिक माध्यमहरुको प्रवन्ध गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ,पालिका र विद्यालय |

## ४.४. विद्यालय भौतिक पूर्वाधार विकास

### ४.४.१. परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि स्वच्छ पानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि नलगाड नगरपालिकाको समाबेशी शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने किसिमका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.४.२. वर्तमान अवस्था

यस नगरपालिकामा हाल ५३ सामुदायिक र ८ संस्थागत गरि जम्मा ६१ विद्यालयहरु सञ्चालित छन् । पालिकामा सञ्चालित सबै सामुदायिक विद्यालयहरु भवनहरु पक्कि भएता पनि सबै भवनहरु अपाङ्गतामैत्री छैनन् । प्राय विद्यालयका प्रधानाध्यापकहरुका लागी बेग्लै कोठा भएपनि सुविधासम्पन्न छैनन् । सबै विद्यालयमा कम्प्यूटर र प्रयोगशालाको व्यवस्था हुन सकेको छैन र कम्प्यूटरको व्यवस्था भएको विद्यालयहरुमा पनी अलग्गै कम्प्यूटर ल्याब तथा प्रयोगशालाको व्यवस्था छैन । यस पालिकाका सबै विद्यालयहरुमा शौचालय भएता पनि धेरै जसोमा पानीको उचित प्रयोग र व्यवस्थापन भएको पाइदैन । स्वच्छ पिउने पानीको व्यवस्था पनी राम्रो छैन । खेलकुद मैदान लगायत अन्य भौतिक पूर्वाधारहरुको प्रयाप्त व्यवस्था छैन । विद्यालयहरुमा विद्यार्थीहरुको पठनपाठनमा सहज हुनेखालका कक्षाकोठाहरु , छात्राका लागी अलग्गै शौचालय समेत हुन सकिरहेको छैन । राष्टिय शिक्षा नीति २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी संख्याका आधारमा बन्नुपर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्षा, कार्यशाला , प्रयोगशाला ,पुस्तकालय ,अतिरित्त क्रियाकलाप तथा खेलकुद मैदान , विद्यालय सभाहल , मञ्च ,बगैचा ,कम्प्यूटर ल्याव , शिक्षक कर्मचारी कक्ष , प्रधानाध्यापक कक्ष,प्रशासनिक कक्ष) के कति आवश्यक पर्ने र पूर्वाधार निर्माणको दायित्व संघ,प्रदेश र स्थानीय सरकार कसले कसरी लिने भन्ने विषय अन्योल देखिन्छ । विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन । भवन बन्ने र बनाउने विधि र प्रक्रियामा कहीं विवाद र कानुनी प्रश्न उठिरहेका छन् । शिक्षा मन्त्रालयअन्तरगतको सबै भन्दा ठूलो बेरुजुको हिस्सा भवन निर्माणको रहेको छ । नेता, विद्यालय व्यवस्थापन समिति लगायत जनप्रतिनिधिहरुले समेत विद्यालयको अरु पक्षलाई भन्दा पनि पूर्वाधार निर्माणको पक्षलाई देखिने गरी महत्व दिएको पाइन्छ । तथापि पूर्वाधारहरु भने अपेक्षा गरे अनुसारका बन्न सकिरहेका छैनन् । रकम नपुगेर कतिपय पूर्वाधारहरु अधकल्चो अवस्थामा छन् । कतिपय पूर्वाधार निर्माणको क्रममा मुद्दा र उजूरी कारण काम हुन नसकेका अवस्थाहरु पनि छन् । भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पालना नभएका कारण धैरैजसो विद्यालयहरू सुरक्षित , लैङ्गिक र अपाङ्गतामैत्री बन्न सकेका छैनन् ।

### चुनौति र अवसर

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित चुनौतीहरू अन्तर्गत विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा यसमा लागि आवश्यक भूमिका स्पष्ट पार्नु, पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु, सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी विकास गर्नु, सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मास्टर प्लान विकास गर्नु, आवश्यक स्रोतको व्यवस्थापन गर्नु, नपुग रकमका लागि अभिभावकहरुबाट योगदान

हुने कुराको सुनिश्चितता गर्नु, पूर्वाधारहरूलाई अपङ्गतामैत्री, लैङ्गिक मैत्री र सिकाइमैत्री र वातानुकुलित बनाउनु, निर्माण कार्यलाई विवाद र उजूरी रहित बनउनु। स्थानीय आवश्यकता र उपलब्ध स्रोतको आधारमा निर्माणको लागत र मोडेलको विकास गर्नु आदि रहेका छन्।

विद्यालय पूर्वाधार निर्माणको सवालमा अवसरहरु पनि पर्याप्त देखिन्छन्। विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र जनप्रतिनिधिहरुले विद्यालयको अन्य पक्षलाई भन्दा पूर्वाधार निर्माणको पक्षलाई महत्व र चासो दिनु, तीनै तहका सरकारले पूर्वाधार निर्माणका लागि बजेट र कार्यक्रमको व्यवस्था गरिनु, पूर्वाधार निर्माणका सवालमा गैरसरकारी संस्थाहरुले समेत योगदान गर्नु, पूर्वाधार निर्माणको सवालमा समुदायको योगदान पनि इतिहासदेखि नै वर्तमानसम्म पनि अक्षुण्ण जस्तै हुनु, अधिकांश विद्यालयहरुका पूर्वाधार विगतको तुलनामा सुधार हुदै गएको देखिनु, मन्त्रालय र विभागले समेत २०७२ को भूकम्प पछि निर्माण हुने पूर्वाधारहरुलाई भुकम्प प्रतिरोधी हुने गरी निर्माण गर्न अनिवार्य गरिनु आदिलाई अवसरहरुको रुपमा लिन सकिन्छ।

### ४.४.३ लक्ष्य

सबै विद्यार्थीहरुलाई भयरहित वातावरणमा सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर गराउने हुनेछ।

### ४.४.४ उद्देश्य

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर उपलब्ध गराउने लक्ष्य पूरा गर्नका लागि निम्मानुसारका उद्देश्यहरु तय गरिएका छनः

१. सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु ,
२. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु,
३. गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवं जवाफदेहि प्रणालीको विकास गर्नु,
४. विद्यालय पूर्वाधार निर्माणको पहुचलाई मागका आधारमा भन्दा पनि वास्तविक आवश्यकताका आधारमा उपलब्ध गराउनु।
५. पातलो बस्ति भएका हिमाली जिल्लामा आवासीय विद्यालयका लागि पूर्वाधारको विकास गर्नु।

### ४.४. ५ रणनीतिहरु

उल्लेखित उद्देश्यहरु पूरा गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछन् :

१. विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुनर्परिभाषित गर्ने।
२. पूर्वाधार विकासका लागि विद्यार्थी सङ्ख्याको प्रक्षेपण. देशको भूगोल. हावापानी र लागतका आधारमा मापदण्ड विकास गर्ने।
३. विद्यालय पूर्वाधार विकासका लागि संघ. प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापनको प्रारूप विकास गर्ने।
४. स्थानीय तहको संयोजनमा विकास भएका पूर्वाधारहरूको विद्यालय भन्दा बाहिरका अन्य पक्षसँग उपयोगका सन्दर्भमा विधि विकास प्राप्त हुने आम्दानीलाई संबर्द्धन मर्मतका लागि व्यवस्था मिलाइने ।
५. विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघसंस्था एवं निकायहरूसँग लागत साझेदारी गर्ने।
६. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माणको गर्ने गरी विद्यालय सम्पूर्ण निर्माणको अवधारणा कार्यान्वयन गर्ने।
७. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय (विद्यार्थी सङ्ख्याको अनुमान तथा उमेरलाई विचार गरेर), भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजायन गरिने छ भने निर्माण भइसकेका विद्यालयहरूमा थप संरचनाको योजना एकै पटक गर्ने।

८. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

९. अन्तर सरकार र अन्य सरोकारवालाहरूबिच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधार उपयोग एवं जनशक्तिको उपयोगसम्बन्धी नीति तयार गरी कार्यान्वयन गर्ने ।

१०. पूर्वाधार निर्माणका लागि कसैका मागको आधारमा भन्दा पनि वास्तविक आवश्यकताको पहिचान गरी पूर्वाधार निर्माण कार्य गर्ने र निर्माणको काम विवादरहित किसिमले सम्पादन गर्ने सवालमा आवश्यक संयन्त्र, आचारसंहिता, सहमति, विश्वास र प्रतिवद्धताको वातावरण विकास गर्ने ।

११. निर्माण गरिएको विद्यालय पूर्वाधार विकासको संरक्षण संवर्धन र निगरानिका लागि समुदायका मानिसहरुमा अपनत्वको भावनाको विकास गर्ने ।

### ४.४.६ उपलब्धि नतिजा तथा प्रमुख क्रियाकलाप र लक्ष्य

#### उपलब्धि

१. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।

#### नतिजा

१. विद्यालय शिक्षाअन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित हुने ।

२. भौतिक पूर्वाधारको आवश्यकता पहिचान र मापदण्ड सहितको १० वर्षे मास्टर प्लान तयार हुने ।

३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने ।

४. देशका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।

५. एक विद्यालय सम्पूर्ण पूर्वाधार (A school with complete infrastructure) को अवधारणाअनुसार पूर्वाधार विकास हुने ।

६. विद्यालयहरूमा अपाङ्गता एवम् छात्रामैत्री संरचना व्यवस्था हुने ।

७. पूर्वाधार विकासका लागि आवश्यक विधि. मापदण्ड र स्तरीकरणका सूचक तयार हुने ।

८. विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भारका पद्धति विकास हुने ।

९. विद्यालय पूर्वाधार विकासका कामहरु दीगो र विवादरहित हुने ।

## प्रमुख क्रियाकलाप र लक्ष्य

यस पञ्चवर्षिय शिक्षा योजना (२०८०/०८१-२०८४/०८५) ले तय गरेका सबै विद्यार्थीहरुलाई भयरहित वातावरणमा सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर गराउने लक्ष्य र उद्देश्यहरु पूरा गर्न तथा उल्लेखित रणनीतिहरुको कार्यान्वयन गरी मुख्य उपलब्धि र प्रमुख नतिजाहरुको प्राप्तिका लागि आगामी ५ वर्षसम्म सञ्चालन गरिने क्रियाकलाप र ति क्रियाकलापहरुको भौतिक लक्ष्यलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका ४.४: विद्यालय भौतिक पूर्वाधार विकासका क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८०-२०८४ | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौंथो | पाँचौ | | |
| १ | विद्यालय शिक्षा अन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ |
| २ | पूर्वाधार विकास मास्टर प्लान तयार | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश तथा पालिका |
| ३ | पूर्वाधार विकास प्रारूप विकास र तीनै तहमा स्रोतको विनियोजन | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश तथा पालिका |
| ४ | एक विद्यालय सम्पूर्ण पूर्वाधार (A School with Complete Infrastructure) अनुरूप भौतिक पूर्वाधारको विकास गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | १ | संघ, प्रदेश तथा पालिका |
| ५ | मापदण्ड एवं स्तरीकरणका सूचक विकास | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ |
| ६ | अपाङ्गतामैत्री लैङ्गिक मैत्री संरचनाको विकास | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | संघ,प्रदेश तथा पालिका |
| ७ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | संघ, प्रदेश तथा पालिका |
| ८ | पालिकामा भएको एउटा आवासीय सुविधा सहितका विद्यालय सञ्चालनका लागि पूर्वाधारको विकास गर्ने। | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश तथा पालिका |
| ९ | विद्यालयको पूर्वाधार निर्माण र संरक्षणका लागि समुदायका मानिसहरुमा अपनत्वका भावनाको विकास | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका , विद्यालय |

## ४.५ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.५.१ परिचय

अहिलेको युग सूचना तथा सञ्चार प्रविधिको युग हो । समयको माग र परिवर्तनसँगै सूचना तथा सञ्चार प्रविधि मानवीय जीवनको अभिन्न अङ्गको रुपमा विकास हुदै गएको गएकाले शिक्षा क्षेत्रमा यसको महत्व दिन प्रतिदिन बढदै गइरहेको छ । विद्यालय शिक्षामा कम्प्युटर, रेडियो , टेलिभिजन, मोवाइल , इन्टरनेट , टेलिभिजन , स्मार्टबोर्ड जस्ता साधनहरुको प्रयोग गर्नुलाई शिक्षामा सूचना प्रविधिको प्रयोगका रुपमा लिन सकिन्छ । पुरानो चक एण्ड टक विधिले अहिलेको समयको आवश्यकता अनुसारको शिक्षा र जनशक्ति दिन नसक्ने हुँदा विद्यालय तह देखि माथिल्लो तहसम्मको शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोगको महत्वलाई बढावा दिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगले विद्यार्थीको सिकाइलाई रोचक तथा सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न , शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न र युगसुहाउदो शिक्षा प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्न सहयोग गर्दछ । यतिमात्र होइन सूचना तथा संचार प्रविधिको मद्दतले सिकाइ सुधार हुने, सबैका लागि शिक्षामा पहुँच पुर्‍याउन सहज हुने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिने भएकाले सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइको महत्वपूर्ण साधनको रुपमा लिइन्छ । नेपालको संविधान, २०७२ को भाग ३ अन्तर्गत सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकको व्यवस्था गरेको छ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्‍याउने विषयमा नीति निर्धारण गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने तथा शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने नीति लिएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ मा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । जसमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्‍याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । यसैगरी हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यार्थीहरुको सिकाइका लागि इ लर्निङ्ग पोर्टल अर्थात सिकाइ चौतारी तयार पारेको छ । जसलाई हामी शिक्षामा सूचना प्रविधिको प्रयोगसँऊ जोडन सकिन्छ । साथै पाठ्यक्रम विकास केन्द्रले पनि इ लाइबेरी मार्फत सिकाइका सामग्रीहरु विद्यार्थीहरुमाझ ल्याउने जमर्को गरेको छ । साथै २०७१ सालदेखि विद्यालय शिक्षाको तथ्याङ्की, यव्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिने उद्देश्यका साथ एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) अद्यावधिक गराउने कार्यको थालनी भएको छ ।

नेपालको पछिल्लो समयमा सन २०१९ को अन्त्यतिर विश्वव्यापी महामारिको रुपमा देखा परेको कोभिड १९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको आवश्यकतालाई महसुस गराएको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा संचार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा भइरहेको क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगाएतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन ।

यस खण्डमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग, सबैको पहुँच, गुणस्तर, समता तथा समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी पाँच बर्षका लागि पञ्चपुरी नगरपालिकाको शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई व्यवस्थित र गुणस्तरीय बनाउने किसिमका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.५.२ वर्तमान अवस्था

पञ्चपुरी नगरपालिकाका ५३ वटा सामुदायिक विद्यालयहरुमध्ये ८ वटा विद्यालयहरुमा विद्युतको विस्तार भएतापनि ४४ वटा विद्यालयहरुमा भौगोलिक विकटताका कारण विद्युत विस्तार हुन सकेको छैन । विद्युतको सुविधा नभएका ८ वटा विद्यालयमा सौर्य उर्जाको माध्यमबाट विद्युतको अभाव पुर्ति गर्ने प्रयास गरिएको छ । यसैगरी यस नगरपालिकाका सबै माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवाको जडान भई त्यसको सामान्यरुपमा शिक्षण सिकाइमा प्रयोग हुदैँ आइरहेको पाइन्छ भने बाँकी विद्यालयहरुमा इन्टरनेट जडानका

लागि अनुदानको व्यवस्था गरिएको छ। विद्युत सेवाको विस्तार नहुँदा र वैकल्पिक उर्जाको व्यवस्थापन नहुँदा इन्टरनेट जडानका लागि अनुदान निकासा भएतापनि जडान हुन सकेको छैन। यस नगरपालिका ७ वटा माध्यमिक र ५ वटा आधारभूत विद्यालयहरुमा कनेक्टिभिटी सुविधा सहितको ICT प्रयोगशाला स्थापनाका लागी रकम निकाशा गरिएको छ भने १३ वटा विद्यालयहरुमा कम्प्युटरका सामग्रीहरु जडान गरिएका छन। यसैगरी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रममा विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्रियाकलापका लागि ३० कार्य घण्टा निर्धारण गरिएको छ भने कक्षा ७ र ८ मा हाल स्थानीय विषयको रुपमा कम्प्युटर शिक्षा विषयको अध्यापन हुदैँ आएको छ। कोभिड १९ को प्रभावसंगै हाल शिक्षा प्रणालीलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोगको खाँचो महसुस भएको छ। यससँगै शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको इ लर्निङ्ग पोर्टलका बारेमा सबैलाई सुसुचित गर्न सकिएको छैन। शिक्षामा सूचना प्रविधिको प्रयोग स्वरुप विद्यालय तहका सम्पुर्ण शैक्षिक सूचनाहरुलाई व्यवस्थित गर्नका लागि एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (IEMIS) लाई वेभमा आधारित बनाइएको भयतापनि धेरैजसो विद्यालयमा कम्प्युटर लगायत सूचना प्रविधिसम्बन्धी सामग्री तथा इन्टरनेट कनेक्टिभिटीको अभाव हुनाले यसलाई पूर्ण रूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन।

### चुनौती तथा अवसरहरुः

अहिलेको युग सूचना र प्रविधिको युग हो। समयको परिवर्तनसँगै शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग अपरिहार्य भयतापनि सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत संरचनाको व्यवस्थापन गर्नु, सूचना तथा सञ्चार प्रविधि सम्बन्धी साधनहरुको सञ्चालन र प्रयोगका लागि शिक्षकहरुको क्षमता विकास गर्नु, अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँचको विस्तार गर्नु, विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुनेगरी सामग्री विकास र प्रयोग गर्नु, सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु, विभिन्न तहका सरकार तथा इन्टरनेट प्रदायक संस्थाहरूका विच समन्वय र सहकार्य व्यवस्थित गर्नु , सूचना र सञ्चारको प्राणको रुपमा रहेको विद्युत सेवाको विस्तार एवम् विद्युत सेवाको आपूर्तिलाई नियमित गर्नु, सूचना र सञ्चार प्रविधिको दुरुपयोगलाई न्यूनिकरण गर्नु जस्ता कुराहरुले शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा चुनौती खडा गरेका छन्।

यसैगरी कोभिड १९ ले शिक्षामा सूचना र सञ्चारको महत्वको बारेमा सरोकारवालाहरुलाई आत्मबोध गराउनु, मोवाइल सेवाको विस्तारले पनि अनलाइनबाट हुने शिक्षण सिकाइका सकारात्मक योगदान पुऱ्याउनु, प्रविधिमैत्री शिक्षक समाज नेपालले प्रविधिमैत्री शिक्षक तालिमको लागि स्वतस्फुर्त किसिमबाट योगदान गर्नु, वाइफाइ र इन्टरनेट प्रविधि छोटो समयमै मानिसको जीवनको अभिन्न अङ्गको रुपमा विकास हुनु, विद्यार्थीहरुमा अनलाइन शिक्षाप्रति अपेक्षाकृत चासो बढेको कारण शिक्षकहरुमा तत्सम्बन्धी दक्षता अभिवृद्धिका लागि दवावको सिर्जना हुनु, सूचना र सञ्चारको विकास र विस्तारका लागि सरकारी एवम् गैरसरकारी क्षेत्रहरु प्रतिष्पधात्मक किसिमबाट अघि बढ्नु, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव संशाधन विकास केन्द्र एवम् पाठ्यक्रम विकास केन्द्र लगायत निजी क्षेत्रबाट अन्य धेरै संघसंस्थाहरुले अनलाइनमा पढ्ने मिल्ने गरी पाठ्यसामग्रीको विकास गर्नु जस्ता बुदाहरुलाई शिक्षाको क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिमा देखिएका अवसरहरु मान्न सकिन्छ।

### ४.५.३ लक्ष्य

सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रबर्द्धन हुने।

### ४.५.४ उद्देश्य

सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रबर्द्धन गर्नका लागि तपसिल बमोजिमका उद्देश्यहरु तय गरिएका छनः

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु
- सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षाको पहुँच पुऱ्याउनु
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु

### ४.५.५ रणनीतिहरू

यस योजनाले तय गरेका शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी लक्ष्य तथा उद्देश्यहरु पूरा गर्नका लागि निम्नानुसारका रणनीतिहरु तय गरिएका छनः

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित रही सबै शिक्षकहरूको क्षमता विकास गर्ने ।
- दिगो र रोचक सिकाइका लागि विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने ।
- शिक्षकको पेशागत विकास तथा शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।
- विद्यालयका शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने ।
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।
- सामुदायिक अध्ययन केन्द्रहरूमा सूचना तथा सञ्चार प्रविधिका संरचनाहरुको स्थापना सञ्चालन गर्ने ।

### ४.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन हुने

**प्रमुख नतिजाः**

यस योजनको सफल कार्यान्वयनसँगै शिक्षामा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा निम्नानुसारका प्रमुख नतिजाहरुको प्राप्ति हुनेछः

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने,
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
- सामूदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने,
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने,

### प्रमुख क्रियाकलाप र लक्ष्यः

यस पञ्चवर्षिय शिक्षा योजना (२०८०/०८१-२०८४/०८५) ले तय गरेका विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी लक्ष्य र उद्देश्यहरु पूरा गर्न तथा उल्लेखित रणनीतिहरुको कार्यान्वयन गरी मुख्य उपलब्धि र प्रमुख नतिजाहरुको प्राप्तिका लागि आगामी ५ वर्षसम्म सञ्चालन गरिने क्रियाकलाप र ति क्रियाकलापहरुको भौतिक लक्ष्यलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.५ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्रियाकलापहरु तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०७९-२०८४ | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौँथो | पाँचौ | | |
| १ | सवै विद्यालयहरुमा विद्युत सेवाको विस्तार गर्ने | सबै विद्यालयहरु | √ | √ | √ | √ | √ | √ | संघ र प्रदेश |
| २ | सबै विद्यालयहरुमा इन्टरनेट कनेक्टीभिटीमा जडान गर्ने | सबै विद्यालयहरु | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश र स्थानीय तह |
| ३ | शिक्षकहरुमा सञ्चार र प्रविधिसम्बन्धी क्षमताको विकास गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश र स्थानीय तह |
| ४ | विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुका लागि IEMIS अद्यावधिक तथा व्यवस्थापन तालिम सञ्चालन गर्ने | पटक | | १ | | १ | | २ | संघ, प्रदेश र स्थानीय तह |
| ५ | सबै माध्यमिक तथा आधारभूत (कक्षा ६-८) विद्यालयहरुमा पुस्तकालय र ICT संरचनाको विस्तार गर्ने | आअ | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश र स्थानीय तह |
| ६ | प्रधानाध्यापकहरुका लागि ICT सम्बन्धी क्षमता अभिवृद्धि गर्ने | सवै प्र.अ.हरु | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश र स्थानीय तह |
| ७ | सामुदायिक सिकाइ केन्द्रहरुमा पुस्तकालय र इन्टरनेट सेवाको विस्तार गर्ने । | संख्या | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश र स्थानीय तह |
| ८ | साझेदारीमा क्रमस प्रत्येक विद्यालय एक शिक्षक एक ल्यापटप कार्यक्रम सञ्चालन गर्ने | संख्या | ५३ | ५३ | ५३ | ५३ | ५३ | २६५ | नगरपालिका र विद्यालय |

## ५.१संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

संस्थागत संरचना योजना कार्यान्वयनको साधन हो । योजनाले तोकेका लक्ष्य तथा उद्देश्यहरुको प्राप्तिका लागि त्यसमा समावेश भएका क्रियाकलापहरुको कार्यान्वयन, सञ्चालन ,व्यवस्थापन ,अनुगमन,निरीक्षण, पृष्ठपोषण तथा मूल्याङ्कन जस्ता कार्यका लागि संस्थागत संरचना र त्यसमा कार्यरत मानवीय स्रोतको आवश्यकता पर्दछ । संस्थागत संरचनाले कार्यक्रमलाई व्यवस्थित र सरल बनाउने मात्र नभइ त्यसको प्रभावकारितामा पनि महत्वपूर्ण भूमिका निर्बाह गरेको हुन्छ । योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि कसले, के,कसरी, कहिले र कहाँ जस्ता प्रश्नहरुको उत्तर संस्थामा काम गर्ने व्यक्तित्वसँग जोडिएको हुन्छ । नेपालको संविधान २०७२ को कार्यान्वयन संगै देशमा शिक्षा प्रशासन सम्बन्धि कार्य गर्ने निकायहरुको संस्थागत संरचना र संगठनात्मक स्वरुपमा फेरबदल भएको छ । नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय तहको एकल अधिकारभित्र आधारभूत तथा माध्यमिक शिक्षा र साझा अधिकार भित्र शिक्षा रहने व्यवस्था गरेको पश्चात शिक्षा क्षेत्रको विद्यमान संरचनालाई हेर्दा केन्द्र स्तरमा शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका ७ निकायहरु, प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय,शिक्षा विकास निर्देशनालय र मावन संसाधन विकास केन्द्र, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहमा शिक्षा,युवा तथा खेलकुद महाशाखा/शाखाले शिक्षा सम्बन्धि कार्य गर्दै आइरहेका छन् । केन्द्र देखि स्थानीय तह सम्मका सबै संस्थागत कार्यालयहरुमा तहगत र श्रेणीगत रुपमा विभिन्न कर्मचारीको संगठनात्मक दरबन्दीको व्यवस्था गरी प्रशासन सञ्चानल गर्ने , कार्यालय व्यवस्थापन गर्ने, कार्यालयको सेवा प्रवाह गर्ने र त्यसलाई निरन्तरता दिने र विद्यमान तमाम समस्याहरुको समाधान गर्ने कार्य भइरहेको छ् । संविधान कार्यान्वय संगै संस्थागत तथा संगठनात्मक संरचनामा फेरबदल भएता पनि हालसम्म कानुनहरु नबनिसकेकाले कसले,के काम कसरी गर्ने? कसको जिम्मेवारी र अधिकार कति हुने भन्ने विषयले अन्यौलता पैदा गरेको छ ।

त्यसैगरी स्थानीय तहको पुनर्संरचनासंगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ । संघीयता कार्यान्वयन भएको वर्षौं भइसक्दा पनि संघीय शिक्षा ऐन तथा नियमावली र कानुन परिवर्तन हुन नसकेका कारण शिक्षामा अस्तव्यस्तता छाएको गुनासो पनि सुनिन थालेको छ । त्यतिमात्र होइन स्थानीय तहहरुमा भर्खर मात्र लोकसेवा आयोगबाट सिफारिस आएका शिक्षाका कर्मचारीहरुको काम,कर्तव्य र अधिकारको बारेमा स्पष्टता नहुँदा र उनीहरुलाई क्षमता विकासका कार्यक्रमहरुमा अवसर प्राप्त नहुदा कार्यसम्पादनमा समस्या सिर्जना हुने गरेको छ । नेपालको यो बदलिदो परिवेस अनुसार शासकीय संरचना, कार्य पद्धति, कर्मचारीहरुको क्षमता विकास तथा कानून निर्माण गरिएमा मात्र असल शैक्षिक प्रशासन तथा सुदृढ व्यवस्थापनले गति लिइ शिक्षा क्षेत्रमा सुशासन कायम हुने निश्चित छ । सुदृढ शैक्षिक प्रशासनका लागि शिक्षा क्षेत्रमा काम गर्ने कर्मचारीहरुको माग तथा आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रमहरु, नवप्रर्वतन,सूचना तथा सञ्चार प्रविधिमा भएको विकास र परिवर्तनसँग समायोजन हुने खालका कार्यक्रमहरु, सुशासन प्रवर्दन, सकारात्मक सोचाइ तथा चीन्तन र व्यवहार कुशल सीपसंग सम्बन्धित क्षमता विकासका क्रियाकलाप तथा तालिम कार्यक्रमहरु सञ्चालन गर्नु जरुरी छ । जसले गर्दा शिक्षा योजनामा समावेश गरिएका लक्ष्य, उद्देश्य तथा क्रियाकलापहरुको सफल कार्यान्वयनमा सहजता हुनेछ ।

यस खण्डमा पञ्चपुरी नगरपालिकाको शिक्षा क्षेत्रको संस्थागत संरचना र क्षमता विकासको वर्तमान अवस्था यसका चुनौती र अवसरहरुको समिक्षा गर्दै आगामी दिनका लागि यसका कमजोर पक्षहरुको सुधारका लागि लक्ष्य,उद्देश्य,रणनीति,उपलब्धि, प्रमुख नतिजा र क्रियाकलापहरुलाई समावेश गरिएको छ ।

### ५.१.२ वर्तमान अवस्था

नेपालमा विभिन्न तहका सरकारहरुको आ-आफ्नै संस्थागत संरचना र संगठनात्मक व्यवस्था भएको परिवेशमा पञ्चपुरी नगरपालिका सुर्खेतको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनालाई हेर्दा नगरपालिकाको दैनिक शैक्षिक प्रशासन सञ्चालन,व्यवस्थापन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यहरु गर्नका लागि छुट्टै शिक्षा, युवा तथा खेलकुद शाखाको व्यवस्था गरिएको छ । जसको संगठन संरचनालाई हेर्दा उक्त शाखामा १ जना उपसचिव शिक्षा, शिक्षा अधिकृतस्तर छैठौं र १ जना प्राविधिक सहायक पाँचौं रहने व्यवस्था रहेको छ । त्यसैगरी पञ्चपुरी नगरपालिकाको शिक्षा ऐन, २०७५ मा शाखा प्रमुख , शिक्षा अधिकृत र प्राविधिक सहायकको काम,कर्तव्य र अधिकारको वारेमा उल्लेख गरिएको छ । साथै ३ वटा मात्र दरबन्दीको व्यवस्था गरिएको भएतापनि उक्त ऐनमा विद्यालय अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन विद्यालय निरीक्षकको व्यवस्था गर्ने कुरा उल्लेख गरिएको छैन । स्थानीय सरकार सञ्चालन ऐन तथा शिक्षा ऐनमा व्यवस्था भएको भएतापनि शिक्षा शाखाले स्वायत्त भएर कुनै कार्यक्रमहरू सञ्चालन गर्न पाएको छैन । शाखामा

विद्यमान कर्मचारीहरुलाई क्षमता विकासका तालिमहरुको व्यवस्थापन नहुदाँ दैनिकजसो असहजता सिर्जना हुने गरेको छ । विद्यालय शिक्षासँग सम्बन्धित शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको रकम निकासा एवं वितरण देखि लिएर आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षा गरेबमोजिम व्यवस्थित हुन सकेको छैन । यसैगरी शिक्षा संगसंगै युवा तथा खेलकुद शाखा भनि नामाकरण गरिएतापनि हालसम्म युवा तथा खेलकुदका कार्यक्रमहरु यस शाखाले सञ्चालन गर्न पाएको छैन साथै शाखामा युवा तथा खेलकुदका लागि भनेर छुट्टै कर्मचारीको व्यवस्था पनि नभएको अवस्था छ । साथै शाखामा विद्यमान जनशक्तिले प्रशासनिक कार्यमा बढी समय बिताउनुपर्ने बाध्यता भएकाले विद्यालय अनुगमन तथा सुपरीवेक्षणको पाटो प्रभावकारी बन्न सकेको छैन ।
यसैगरी नगरपालिकाको समग्र संस्थागत संचनालाई हेर्दा नगर सभाले शिक्षा सम्बन्धि नीति,योजना तथा कार्यक्रम पास गर्ने कार्य, नगर कार्यपालिकाले कार्यक्रम तथा बजेट निर्माण गर्ने कार्य, नगर शिक्षा समिति बजेट तथा कार्यक्रम निर्माणका लागि सिफारिस,प्राप्त बजेटको बाँडफाँड,शिक्षा सम्बन्धि महत्वपूर्ण निर्णयहरु गर्ने, विद्यालय अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य, वडा शिक्षा समितिले विद्यालयका लागि आवश्यक थप सहयोग गर्ने, विद्यालय व्यवस्थापन समितिले विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्ने कार्य, शिक्षक अभिभावक सङ्घले विद्यालयको आर्थिक तथा शैक्षिक गतिविधि सम्बन्धि कार्य गर्दै आएका छन् । साथै सबै विद्यालयहरुमा विद्यालयको दैनिक प्रशासन सञ्चालनका लागि प्रधानाध्यापक रहने व्यवस्था पनि रहेको छ । तर विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र प्रधानाध्यापकहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न नसक्दा शैक्षिक क्षेत्रका समस्याहरु बढदै गएको देखिन्छ ।

### चुनौती र अवसरहरुः

नेपाल संघीय संरचनामा गएको ५ वर्ष वितिसक्दा पनि हालसम्म शिक्षा क्षेत्रमा अन्यौलता छरपष्ट हुनुले शैक्षिक सुधारमा विभिन्न चुनौतीहरु रहेको प्रष्टै देखिन्छ । जसमा शिक्षासम्बन्धी स्पष्ट कानूनको व्यवस्था गर्नु,शिक्षा शाखामा आवश्यकता अनुसार दरबन्दीको व्यवस्थापन गर्नु, नागरिक बडापत्र राख्ने तथा गुनासो सुनुवाइ संयन्त्रको विकास गर्नु, शिक्षा शाखामा कार्यरत कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्नु तथा संविघानले व्यवस्था गरेबमोजिम तीन वटै सरकारका बिच सहसम्बन्ध,समन्वय र सहकार्य कायम गर्नु जस्ता चुनौतीहरु शिक्षा सम्बन्धी संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका विद्यमान चुनौतीहरु हुन ।
यसैगरी यि चुनौतीहरुसँगसंगै केहि अवसरहरु पनि यस क्षेत्रमा देखापरेका छन । जसमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आउनु,विद्यालय शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राख्नु, स्थानीय तहको आफ्नै शिक्षा ऐन तथा नियमावली निर्माण हुनु, नगरपालिकामा शिक्षाका कार्यक्रम हेर्ने गरी छुट्टै शाखाको व्यवसथापन हुनु , नगरपालिका देखि विद्यालय तहसम्म विभिन्न समितिहरुको व्यवस्था हुनु, शिक्षा शाखामा स्थायी दरबन्दिको व्यवस्थापन हुनु आदिलाई शिक्षा सम्बन्धी संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका अवसहरु मान्न सकिन्छ ।

### ५.१.३ लक्ष्य

पञ्चपुरी नगरपालिकाको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ र गुणस्तरीय बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्ने

### ५.१.४ उद्देश्य

पञ्चपुरी नगरपालिकाको शासकीय प्रबन्धलाई सुदृढ र गुणस्तरीय बनाइ नतिजामूखी शिक्षाको व्यवस्थापन गर्ने लक्ष्यलाई पूरा गर्न संस्थागत संरचना र क्षमता विकास सम्बन्धी निम्न नीतिहरु तय गरिएका छनः

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार डुङ्गेश्वर नगरपालिकाको शिक्षा क्षेत्रको संस्थागत संरचना बनाउनु
- संघ,प्रदेश र स्थानीय सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ र बलियो बनाउनु
- शैक्षिक प्रशासन सम्बन्धि गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न आवश्यकता अनुसारको जनशक्ति व्यवस्थापन गर्नु
- कार्यसम्पादन स्तरमा सुधार गर्दै उपलब्ध जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउनु
- आवश्यकता र परिवेश अनुकुल कार्यरत जनशक्ति र संस्थाको क्षमता अभिबृद्धि गर्नु

### ५.१.५ रणनीतिहरू

यस योजनाले तय गरेका संस्थागत संरचना र क्षमता विकास सम्बन्धी लक्ष्य तथा उद्देश्यहरु पूरा गर्नका लागि निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिनेछनः

- पञ्चपुरी नगरपालिकाको शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति, योजना तथा कानून निमार्ण गरिनेछ ।
- विद्यमान संस्थागत संरचना अनुसार आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।
- शिक्षा,युवा तथा खेलकुद शाखामा कार्यरत जनशक्तिहरुको क्षमता विकास गर्ने ।
- पालिका स्तरमा गठित  शिक्षक पेसागत सहयोग प्रणालीलाई थप प्रभावकारी बनाइने ।
- वि.व्य.स. अध्यक्ष तथा प्रधानाध्यापकसँग करार सम्झौता गरी कार्यसम्पादनमा जिम्मेवार बनाईने ।
- विद्यालय शिक्षासँग सम्बन्धित वि.व्य.सं. शि.अ.सं तथा प्रधानाध्यापकहरुको क्षमता विकास गर्ने ।
- तिन वटै तहका सरकारकाबिच सहसम्बन्ध, सहकार्य  र समन्वयको सिद्धान्तअनुसार कार्य गर्ने परिपाटी सुरु गर्ने ।

### ५.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

शिक्षाका सबै क्षेत्रमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी हुने प्रणालीको विकास हुने

**प्रमुख नतिजाः**

यस योजनाको सफल कार्यान्वियनसँगै शिक्षा सम्बन्धी संस्थागत संरचना र क्षमता विकासको क्षेत्रमा निम्नानुसारका प्रमुख नतिजाहरु देखा पर्नेछनः

- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक स्पष्ट कानून तथा मापदण्ड तयार हुने
- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने

## प्रमुख क्रियाकलाप र लक्ष्यः

यस पञ्चवर्षिय शिक्षा योजना (२०८०/०८१-२०८४/०८५) ले तय गरेका शिक्षाको संस्थागत संरचना र क्षमता विकास सम्बन्धी लक्ष्य र उद्देश्यहरु पूरा गर्न तथा उल्लेखित रणनीतिहरुको कार्यान्वयन गरी मुख्य उपलब्धि र प्रमुख नतिजाहरुको प्राप्तिका लागि आगामी ५ वर्षसम्म सञ्चालन गरिने क्रियाकलाप र ति क्रियाकलापहरुको भौतिक लक्ष्यलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं.: ५.१ संस्थागत संरचना र क्षमता विकासका क्रियाकलापहरु र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०७९-२०८३ | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौँथो | पाँचौ | | |
| १ | शिक्षा योजनाको कार्यान्वयन तथा शैक्षिक प्रशासन सञ्चालनका लागि आवश्यक कानूनी प्रबन्ध र मापदण्डको विकास तथा संशोधन गर्ने | पटक | १ | | | | १ | २ | स्थानीय तह |
| २ | योजना कार्यान्वयन तथा सञ्चालन एवम् व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचना निर्माण तथा जनशक्तिको व्यवस्थापन गर्ने | पटक | १ | | | | | १ | सङ्घ, प्रदेश तथा नगरपालिका |
| ३ | संस्थागत संरचना अनुसार कार्यरत मानवीय साधनहरुको दक्षता वृद्धिका लागि आवश्यक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ, प्रदेश तथा नगरपालिका |
| ४ | तथ्याङ्क तथा सूचकहरुको वास्तविक प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण तथा समयमै सूचना सम्प्रेषण गर्ने प्रणालीको स्थापना गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश तथा नगरपालिका |
| ५ | शिक्षा क्षेत्रमा काम गर्ने सबै जनशक्तिहरुसंग कार्यसम्पादन करार गरी सबैलाई सिकाइप्रति उत्तरदायी र नतिजाप्रति जिम्मेवार बनाउने पद्धतिको विकास गर्ने | सबै ज. | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश तथा नगरपालिका |
| ६ | पालिका स्तरीय शिक्षक पेसागत विकास तथा सहयोग प्रणाली स्थापना गरी तिनीहरुको प्रभावकारी सञ्चालन तथा परिचालन गर्ने ( Expert Group) | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश तथा नगरपालिका |
| ७ | सामुदायिक सिकाइ केन्द्रहरु मार्फत अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी संयन्त्र विकास गरी प्रभावकारी रुपमा परिचालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ, प्रदेश तथा नगरपालिका |
| ८ | सम्पूर्ण विद्यालयहरुले वार्षिक रुपमा सबै अभिभावक तथा सरोकारवालाहरुको उपस्थितिमा विद्यालयका सम्पूर्ण गतिविधिहरु सार्वजनिक गर्ने प्रद्धतिको विकास | सबै विद्यालय | √ | √ | √ | √ | √ | √ | नगरपालिका र विद्यालय |

### ५.२ स्थानीय शिक्षा योनजा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

#### ५.२.१ परिचय

योजना निर्माण गरेर मात्र हुदैन। योजनाको प्रभावकारिता त्यतिबेला मात्र देखिन्छ जतिवेला योजनाको सफल रुपमा कार्यान्वयन हुन्छ। योजनाले राखेका लक्ष्य तथा उद्देश्यहरु पूरा गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि योजनाको कार्यान्वयन अनुगमन र मूल्याङ्कन तथा समन्वय र सहजीकरणको उपयुक्त व्यवस्था गर्नुपर्ने हुन्छ। योजनाको सफल कार्यान्वय, अनुगमन र मूल्याङ्कन गर्नका लागि सङ्गठन तथा संरचना निर्माण, जनशक्ति, नीति , कानुन तथा मापदण्डको तयारी , बार्षिक योजना निर्माण, क्रियाकलाप निर्धारण, वित्तीय व्यवस्थापन तथा जिम्मेवारी र उत्तरदायित्व बाँडफाँड जस्ता कुराहरुको उचित प्रबन्ध गर्नुपर्ने हुन्छ। यसैगरी शिक्षाका कार्यक्रमहरुमा स्रोत र साधनको वितरण कसरी भइरहेको छ, समुचित तरिकाले लगानीको प्रवाह भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल भएका छन् वा छैनन् भन्ने कुरा निश्चित गर्न कार्यक्रम कार्यान्वयनको अवस्था र प्रगतिका बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। अनुगमले सञ्चालित कार्यक्रमको वर्तमान अवस्था तथा प्रगतिको बारेमा जानकारी गराउँछ। साथै शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता र प्रभावकारिताको बारेमा व्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कनको सम्बन्ध प्रतिफलसँग जोडिएको हुन्छ। अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ। शैक्षिक कार्यक्रमहरूलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउनका लागि अनुगमन र मूल्याङ्कनले महत्वपूर्ण सहयोग गर्दछन्।

नेपालमा योजनाबद्ध विकास प्रयासको सुरुवात भएसँगै विकास आयोजनाको अनुगमन तथा मूल्याङकन गर्ने परिपाटी बसेको भएतापनि आ.व. २०३२/०३३ देखि विकास आयोजनाहरूको कार्यान्वयनको मूल्याङकन गर्ने व्यवस्थाको सुरुवात भएको हो। यसैगरी २०४९ देखि अनुगमन तथा मूल्याङकनलाई योजना कार्यान्वयनको एउटा पद्धतिको रुपमा विकास गरियो। साथै आठौँ आवधिक योजना देखि नै विगतका अनुगमन तथा मूल्याङकन सम्बन्धी व्यवस्थामा देखिएका कमीकमजोरीहरूमा सुधार गरी संस्थागत व्यवस्था , उच्च राजनैतिक तहको प्रतिबद्धता र उपलब्धि मूल्याङकनको व्यवस्था सहितको बलियो अनुगमन तथा मूल्याङकन प्रणाली लागु गरियो।

यस परिच्छेदमा योजनाको महत्त्वपूर्ण पक्षका रूपमा रहेको योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, समन्वय तथा सहजीकरण सम्बन्धि वर्तमान अवस्थाको समिक्षा गर्दै आगामी समयका लागि लक्ष्य तथा उद्देश्य निर्धारण गरी त्यसको प्राप्तिका लागि रणनीति तथा लक्ष्य सहितको क्रियाकलापहरु प्रस्तुत गरिएको छ।

#### ५.२.२ वर्तमान अवस्था

नगरपालिकाको शैक्षिक क्षेत्र सुधार तथा विकासका लागि मार्गदर्शकको रुपमा रहने यस पञ्चवर्षीय शिक्षा योजनाको सफल कार्यान्वयन गर्नु पञ्चपुरी नगरपालिकाको प्रमुख जिम्मेवारी हुनेछ। यस योजनाको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा समन्वय र सहजीकरणका लागि शिक्षा योजनाको बारेमा सबैलाई जानकारी गराउने, योजनामा समावेश भएका क्रियाकलापहरु सञ्चालनका लागि आवश्यक ऐन, नियम,कानून, मापदण्ड तथा कार्यविधि तयार पार्ने, बजेट विनियोजन गर्ने, सस्थागत संरचनाको तयारी र क्षमता विकास गर्ने, सम्बन्धित क्षेत्रका जनशक्तिहरुको व्यवस्थापन तथा तिनिहरुको क्षमता विकास गर्ने, शिक्षासँग सम्बन्धित सबै सरोकारवालाहरुको सहभागिता गराउने,साझेदार निकायहरुसँग समन्वय र सहकार्य गर्ने जस्ता कार्यहरु गरिनेछ। नेपालको वर्तमान परिप्रेक्षलाई हेर्दा यस शिक्षा योजनाको कार्यान्वयन, अनुगमन,मूल्याङ्कन,समन्वय र सहजीकरणका लागि तपसिल बमोजिमको संयन्त्र रहेको छः

तालिका नं. ५.२.१ कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरण सयन्त्र तालिका

| क्र.स. | तह | संयन्त्र | प्रमुख जिम्मेवारी | प्रक्रिया तथा कार्य |
|---|---|---|---|---|
| १ | विद्यालय | वि.व्य.स. र शि.अ.सं. | प्र.अ./अध्यक्ष/संयोजक | सञ्चालन,व्यवस्थापन र रेखदेख |
| २ | समुदाय | आम अभिभावक | अभिभावक | अनुगमन, सहयोग र सहभागिता |
| ३ | वडा | वडा कार्यालय, वडा शिक्षा समिति | वडाध्यक्ष | बजेट व्यवस्था, समन्वय र अनुगमन |
| ४ | नगरपालिका | नगरसभा, नगर कार्यपालिका | प्रमुख, प्र.प्र.अधिकृत | नीति निर्माण, कार्यक्रम निर्माण,बजेट |
| | | नगर शिक्षा समिति | संयोजक/ प्रमुख | विनियोजन, कार्यान्वयन, अनुगमन |

| | | | | |
|---|---|---|---|---|
| | | शिक्षा युवा तथा खेलकुद शाखा | शाखा प्रमुख | मूल्याकंन, समन्वय र सहजीकरण |
| ५ | जिल्ला | शिक्षा विकास तथा समन्वय इकाइ | इकाइ प्रमुख | अनुगमन, मुल्याङ्कन , समन्वय र |
| | | जिल्ला शिक्षा समिति | संयोजक/ प्रमुख | सहजीकरण तथा निर्देशन |
| | | सामाजिक विकास कार्यालय | कार्यालय प्रमुख | अनुगमन, मूल्याङ्कन र समन्वय |
| ६ | प्रदेश | सामाजिक विकास मन्त्रालय | माननीय मन्त्री | योजना, नीती तथा कार्यक्रम निर्माण |
| | | शिक्षा विकास निर्देशनालय | निर्देशक | अनुगमन,मूल्याङ्कन र सहजीकरण |
| ७ | केन्द्र | शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय | माननीय मन्त्री | नीति नियम र मापदण्ड निर्माण |
| | | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | महानिर्देशक | कार्यान्वयन, अनुगमन, मूल्याङ्कन |
| ८ | अन्य | नागरिक समाज, साझेदार निकाय | सरोकारवालाहरु | अनुगमन, मूल्याङ्कन, समन्वय |

### ५.२.३ लक्ष्य

शैक्षिक योजना तथा कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन भई गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने।

### ५.२.४ उद्देश्य

यस योजनाको कार्यान्वयन,अनुगमन तथा मूल्याङ्कन,समन्वय र सहजीकरण सम्बन्धी लक्ष्य हासिल गर्न देहायका उद्देश्यहरु तय गरिएका छनः

- बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु
- शिक्षा,युवा तथा खेलकुद शाखाको क्षमता विकास गर्नु
- आवश्यकता अनुसार कानून, मापदण्ड र निर्देशिका  विकास गर्नु
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार गर्ने, समीक्षा गर्ने, र सुधार गर्नु
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्नु
- विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु
- प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउनु
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु

### ५.२.५ रणनीतिहरू

यस पञ्चवर्षीय योजनाको कार्यान्वयन,अनुगमन तथा मूल्याङ्कन,समन्वय र सहजीकरणका लागि देहायबमोजिमका रणनीतिहरु तय गरिएका छनः

१. एकिकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने।
२. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र  प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने।
३. शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने।
४. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाईसमेत सूचना प्रणालीमा आवद्ध गर्ने।
५. योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिनेछ।
६. प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने।

७. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने।
८. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने।
९. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने।
१०. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने।
११. पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने।

### ५.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने

**प्रमुख नतिजाः**

यस योजनाको सफल कार्यान्वयनसँगै योजना कार्यान्वयन,अनुगमन तथा मूल्याङ्कन,समन्वय र सहजीकरणका क्षेत्रमा निम्नानुसारका प्रमुख नतिजाहरुको प्राप्ति हुनेछः

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने
- अनुगमनका आधारमा नतिजा सुधार हुने
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने
- विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने

## प्रमुख क्रियाकलाप र लक्ष्यः

यस पञ्चवर्षिय शिक्षा योजना (२०८०/ ८१-२०८४ /०८५) ले तय गरेका योजना कार्यान्वयन,अनुगमन तथा मूल्याङ्कन,समन्वय र सहजीकरण सम्बन्धी लक्ष्य र उद्देश्यहरु पूरा गर्न तथा उल्लेखित रणनीतिहरुको कार्यान्वयन गरी मुख्य उपलब्धि र प्रमुख नतिजाहरुको प्राप्तिका लागि आगामी ५ वर्षसम्म सञ्चालन गरिने क्रियाकलाप र ति क्रियाकलापहरुको भौतिक लक्ष्यलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं.: ५.२.२ योजना कार्यान्वयन,अनुगमन तथा मूल्याङ्कन,समन्वय र सहजीकरणका क्रियाकलापहरु र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०७८-२०८२ | | | | | जम्मा | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौँथो | पाँचौ | | |
| १ | शिक्षा योजनाको प्रभावकारी प्रतिफल प्राप्तिका लागि अनुगमन पद्धति र संयन्त्रको विकास तथा कार्यान्वयन गर्ने | पटक | १ | | | | १ | २ | सङ्घ,प्रदेश र नगरपालिका |
| २ | वस्तुगत तथा उपलब्धिमूलक अनुगमन एव मूल्याङ्कन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | नगरपालिका |
| ३ | विद्यालय तथा शैक्षिक संस्था र कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | सङ्घ,प्रदेश र नगरपालिका |
| ६ | शैक्षिक कार्यक्रमहरुको मासिक,चौमासिक तथा वार्षिक समीक्षा गरी प्रतिवेदन प्रस्तुत गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | नगरपालिका र विद्यालय |
| ७ | वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयारी, प्रस्तुती तथा सम्प्रेषण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ,प्रदेश र नगरपालिका |
| ८ | क्रमस कक्षा १,३,५,८ र १० को विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ,प्रदेश र नगरपालिका |
| ९ | विद्यालयको कार्यसम्पादन परीक्षण गरी थप सुधारका योजना बनाई कार्यान्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ,प्रदेश र नगरपालिका |
| १० | शिक्षा योजनाको कार्यान्वयन, अनुगमन,मूल्याङ्कन गर्ने मानव संसाधनको क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ,प्रदेश र नगरपालिका |
| ११ | विद्यालयको सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | निरन्तर | √ | √ | √ | √ | √ | √ | विद्यालय |
| १२ | विद्यालयको लेखा परीक्षण चुस्त दुरुस्त र पारदर्शी बनाउनका समयमै लागि लेखापरीक्षण गरी सार्वजनिक सुनुवाई गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका र विद्यालय |
| १३ | शैक्षिक योजना तथा कार्यक्रमहरुको कार्यान्वयन र प्रभावकारिताका बारेमा अध्ययन तथा अनुसन्धान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | सङ्घ,प्रदेश र नगरपालिका |
| १४ | हरेक शैक्षिक क्रियाकलापहरुको प्रमाणमा आधारित मुल्याङ्कनका लागि अभिलेखिकरण गर्ने पद्धतिको विकास गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | नगरपालिका र विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | स्थानीय तहद्धारा विद्यालयको कक्षा अवलोकन तथा अनुगमन गरी थप सुधारका लागि पृष्ठपोषण र आवश्यक सहयोग प्रदान गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | नगरपालिका |

## परिच्छेदः ६
## स्रोत र लगानी व्यवस्थापन

### ६.१ परिचय

कुनैपनि योजना निर्माण गर्दैमा त्यसले प्रतिफल दिँदैन। योजनामा समावेश गरिएका लक्ष्य,उदेश्य तथा सकारात्मक प्रतिफलको प्राप्तिका लागि त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ। योजनाको पूर्णरुपमा कार्यान्वयन गरी त्यसको नतिजा प्राप्तिका लागि प्रयाप्त लगानीको आवश्यक्ता पर्दछ। लगानी गर्नका लागि स्रोतको खाँचो प्रदछ किनकी स्रोत योजनाको मुटु हो। योजनाको कार्यान्वयन स्रोत र लगानीसँग जोडिने हुनाले योजनाको कार्यान्वयनमा स्रोत व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको सन्दर्भमा शैक्षिक योजना तथा कार्यक्रमहरुको कार्यन्वयन गरी शैक्षिक सुधारका गर्न आवश्यक पर्ने विभिन्न पक्षहरुको व्यवस्थापनका लागि संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकारले आर्थिक स्रोत व्यवस्थापन गर्दै आएका छन। नेपालको संविधान २०७२ अनुसार आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेतापनि हालको परिप्रेक्ष्यमा शिक्षाको समग्र व्यवस्थापनका लागि स्थानीय तहहरू परिपक्व हुन नसकेको अवस्था रहेकाले संघीय र प्रदेश सरकारले शिक्षाको क्षेत्रमा पर्याप्त लगानी गर्दै आएका छन्।

विद्यमान संविधान बमोजिम आधारभूत र माध्यमिक शिक्षा निशुल्क भएसंगै विद्यालय शिक्षाको सम्पूर्ण क्षेत्रमा सरकारले नै लगानी गरेको पाइन्छ। संघीय सरकारले वार्षिक ससर्त अनुदानको रुपमा शिक्षक/कर्मचारी तलब भत्ता, भौतिक पूर्वाधारका संरचनाहरुको निर्माण, शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरू, विभिन्न किसिमका आवासीय तथा गैरआवासीय छात्रवृत्ती, कक्षा ६-१२ का छात्राहरूका लागि निशुल्क स्यानिटरीप्याड, सार्वजनिक विद्यालयका कक्षा १-१२ का विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक, बालविकास कक्षा देखि कक्षा ५ सम्मका विद्यार्थीहरुका लागि दिवा खाजा अनुदान, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, नमूना विद्यालयका लागि अनुदान, राष्ट्रपति रनिङ्ग सिल्ड सञ्चालन र अनौपचारिक तथा वैकल्पिक शिक्षाका लागि अनुदान जस्ता कार्यक्रम शीर्षकका रकमहरु स्थानीय तहमा वित्तीय हस्तान्तरण गरी पठाउने र सो अनुदान रकमलाई स्थानीय आवश्यक्ता अनुसार विद्यालयहरु प्राथमिकीकरण गरी वितरण गर्ने व्यवस्था रहेको छ। यसैगरी प्रदेश सरकारले पनि विद्यालको भौतिक पूर्वाधार विकास,उच्च शिक्षाका लागि छात्रवृत्ति, शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरुमा प्रशस्त लगानी गर्दै आएको छ।

नेपाल सरकारको सबैका लागि शिक्षा कार्यक्रम शीर्षक र विद्यालय क्षेत्र विकास कार्यक्रम SSDP अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयनका साथै हालै पछिल्लो समयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकास तथा शैक्षिक गुणस्तर सुधार कार्यक्रम ( पुस्तकालय, विज्ञान प्रयोगशाला तथा आइ सी टी ल्याव स्थापना) का लागि बजेट विद्यालयले पेश गरेको प्रस्ताव र स्थानीय तहको प्राथमिकीकरण एवं सिफारिसका आधारमा बजेट विनियोजन विद्यालय छनौट गरी स्थानीय तहमा कार्यक्रम कार्यान्वयनका लागि वजेट हस्तान्तरण गरी पठाउने कार्यको थालनी गरेको छ। यसैगरी स्थानीय तहहरुले पनि आफ्नो क्षेत्राधिकार भित्रको शैक्षिक प्रणालीमा सुधार गर्नका लागि विभिन्न कार्यक्रमका शीर्षकहरुमा बजेट बिनियोजन गरी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रयास गरिरहेका छन्। ग्रामीण क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयहरुमा बालबालिकाहरुको सहज पहुँच विस्तार गर्न थप विद्यालय स्थापना र सञ्चालन, शिक्षक दरबन्दी अभाव रहेको सन्दर्भमा पालिका अनुदानका शिक्षक दरबन्दीको व्यवस्थापन विभिन्न किसिमका शैक्षिक भत्ताको व्यवस्था, शिक्षकहरूको क्षमता विकासका छोटा तालिमको सञ्चालन, विद्यार्थीको प्रतिभा विकासका लागि विभिन्न पालिका स्तरीय अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु सञ्चालन , आर्थिक तथा सामाजिक रुपले पछाडि परेका,अपाङ्गता भएका बालबालिकाहरुका लागि विषेश कार्यक्रम जस्ता विविध शैक्षिक कार्यक्रमहरुका लागि स्थानीय तहहरुले स्रोत पहिचान गरी शिक्षामा लगानी गरेको पाइन्छ।

साथै शिक्षाको क्षेत्रमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु तथा साझेदार निकायहरुले पनि प्रशस्त लगानी गरेको पाइन्छ। त्यतिमात्र नभइ शैक्षिक विकासका निमित्त आम अभिभावक,समुदाय, विभिन्न दाताहरुले पनि आर्थीक स्रोतको लगानी गरेको पाइन्छ। यसरी जुन तहको सरकार, संघसंस्था तथा निकायहरुले जसरी लगानी गरेता पनि सबैको लक्ष्य भनेको शैक्षिक गुणस्तर सुधार गरी समग्र शैक्षिक प्रणालीलाई बलियो बनाउनुमा केन्द्रित रहेको छ।

यस खण्डमा पञ्चपुरी नगरपालिकाको पञ्चवर्षीय शिक्षा योजनाको कार्यान्वयनको लागि विद्यमान अवस्था, चुनौती तथा अवसरहरुको समिक्षा गर्दै स्रोत र लगानी व्यवस्थापनका लक्ष्य, उद्देश्य,रणनीति तथा अपेक्षित नतिजा निर्धारण गरी योजना

कार्यान्वयनका सम्भावित स्रोतहरुको आंकलन र तिनिहरुको शिक्षाका उपक्षेत्रगत शीर्षकहरुमा गरिने लगानीको खाका तयार पारी प्रस्तुत गरिएको छ।

## ६.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले शिक्षालाई तिनवटै सरकारको अधिकारको साझा सूचीमा समावेश गरेसँगै विद्यालय शिक्षामा सबै तहका सरकारले आ-आफ्नो तवरबाट लगानी तथा स्रोत व्यवस्थापन गरेको पाइन्छ। नेपालको इतिहासमा शैक्षिक सुधारका अध्ययन गरी सुझाव दिनका लागि विभिन्न समयमा गठन भएका राष्ट्रिय शिक्षा आयोग तथा कार्यदल ले सार्वजनिक गरेका प्रतिवेदनहरुले शिक्षा क्षेत्रमा कुल बजेटको कम्तिमा २० प्रतिशत रकम विनियोजन गर्नका लागि सुझाव दिएता पनि शिक्षा क्षेत्रको बजेट प्रत्येक आर्थिक वर्षहरुमा क्रमश ऋणात्मक रुपमा विनियोजन हुदै गइरहेको तितो थयार्थ हामीमाझ छ। त्यसमा पनि विनियोजित बजेटको करीव ७० प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता शिर्षकमा खर्च हुने गरेको छ। भने बाँकी बजेट विद्यार्थी छात्रवृत्ति, पाठ्यपुस्तक , भौतिक पूर्वाधार निर्माण तथा विद्यालय सञ्चालन तथा व्यवस्थापन जस्ता क्षेत्रमा खर्च हुने गरेको छ। यसैगरी प्रदेश सरकारले विनियोजन गर्ने बजेटमा विद्यालयको भौतिक पूर्वाधार विकासका क्षेत्रमा खर्च हुने गरेको पाइन्छ। साथै पञ्चपुरी नगरपालिकाले विनियोजन गरेको बजेट हेर्दा कुल बजेटको ५.९ प्रतिशत देखिएको छ। त्यसमध्ये पनि ७० प्रतिशत बजेट शिक्षक तथा कर्मचारीहरुको तलव भत्तामा नै खर्च हुने गरेको छ। विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक पर्ने शिक्षकको समय अनुकुलको क्षमता विकास,विद्यालयहरुको प्रविधिमैत्री विकास, सूचना तथा सञ्चार प्रविधिमा सबैको पहुँच, विद्यालयको शैक्षिक सामग्री व्यवस्थापन तथा विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि न्युन बजेट विनियोजन हुनुले शैक्षिक गुणस्तर सुधारमा चुनौती थपेका छन्।

स्रोत र लगानी व्यवस्थापनको सन्दर्भ जोड्दा पञ्चपुरी नगरपालिका सुर्खेतले निर्माण गरेको यस पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनका लागि वित्तीय व्यवस्थापनको मुख्य स्रोत सङ्घीय सरकार, कर्णाली प्रदेश सरकार र पञ्चपुरी नगरपालिका सुर्खेत रहनेछन् । यसका लागि योजना अवधिको पहिलो वर्ष २०७९/०८० मा संघीय सरकारबाट वित्तीय हस्तान्तरण भइ आएको रु २१ करोड ५९ लाख, प्रदेश सरकारबाट हस्तान्तरण भइ आएको रु ४० लाख र पञ्चपुरी नगरपालिकाको विनियोजित बजेट रु २ करोड ९४ लाख ८७ हजार गरी जम्मा २४ करोड ९३ लाख ८७ हजार लगानी गरिनेछ। यसका साथै शैक्षिक गुणस्तर सुधार तथा उन्नयनका लागि शिक्षा क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंग आवश्यक्ता अनुसार लागत साझेदारी गरिनेछ। साथै स्रोत व्यवस्थापनमा यस क्षेत्रका विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ ,अभिभावकहरु र आम समुदायको अहम भूमिका रहनेछ। यसैगरी यस योजनाको कार्यान्वयन गर्दा वित्तीय व्यवस्थापनको पाटो अन्तर्गत मुख्यतया आर्थिक स्रोतहरुको खोजी तथा संकलन गर्ने, प्राप्त स्रोतलाई प्राथमिकताक्रम निर्धारण गरी आवश्यकता अनुसारका क्षेत्रमा लगानी गर्ने र लगानी भएका स्रोत साधनलाई प्रभावकारी रुपका व्यवस्थापन गर्दै शैक्षिक गुणस्तर सुधार गर्ने मुख्य जिम्मेवारी पञ्चपुरी नगरपालिकाको हुनेछ।

### चुनौती तथा अवसरहरुः

शिक्षा योजनामा समावेश भएका शिक्षाका कार्यक्रमहरुको कार्यान्वयन गरी शैक्षिक गुणस्तर सुधारका लागि प्रयाप्त लगानीको प्रबन्ध गर्नु, संघीय सरकारबाट प्राप्त ससर्त अनुदान आवश्यकता अनुसार खर्च गर्नु, भौतिक पूर्वाधार निर्माणका कार्यहरु समयमै सम्पन्न गर्नु, शिक्षा क्षेत्रको लगानीमा आम अभिभावकहरुको सहभागिता वृद्धि गर्नु, सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा प्रयाप्त लगानी गर्नु, आर्थिक नियमितता,कार्यकुशलता र पारदर्शीतामा विद्यालयलाई जवाफदेही र जिम्मेवार बनाउनुजस्ता चुनौतीहरु स्रोत लगानी व्यवस्थापनका क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरु हुन।

यसै गरी विविध चुनौतीहरुका विच पनि संविद्यानले शिक्षालाई तिन वटै सरकारको साझा अधिकार भित्र राख्नु, आधारभूत र माध्यमिक तह स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्नु, तिनै तहका सरकारले शिक्षामा लगानी वृद्धि गर्नु , विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था तथा दातृ निकायहरुले शिक्षामा साझेदारी गर्नु ,आम अभिभावकले विद्यालय शिक्षामा लगानीका लागि चासो र चिन्तन बढदै जानु ,संविधानले आधारभूत तथा माध्यमिक शिक्षालाई निशुल्क लिन पाउने व्यवस्था गर्नु, विद्यालय शिक्षामा विभिन्न किसिमका छात्रवृतिको व्यवस्था हुनु जस्ता कुराहरुले विद्यालय शिक्षाको स्रोत र लगानीको क्षेत्रमा अवसर सिर्जना गरेका छन्।

## ५.३ लक्ष्य

पञ्चपुरी नगरपालिकाको शिक्षा क्षेत्रमा सबैको पहुँच तथा गुणस्तर अभिबृद्धिका लागि प्रयाप्त लगानीको सुनिश्चितता हुने

## ५.४ उद्देश्य

पञ्चपुरी नगरपालिकाको शिक्षा क्षेत्रमा सबैको पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि प्रयाप्त लगानी सुनिश्चित गर्न देहायबमोजिमका उद्देश्यहरु तय गरीएका छनः

- योजना अवधि (२०८०-२०८५) का लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
- शिक्षा योजनामा पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतहरुको पहिचान गर्नु
- विभिन्न निकायबाट उपलब्ध हुने स्रोतको आधारमा कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु
- शिक्षाका कार्यक्रमहरुको सञ्चालन तथा व्यवस्थापनका लागि खर्चको प्रक्रिया,दायित्व र जिम्मेवारी स्पष्ट गर्नु
- विद्यालय शिक्षाको वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता र पारदर्शीता कायम गर्नु

## ५.५ रणनीतिहरू

यस योजनाले तय गरेका स्रोत र लगानी व्यवस्थापन सम्बन्धी लक्ष्य तथा उद्देश्यहरु पूरा गर्नका लागि देहायबमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछः

- सङ्घीय सरकार र प्रदेश सरकारको लगानीको अनुपातमा नगरपालिकाको स्रोतबाट पनि विद्यालय शिक्षामा लगानी वृद्धि गर्ने ।
- यस नगरपालिका भित्रका लक्षित वर्गको शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्नका लागि थप लगानीको व्यवस्था गर्ने ।
- शैक्षिक विकासका लागि विनियोजित तथा वितरित र उपलब्ध स्रोतको उपयोग गर्नका लागि विद्यालयलाई जबाफदेही बनाइने ।
- पालिकाले विनियोजन गर्ने वार्षिक कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।
- विद्यालय शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने ।
- संघ,प्रदेश तथा स्थानीय सरकारले निर्धारण गरेको मापदण्डका आधारमा खर्च गर्ने र सोको प्रतिवेदन पेश गर्ने पद्धति अवलम्बन गर्ने ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने ।

## ६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### उपलब्धिः

शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुनेछ साथै विद्यालयको वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुनेछ ।

### प्रमुख नतिजाः

यस योजनाको कार्यान्वयन भएपश्चात शिक्षा क्षेत्रको लगानी र स्रोत व्यवस्थापनमा देहायबमोजिमका प्रमुख नतिजाहरुको प्राप्ति हुनेछः

- विद्यालय शिक्षाका कार्यक्रमहरुको कार्यान्वयनका लागि उपलब्ध हुने स्रोतको अनुमान र विश्लेषण हुने
- विभिन्न स्रोत र निकायबाट प्राप्त बजेटको प्राथमिकताक्रम निर्धारण गरिएका क्षेत्रमा लगानी हुने
- लगानी भएको बजेटका आधारमा विद्यालय शिक्षाको गुणस्तर सुधार भएको हुने
- शिक्षा क्षेत्रमा कुल बजेटको २०% रकम विनियोजन भएको हुने
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने
- विभिन्न साझेदार निकायहरुसंग साझेदारी गरिएको हुने

### प्रमुख क्रियाकलाप र लक्ष्यः

यस पञ्चवर्षिय शिक्षा योजना (२०८०/०८१-२०८४/०८५) ले तय गरेका शिक्षाका विभिन्न उपक्षेत्रहरुका लक्ष्य र उद्देश्यहरु पूरा गर्न तथा उल्लेखित रणनीतिहरुको कार्यान्वयन गरी मुख्य उपलब्धि र प्रमुख नतिजाहरुको प्राप्तिका लागि आगामी ५ वर्षसम्म सञ्चालन गरिने क्रियाकलापका लागि आवश्यक पर्ने अनुमानित बजेटलाई तपसिलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. ६.१ शिक्षाका विभिन्न उप-क्षेत्र र अन्तरसम्बन्धित क्षेत्रमा विभिन्न सरोकारवालाहरुबाट भएको लगानीको अवस्था

| क्र. सं. | शिक्षाका उपक्षेत्रहरु | कुल लागत | वार्षिक अनुमानित लागत (५ वर्ष)२०८०-२०८४ | | | | | स्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौंथो | पाँचौ | संघ | प्रदेश | पालिका | अन्य |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ४६५५० | ९२५० | ९४७० | ९२७० | ९०७० | ९४९० | १९६५० | १८०० | २१८०० | ३३०० |
| २ | आधारभूत शिक्षा (कक्षा १ - ८) | ५१२५० | १०३५० | १०१५० | १०२५० | १०१५० | १०३५० | ४४१०० | २०० | ५८०० | १३५० |
| ३ | माध्यमिक शिक्षा (कक्षा ९-१२) | १२२५० | २४५० | २४५० | २४५० | २४५० | २४५० | ५०५० | ७०० | ५६५० | ८५० |
| ४ | पाठ्यक्रम र पाठ्यसामाग्री | ५१२०० | १०२२० | १०२२० | १०३२० | १०२२० | १०२२० | ४०८०० | ३१०० | ६२०० | ११०० |
| ५ | शिक्षक व्यवस्थापन र विकास | ५५२५० | १११७० | ११०२० | ११०२० | ११०२० | ११०२० | १७२५० | ६०० | ३६६७० | ७३० |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ | ८८२५ | १६६५ | १६६५ | १६६५ | १६६५ | २१६५ | ६६०० | १०० | ९०० | १२२५ |
| ७ | प्राविधिक तथा व्यावसायिक शिक्षा | २३९५० | ४०१० | ६२१० | ५०६० | ४६१० | ४०६० | ४३५० | २६५० | ५२५० | ११७०० |
| ८ | शैक्षिक समता र समावेशीकरण | ९६०० | १८२० | १८२० | १८२० | १८२० | २३२० | २१२५ | १५० | ५०५० | २२७५ |
| ९ | दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम | १८५००० | ३७२०० | ३६९०० | ३७००० | ३६९०० | ३७००० | १८०००० | २५०० | ४०० | २०५० |
| १० | आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा | ५१०० | १०८० | १०८० | ८८० | ९८० | १०८० | २२०० | ५५० | ८५० | १५०० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | २६८८९० | ५४५७८ | ५३५७८ | ५३५७८ | ५३५७८ | ५३५७८ | १६४७९० | ४०५०० | ११३०० | ५२३०० |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १३६९० | २६३८ | ३१३८ | २६३८ | २६३८ | २६३८ | ९३४० | ५५० | २५०० | १३०० |
| १३ | संस्थागत संरचना र क्षमता विकास | ७५२५ | १५४५ | १५४५ | १४४५ | १४४५ | १५४५ | ८०० | ५०० | १४७५ | ४७५० |
| १४ | शिक्षा योजनाको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन | ५९२५ | ११८५ | ११८५ | ११८५ | ११८५ | ११८५ | २९२५ | ५०० | १९०० | ६०० |
| | **कुल जम्मा** | ७४५००५ | १४९१६१ | १५०४३१ | १४८५८१ | १४७७३१ | १४९१०१ | ४९९९८० | ५४४०० | १०५७४५ | ८५०३० |

## परिच्छेद ७
## मुख्य मुख्य क्रियाकलाप र उपलब्धि सूचक

यस परिच्छेदमा शिक्षा योजनामा समावेश भएका शिक्षाका उपक्षेत्रहरु भित्रका मुख्य-मुख्य क्रियाकलापहरुको वित्तीय लागतको वार्षिक अनुमानित रकम तथा श्रोत आँकलनलाई तालिका मार्फत प्रस्तुत गरिएको छ। यसैगरी यस शिक्षा योजनाको अन्त्यमा योजनाले दिने प्रतिफललाई मुख्य उपलब्धि सूचकहरु रुपमा उल्लेख गरिएको छ।

### ७.१ वित्तीय योजना

पञ्चपुरी नगरपालिकाको पञ्चवर्षीय शिक्षा योजनाको कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने अनुमानित बजेट र बजेटको स्रोतलाई शिक्षाका उपक्षेत्रगत रुपमा देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. ७.१ शिक्षाका उपक्षेत्रहरुका क्रियाकलापहरु सञ्चालनका लागि योजना अवधिको लागत र श्रोत आँकलन तालिका (रकम रु. हजारमा)

| प्रमुख क्रियाकलाप | कुल लागत | भौतिक लक्ष्य (५ वर्ष) २०८०/०८१-२०८४/०८५ | | | | | लगानीको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | संघ | प्रदेश | पालिका | अन्य |
| **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | | | |
| प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डहरुका बारेमा बालविकास सहजकर्ता, प्रधानाध्याक तथा वि.व्य.स. का अध्यक्षहरुलाई प्रबोधिकरण गर्ने | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ५०० | ३०० | ६०० | १०० |
| भूगोल तथा जनसंख्या र आवश्यकताका आधारमा प्रारम्भिक बालविकास केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण गर्ने | ८०० | ० | ४०० | ० | ० | ४०० | ० | ३०० | ५०० | ० |
| विपत महामारीको बेला तथा बालविकास केन्द्रहरु स्थापना नभएका ठाउँहरुमा बैकल्पिक प्रारम्भिक बालविकास शिक्षा कार्यक्रम सञ्चालन गर्ने | ६०० | १०० | १२० | १२० | १२० | १४० | २५० | ० | २५० | १०० |
| गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाका लागि परिवार, समुदाय, गैर सरकारी संघसंस्था, निजीक्षेत्रसँगको सहकार्य गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | ० | ० | २५० | २५० |
| पालिका भित्रका बालविकास केन्द्रमा रहेका तथा केन्द्रमा आउन नसकेका बालबालिकाहरुको अपाङ्गता तथा आर्थिक अवस्था पहिचान गरी मूलप्रहवामा समाहित गराउने | ५०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | २०० | १०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बालविकास केन्द्रका बालबालिकाहरुका लागि उपयुक्त, बालमैत्री, सुरक्षित तथा अपाङ्गमैत्री भौतिक पूर्वाधारहरुको व्यवस्था गर्ने (कक्षाकोठा, खेलमैदान,शौचालय , खानेपानी) | ५००० | १००० | १००० | १००० | १००० | १००० | ५०० | १००० | ३००० | ५०० |
| प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रम २०७७ का बारेमा बालविकास केन्द्रका सहजकर्ताहरुलाई प्रवोधीकरण गर्ने | ४०० | २०० | ० | २०० | ० | ० | २०० | ० | १०० | १०० |
| प्रारम्भिक बालविकास केन्द्रहरुमा सिकाइका लागि आवश्यक पर्ने विषयक्षेत्र अनुसारका शैक्षिक सामग्री लगायत न्यूनतम खेल सामग्रीहरुको उचित व्यवस्थापन | ७५० | १५० | १५० | १५० | १५० | १५० | ५०० | ० | १०० | १५० |
| सबै प्रारम्भिक बालविकास सहजकर्ताहरुको योग्यता तथा क्षमता विकासका लागि आवश्यक्तामा आधारित क्षमता विकास तालिम कार्यक्रमहरु सञ्चालन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | ० | ० | ३०० | २०० |
| बालविकास शिक्षाप्रति अभिभावकको चासो र सकारात्मक चीन्तन अभिवृद्धि गर्नका लागि अनिवार्य रुपमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ० | ० | ५०० | १००० |
| प्रारम्भिक कक्षाका सहजकर्ताहरुको पेसागत विकासका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गर्ने (TLG बैठक,कक्षा अवलोकन तथा पृष्ठपोषण, अवलोकन भ्रमण,तालिम) | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | १०० | १०० | १००० | ८०० |
| प्रारम्भिक बालविकास शिक्षामा परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी संघसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी बृद्धि गर्ने प्रणालीको विकास गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| प्रारम्भिक बालविकास केन्द्रको वास्तविक एवम् सत्य तथ्य विवरणहरुलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत अद्यावद्यिक गर्ने व्यवस्था मिलाउने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पेसाप्रति वफादार, जिम्मेवार,कर्तव्यनिष्ठ र दक्ष सहयोगी कार्यकर्ताको व्यवस्थापन गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| प्रारम्भिक वालविकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ताहरुको पारिश्रमिक तथा सेवा सुविधामा वृद्धि गर्ने | ३२५०० | ६५०० | ६५०० | ६५०० | ६५०० | ६५०० | १७५०० | ० | १५००० | ० |
| **जम्मा** | ४६५५० | ९२५० | ९४७० | ९२७० | ९०७० | ९४९० | १९६५० | १८०० | २१८०० | ३३०० |
| **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | | | | |
| भुगोल,जनसंख्या र आवश्यकता एवं मागका आधारमा आधारभूत तहका विद्यालयहरुको नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने | १२०० | ४०० | ० | ४०० | ० | ४०० | ४०० | ३०० | ३०० | २०० |
| विद्यालयमा शिक्षा ऐन र नियमावलीले तोकेको मापदण्ड अनुसार शिक्षकको व्यवस्था गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विद्यालय सेवा क्षेत्रका सबै आधारभूत उमेरका बालबालिकालाई विद्यालय भर्ना गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| प्रारम्भिक कक्षामा पठन तथा गणितीय सीप विकासलाई अभिवृद्धि गर्न पालिकास्तरीय पढाइ तथा गणितीय सीप सम्बन्धी प्रतियोगिता सञ्चालन गर्ने ( CBEGRA) | ५०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ० | १०० | ३०० |
| शिक्षकको पेसागत सहयोगका लागि शिक्षक विकास तथा सहायता प्रणालीको पुर्नसंरचना र व्यवस्थापन गर्ने (TLG, विज्ञ समूह गठन तथा परिचालन) | ५०० | २०० | ० | १०० | ० | २०० | २०० | १०० | १०० | १०० |
| सबै विद्यार्थीहरुका लागि समयमै गुणस्तरीय पाठ्यपुस्तकको व्यवस्था गर्ने | २७५०० | ५५०० | ५५०० | ५५०० | ५५०० | ५५०० | २७५०० | ० | ० | ० |
| सबै सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको सिकाइका लागि सन्दर्भ सामग्रीको व्यवस्था सहित बुक कर्नरको व्यवस्था गर्ने | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सिकाइका लागि शैक्षिक सामग्री निर्माण, प्रयोग र व्यवस्थापन तथा विद्यालय व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको प्रबन्ध गर्ने | १००० | २०० | २०० | २०० | २०० | २०० | ३०० | १०० | १०० | ५०० |
| विद्यार्थीको सिकाइमा निरन्तर सहयोग गर्न कक्षाकोठामा आधारित मूल्याङ्कन गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विद्यार्थीहरुको नतिजालाई विश्वसनीय र वैध बनाउन परीक्षा प्रणालीलाई व्यवस्थित गर्ने | ३५०० | ७०० | ७०० | ७०० | ७०० | ७०० | १००० | ० | २५०० | ० |
| शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विद्यालयका सत्य तथ्य तथ्याङ्कहरुलाई अद्यावधिक गरी सो को प्रभाकारी प्रयोग गर्नमा जोड दिने | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ० | ० | १५०० | ० |
| विद्यालयका वि.व्य.स. र शि.अ.सं.का पदाधिकारीहरूको क्षमता विकासका कार्यक्रमहरुको आयोजना र सञ्चालन गर्ने | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ० | ० | १३०० | २०० |
| विद्यालय र विद्यार्थीप्रति अभिभावकहरुको चासो, चीन्तन र अपनत्व विकास गरी गुणस्तरीय सिकाइका लागि अभिभावकहरुलाई अभिमूखीकरण र परिचालन गर्ने | २५० | ५० | ५० | ५० | ५० | ५० | ० | ० | ० | २५० |
| **जम्मा** | ५२४५० | १०७५० | १०१५० | १०६५० | १०१५० | १०७५० | ४४५०० | ५०० | ५९०० | १५५० |
| **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | | |
| भुगोल,जनसंख्या तथा आवश्यकताका आधारमा माध्यमिक विद्यालयहरुको नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने | ५०० | ० | ० | ५०० | ० | ० | २०० | १०० | १०० | १०० |
| संबैधानिक व्यवस्थानुसारको निशुःल्क माध्यमिक शिक्षा प्रदान गर्नका लागि आवश्यक पर्ने कानून, कार्यविधि र निर्देशिका तयार गर्ने | १०० | ० | ० | १०० | ० | ० | ० | ० | १०० | ० |
| माध्यमिक शिक्षामा सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्ने खालका कार्यक्रमहरु आयोजना गर्ने (भर्ना समता अवसर सहभागिता) | ५०० | १०० | १०० | १०० | १०० | १०० | ० | ० | ४०० | १०० |
| माध्यमिक शिक्षामा आवश्यकताअनुसार खुला तथा दूर शिक्षालगायतका बैकल्पिक प्रबन्ध गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | २०० | १०० | १०० | १०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयहरुको शासकीय व्यवस्थामा सुधार गर्न तोकिएको मापदण्ड बमोजिम सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | ४०० | ० | १०० | ० |
| नियमित रुपमा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी सिकाइमा समस्या परेका विद्यार्थीहरुका लागि थप सिकाइका क्रियाकलापहरु सञ्चालन गर्ने | २५० | ५० | ५० | ५० | ५० | ५० | १०० | ५० | ५० | ५० |
| शिक्षकहरुको क्षमता विकास गर्न तथा समय सान्दर्भिक बनाउन समयानुकुलका क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | २०० | १०० |
| विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन गरी संकट तथा आपतकालीन अवस्थामा पनि विद्यार्थीहरुको सिकाइलाई निरन्तरता दिने | ५०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | २०० | १०० |
| माध्यमिक शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गर्ने | ५००० | १००० | १००० | १००० | १००० | १००० | ३२५० | ० | १७५० | ० |
| शिक्षक सिकाइ समूहको बैठक तथा विज्ञ समूहको परिचालन मार्फत शिक्षकको पेशागत सहयोगका लागि शिक्षक सहायता प्रणालीको स्थापना र परिचालन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | २०० | १०० | १०० | १०० |
| विद्यालयमा बालविबाह न्युनीकरण, पोषण, महिनावारी स्वच्छता, सरसफाई तथा सुरक्षित स्वास्थ्य सम्बन्धी अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | ० | ० | २०० | ३०० |
| अपाङ्गता भएका र आर्थिक रुपले विपन्न विद्यार्थीहरुका लागि सिकाइमा सहयोग गर्न अक्षयकोषको स्थापना र सञ्चालन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | ० | ० | ५०० | ० |
| नि:शुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, ड्रेस तथा स्टेशनरी, छात्रबृत्ति र सिकाइ सामग्री व्यवस्था गर्ने | ७५० | १५० | १५० | १५० | १५० | १५० | ५०० | ५० | २०० | ० |
| सबै कक्षाहरुमा कक्षाकोठामा आधारित मूल्याङ्कन पद्दतिको अवलम्बन गरी सिकाइको गुणस्तर सुधारमा सहयोग गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थीहरुको नतिजालाई विश्वसनिय तथा बैद्य बनाइ अन्तराष्ट्रिय बजारमा प्रतिष्प्रधा गर्न सक्ने शिक्षा प्रदान गर्न परीक्षा प्रणालीलाई व्यवस्थित बनाउने | ५०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ३०० | ० |
| विद्यालय शिक्षाको हरेक तथ्याङ्कहरुलाई व्यवस्थित बनाउन शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई वास्तविक बनाउने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विद्यालय शिक्षामा सुशासन कायम गरी प्रभावकारी विद्यालय व्यवस्थापनका लागि विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ३०० | ० |
| विद्यालय शिक्षाप्रति अभिभावकको चासो र अपनत्व वृद्धि गर्न अभिभावक शिक्षा तथा अभिभावक अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विषेश क्षमता भएका लक्षित बालबालिकाहरूका लागि विद्यालयमै आवाशीय प्रबन्धको व्यवस्था मिलाउने | १२५० | २५० | २५० | २५० | २५० | २५० | ० | ० | १२५० | ० |
| **जम्मा** | १२८५० | २४५० | २४५० | ३०५० | २४५० | २४५० | ५२५० | ८०० | ५८५० | ९५० |
| **पाठ्यक्रम र पाठ्यसामी** | | | | | | | | | | |
| राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम कार्यान्वयन हुने पाठ्यक्रमको प्रबोधिकरण तथा अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने | १००० | २०० | २०० | २०० | २०० | २०० | २०० | १०० | ५०० | २०० |
| पाठ्यक्रमले तोकेअनुसारका सिकाइ उपलब्धिहरुको प्राप्तिका लागि आवश्यकतामा आधारित विषयगत शिक्षण सहजिकरण तालिम | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ५०० | ० | ८०० | २०० |
| शिक्षक पेसागत सहयोगका लागि कक्षा अवलोकन तथा विज्ञ समूहको गठन तथा परिचालन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ० | ३०० | १०० |
| राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार विद्यार्थीको नियमित मूल्याङ्कन गरी सिकाइमा सुधार ल्याउन कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन पद्दति अवलम्बन गर्ने | १०० | २० | २० | २० | २० | २० | १०० | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयमा सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| शिक्षण सिकाइलाई प्रविधिमैत्री तथा गुणस्तरीय र युगसुहाउँदो बनाउनका लागि शिक्षामा डिजिटल सामग्री एवम् सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने | ६००० | १२०० | १२०० | १२०० | १२०० | १२०० | २५०० | २००० | १००० | ५०० |
| आधारभूत तथा माध्यमिक विद्यालयहरुमा क्रमस पुस्तकालयको स्थापना गर्ने | ५००० | १००० | १००० | १००० | १००० | १००० | ३००० | १००० | १००० | ० |
| कक्षा १ देखि १२ सम्मका सबै विद्यार्थीहरुका लागि समयमै गुणस्तरीय निशुःल्क पाठ्यपुस्तक वितरण गर्ने | ३०००० | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | ० | ० | ० |
| शिक्षण सिकाइमा पाठ्यपुस्तकका अतिरिक्त प्रयाप्त सन्दर्भ सामग्रीको प्रयोगका लागि प्रत्येक कक्षामा बुक कर्नरको व्यवस्था गरी त्यसको शिक्षणमा प्रयोग गर्ने | ४००० | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ० | ० | ० |
| तहगत रुपमा स्थानीय पाठ्यक्रम विकास गरी त्यसको सफल कार्यान्वयन गर्ने | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ० | ० | १५०० | ० |
| शिक्षण सिकाइको माध्यम भाषाका रूपमा मातृभाषाको प्रयोग गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र कार्यान्वयनको अवस्था बुझ्न एव कार्यान्वयनमा देखिएका समस्याहरुको समाधानका लागि समय समयमा सुपरिवेक्षण तथा अनुगमन गरी आवश्यकताका आधारमा पृष्ठपोषण प्रदान गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | २०० | ० | ३०० | ० |
| पाठ्यक्रमको प्रभावकारिता तथा विद्यार्थीको सिकाइ स्तर जाँच गर्नका लागि आवश्यकता अनुसार विभिन्न आवधिक परीक्षा सञ्चालन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | ० | ० | ५०० | ० |
| शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका, शैक्षिक बुलेटिन लगायत सन्दर्भ सामाग्रीको उपलब्धता वृद्धि गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | २०० | ० | २०० | १०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पाठ्यक्रम परिमार्जनका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने | १०० | ० | ० | १०० | ० | ० | ० | ० | १०० | ० |
| **जम्मा** | ५१२०० | १०२२० | १०२२० | १०३२० | १०२२० | १०२२० | ४०८०० | ३१०० | ६२०० | ११०० |
| **शिक्षक व्यवस्थापन र विकास** | | | | | | | | | | |
| प्रचलित शिक्षा ऐन तथा नियमावली अनुरुप विद्यार्थी संख्या, आवश्यकता र विषयको आधारमा शिक्षक नियुक्ति, सरूवा तथा पूर्नवितरण गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विद्यालयमा भएको शिक्षकको अपर्याप्ततालाई पूरा गर्न पालिका अनुदानका दरबन्दीको सिर्जना तथा पदपूर्ति गर्ने | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | १५००० | ० | ३५००० | ० |
| करार तथा विद्यालय स्रोतबाट नियुक्ति हुने शिक्षकहरूको व्यवस्थापनका लागि आवश्यक मापदण्ड तथा कार्यविधि तयार गर्ने | ५० | ५० | ० | ० | ० | ० | ० | ० | ५० | ० |
| शिक्षण पेशाप्रति दक्ष, क्षमतावान तथा व्यक्तिहरुको आकर्षणका लागि प्रोत्साहन मूलक कार्यक्रमहरुको व्यवस्था गर्ने | २५० | ५० | ५० | ५० | ५० | ५० | ० | १०० | १०० | ५० |
| विद्यालयमा शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिबृद्धि गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विद्यालयमा नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न तथा विद्यार्थीको नतिजालाई शिक्षकको कार्यसम्पादन स्तरसँग जोडन उपयुक्त मापदण्डको विकास गर्ने | १०० | १०० | ० | ० | ० | ० | ० | ० | २० | ८० |
| सिकाइ स्तर कमजोर भएका विद्यार्थीहरुका लागि विशेष सहयोगी कक्षाहरु सञ्चालन | १०० | २० | २० | २० | २० | २० | ० | ० | ० | १०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सहयोगी कक्षाले मात्र सिकाइमा सुधार हुन नसक्ने विद्यार्थीहरुका लागि थप उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सबै आधारभूत विद्यालयहरुमा क्रमस पुस्तकालय र पढाइ कुनाको व्यवस्था गर्ने | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | १५०० | ५०० | २०० | ३०० |
| शिक्षकका पेशागत समस्या समाधान तथा अनुभव आदानप्रदान गर्नका लागि हरेक महिनामा १ पटक शिक्षक सिकाइ समूहको बैठक सञ्चालन गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | ० | ० | ३०० | २०० |
| सिकाइलाई खोजमूलक तथा समयसान्दर्भिक बनाउनका लागि सबै माद्यामिक आधारभुत विद्यालयहरुमा ईन्टरनेट सेवाको विस्तार गर्ने | ५०० | १०० | १०० | १०० | १०० | १०० | ० | ० | ५०० | ० |
| शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समयमा बृद्धि गर्नका लागि अनिवार्य रुपमा शिक्षण समय सुधार योजना बनाइ कार्यान्वयन गर्ने | ७५० | १५० | १५० | १५० | १५० | १५० | ७५० | ० | ० | ० |
| विद्यालयमा आधारित सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगका लागि अनुगमन तथा पृष्ठपोषण पद्दतिलाई मजबुत बनाउने | ५०० | १०० | १०० | १०० | १०० | १०० | ० | ० | ५०० | ० |
| **जम्मा** | ५५२५० | १११७० | ११०२० | ११०२० | ११०२० | ११०२० | १७२५० | ६०० | ३६६७० | ७३० |
